# झुल्का

बार्षिक मुखपत्र - २०८२ अङ्क १९ वर्ष ५६

## सम्पादकीय

संघर्ष र सम्भावनाको यात्रामा जिरी माध्यमिक विद्यालय आज गौरवपूर्ण शिखरमा उभिएको छ । २०७२ सालको विनाशकारी भूकम्पले देशभरका हजारौं विद्यालयहरूलाई ध्वस्त पार्दा जिरी माध्यमिक विद्यालय पनि त्यस विपत्तिबाट अछुतो रहन सकेन । एकै क्षणमा ढलेका पर्खाल, चिरिएका छाना र भग्नावशेषबीच विद्यार्थीहरूको भविष्य अन्धकारमय देखिन्थ्यो । तर कठिन परिस्थितिमा पनि शिक्षा रोकिनु हुँदैन भन्ने दृढ संकल्पले विद्यालय परिवारले दशकभर अस्थायी जस्ताको टहरामा कठ्याङ्ग्रिने हिउँदको चिसो सहेर शिक्षा–दीप जलाइरह्यो ।

भूकम्पको घाउ निको पार्ने प्रयासमा अर्को चुनौती आयो,- कोभिड–१९ महामारी । महामारीले विद्यालयको भौतिक संरचना निर्माणमा ढिलाइ गर्यो, तर कठिनाइले नै दृढता जन्माउँछ भन्ने भनाइलाई चरितार्थ गर्दै विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा सुभेच्छुकहरूको निरन्तर प्रयासले आज विद्यालय पुनः नयाँ स्वरूपमा उदाएको छ ।

चिनियाँ सरकारको सहयोगमा बनेको अत्याधुनिक भौतिक संरचनाले विद्यालयलाई पुनर्जन्म दिएको छ । विशाल भवन, सुरक्षित कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, खेलमैदान र छात्रावाससहितको संरचनाले विद्यालयलाई नेपालकै उत्कृष्ट शैक्षिक गन्तव्य बनाउने दिशामा अघि बढाएको छ । यस अवसरमा विद्यालय परिवार चीन सरकारप्रति अन्तर हृदयदेखि हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

आज जिरी माध्यमिक विद्यालय केवल भौतिक संरचनामा मात्र होइन, शैक्षिक गुणस्तरमा पनि नयाँ अध्याय लेख्दैछ । गत वर्षको एस.ई.ई. परीक्षामा सतप्रतिशत नतिजा हासिल गर्नु र कक्षा १२ को उत्कृष्ट नतिजा विद्यालयको प्रतिबद्धता, शिक्षक–विद्यार्थीको अथक मेहनत र अभिभावकहरूको विश्वासको प्रतिफल हो । टाढा र दुर्गम क्षेत्रका विद्यार्थीलाई छात्रावासमा राखी शिक्षाको समान अवसर प्रदान गर्ने व्यवस्थाले विद्यालयलाई अझ समावेशी र आकर्षक बनाएको छ ।

विद्यालयको लक्ष्य संस्कारयुक्त शिक्षा, २१औँ शताब्दीको विज्ञान र प्रविधिमा आधारित गुणस्तरीय शिक्षण–अध्ययन प्रणाली विकास गर्नु हो । आधुनिक पूर्वाधार र नवीनतम शैक्षिक दृष्टिकोणको संयोजनले यहाँ अध्ययन गर्ने विद्यार्थीहरूलाई ज्ञान, सीप र मूल्य–मान्यतासहितको सम्पूर्ण शिक्षा प्रदान गर्नेछ ।

यस गौरवपूर्ण यात्रामा विद्यालयले आफ्नो पूर्व विद्यार्थीहरूलाई पनि विशेष स्थान दिएको छ । प्रत्येक वर्षको वार्षिकोत्सवमा पूर्व विद्यार्थी सम्मान तथा पुनर्मिलन कार्यक्रम आयोजना गरिदै आएको छ, जसले विद्यालय र पूर्व विद्यार्थीबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने छ । उहाँहरूको ज्ञान, सीप र अनुभवलाई विद्यालयको शैक्षिक, भौतिक, व्यवस्थापकीय, उन्नति र प्रगतिमा योगदान पुर्‍याउने अपेक्षा विद्यालयले गरेको छ । जसले विद्यालयलाई अझ सक्षम र प्रतिस्पर्धी बनाउनेछ ।

विद्यालयको ६५औँ वार्षिक उत्सवको अवसरमा प्रकाशित 'झुल्का' ले ५६ वर्षमा १९ औँ सस्करण प्रकाशन गर्ने अभिभारा पूरा भएको छ । 'झुल्का' विद्यालयको शैक्षिक, सांस्कृतिक तथा सामाजिक गतिविधिको प्रतिबिम्ब हो । नवीन आशा र उत्साहको रङ्गमा सजिएर अमूल्य लेख, रचना, आत्मावृतान्त, आत्मानुभूति, नियात्रा, र अनुभवहरुको पोको बोकेर नयाँ संरचना सँगै 'झुल्का' झुल्किनु विद्यालयको गौरवपूर्ण यात्राको प्रतीक बनेको छ ।

अब जिरी माध्यमिक विद्यालय अब केवल शिक्षा दिने संस्था मात्र नभई समाजलाई मार्गदर्शन गर्ने,सक्षम, सामाजिक मूल्य मान्यताको पूर्णपरिपालक, देश र नागरिकप्रति उत्तरदायी बनाउने केन्द्रका रूपमा स्थापित हुनेछ । संघर्षका कठिन दिनहरूलाई पछाडि छोड्दै विद्यालय उज्यालो भविष्यतर्फ दृढतापूर्वक अघि बढिरहेको छ । **जय जिरी माध्यमिक विद्यालय !**

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।



## शुभकामना

२०१७ सालमा स्थापित श्री जिरी माध्यमिक विद्यालय, जिरी -६, दोलखाले आफ्नो ६५ औं वार्षिकोत्सवको अवसरमा आफ्नो विद्यालय एवम् शिक्षासंग सम्बन्धित विभिन्न जानकारीमूलक गतिविधिहरु समावेश गरी वार्षिक मुखपत्र "झुल्का २०८२, अङ्क १९, वर्ष ५६" प्रकाशन गर्न लागेकोमा निकै खुसी लागेको छ।

चीन सरकारको अनुदान सहयोगमा भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न भई हस्तान्तरण समेत भईसकेको यस जिरी माध्यामिक विद्यालयले आर्थिक, भौतिक एवम् शैक्षिक क्षेत्रमा देखापरेका चुनौतीहरुको समाधान गर्दै आजको दिनसम्म आइपुग्दा अनुशासित विद्यार्थी, कर्मशील शिक्षक एवं प्रतिवद्ध अभिभावकहरुको आत्मिय परिश्रम र योगदानबाट गुणस्तरीय पठनपाठनमा आफ्नो गौरव कायम राख्ने प्रयत्न गरेको देखिन्छ। यस मुखपत्रमा समाविष्ट हुने सामाग्रीले शिक्षा सम्बन्धी महत्वपूर्ण जानकारी तथा सूचनाहरु उपलब्ध गराई सुसूचित गराउनेछ भन्ने अपेक्षा गरेको छु। साथै यस किसिमको रचनात्मक कार्यले विद्यालयको शैक्षिक गुणस्तर सुधारमा समेत टेवा पुर्याउने विश्वास लिएको छु। आगामी दिनमा यस विद्यालयले अझ प्रभावकारिता र दक्षताका साथ कार्य सम्पादन गरी विद्यालय शिक्षामा उदाहरणीय संस्थाको रुपमा आफुलाई स्थापित गर्न सकोस भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

अन्त्यमा, यस कार्यमा संलग्न सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रकाशोन्मुख वार्षिक मुखपत्र "झुल्का २०८२, अङ्क १९, वर्ष ५६" पठनीय र सूचनामूलक हुनेछ भन्ने विश्वासका साथ पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

चूडामणि पौडेल
सचिव

मिति: २०८२/८/१९
नेपाल सम्बत् ११४६ थिंल्लागा, प्रतिपदा

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवस्रोत विकास केन्द्र
## शिक्षा विकास तथा समन्वय इकाइ
दोलखा

पत्र संख्या २०८२/८३
च.नं. :

मिति: २०८२/०८/१९

# शुभ-कामना

दोलखा जिल्ला जिरी नगरपालिका वडा नं.-६, जिरी स्थित श्री जिरी माध्यमिक विद्यालय जिरीले ६५ औं बार्षिकोत्सव तथा अभिभावक दिवसका अवसरमा विद्यालयको बार्षिक मुखपत्र 'झुल्का, २०८२' प्रकाशन गर्न लागेको खबर सुन्न पाउदा मलाई अत्यन्त खुसी लागेको छ। भौगोलिक रुपमा अत्यन्त सुन्दर,रमणीय,पर्यटकीय नगरीमा अबस्थित उक्त विद्यालयले त्यस क्षेत्रका जनताका सन्ततिहरुलाई शिक्षाको अवसर दिलाई नगर क्षेत्रका साथै जिल्ला र राष्ट्रिय स्तरमा समेत शैक्षिक क्षेत्रमा पुर्‍याएको योगदान अतुलनीय रहेको छ।

विद्यालयको इतिहास,विद्यालयको बार्षिक प्रतिवेदन, विद्यालय सँग सम्बन्धित शैक्षिक गतिविधिहरु, विभिन्न लेख,रचना र अन्य सूचनामूलक सामाग्री समेत समावेस गरी प्रकाशन हुन लागेको यस बार्षिक मुखपत्र सरोकारवालाहरुको लागि महत्वपूर्ण स्रोत हुने समेत विश्वास लिएको छु।

अन्त्यमा यस महत्वपूर्ण बार्षिक मुखपत्र प्रकाशन गर्न मिहिनेत पूर्वक लाग्नु भएका विद्यालय व्यबस्थापन समितिका पदाधिकारी,प्रधानाध्यापक, सम्पूर्ण शिक्षक,कर्मचारी र विद्यालय परिवार प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

भरतबहादुर भट्टराई
इकाई प्रमुख


# जिरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जिरी, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं.

मितिः २०८२।०८।२५

शुभकामना



जिरी नगरपालिकाको शैक्षिक एवं सामाजिक व्यक्तित्वहरुको प्रयासमा वि.सं २०१७ सालमा स्थापित जिरी माध्यमिक विद्यालय जिरी नगरपालिकाको शैक्षिक गन्तव्यको रुपमा विकसित भइरहेको छ । यस विद्यालयले देश तथा विदेशमा प्रतिस्पर्धा गर्न सक्ने मानव संसाधन उत्पादनमा महत्वपूर्ण योगदान पुरुयाउनुको साथै देशको सामाजिक तथा आर्थिक रुपान्तरणमा योगदान पुऱ्याउँदै आएको छ । वि.सं २०२६ सालदेखि यस विद्यालयको मुखपत्रको रुपमा प्रकाशन हुँदै आएको **"झुल्का"** पत्रिकाले साहित्यिक क्षेत्रमा कलम चलाउन इच्छुक विद्यार्थी, शिक्षक तथा समाजसेवी, शिक्षाप्रेमी र सम्पूर्ण स्थानीय विषयवस्तुको चिनारी सहित प्रतिभा प्रस्फुटन गराउँदै आएको विषय सबैमा अवगतनै छ। यो पत्रिका विद्यालयबाट निरन्तर रुपमा प्रकाशित भइ जिरी नगरपालिकाको स्थानीय प्रतिभा संग्रहको रुपमा विकसित हुने विश्वासका साथ जिरी नगरपालिका तथा मेरो व्यक्तिगत तर्फवाट शुभकामना व्यक्त गर्दछु ।

प्रत्येक वर्ष मंसिर २५ गतेका दिनलाई आफ्नो स्थापना दिवसको रुपमा मनाउँदै आएको यस विद्यालयले एक वर्षमा भए गरिएका सम्पूर्ण आर्थिक, प्रशासनिक, शैक्षिक र व्यवस्थापकीय गतिविधिहरुलाई ६५ औं स्थापना तथा अभिभावक दिवसको अवसरमा अभिभावक तथा सरोकारवालाहरु समक्ष पेश गर्दै सकारात्मक सल्लाह तथा सुझाव लिने कार्यक्रम तय गरेको छ । चिन सरकारको सहयोगमा जिल्लाकै नमूना तथा सुविधा सम्पन्न भौतिक संरचना निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण समेत भइसकेको छ । हस्तान्तरण पश्चात यस विद्यालयले आगामी दिनमा गुणस्तरीय शिक्षामा जोड दिंदै एक उत्कृष्ट विद्यालय सावित गर्न विद्यालय परिवार सफल हुने र यस नगर तथा जिल्लाकै अनुकरण गर्न योग्य शैक्षिक संस्थाको रुपमा विकास गर्दै राष्ट्रिय स्तरमा सफलता र प्रगतिको शुभेच्छा व्यक्त गर्दछु । यस विद्यालयको शैक्षिक विकासमा जिरी नगरपालिका सदैव प्रतिवद्ध रहेको र विद्यालयले आयोजना गर्ने यी र यस्तै कार्यक्रमहरुले विद्यालयको आगामी दिन सफल बनोस् र थप प्रगति तर्फ अधि बढोस् भन्ने अपेक्षा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मित्र बहादुर जिरेल
नगर प्रमुख

# विषय सूची


| क्र.स. | शीर्षक | नाम | पेज नं. |
|---|---|---|---|
| १. | **प्रधानाध्यापकको प्रतिवेदन** | **कुमार जिरेल** | १ |
| २. | जिरी माध्यमिक विद्यालय र यसको भावी कार्यदिशा | केशव कुमार कार्की | १९ |
| ३. | जिरीको शिखरमा हनुमन्ते,पवित्र उत्पत्ति, गौरव र धार्मिक महिमा | टीकाबहादुर खड्का | २२ |
| ४. | स्कुलमा कक्षा ४ देखि कक्षा ७ सम्म अध्ययन गर्दा- | इन्द्रबहादुर खड्का | २५ |
| ५. | केही तिता, केही मीठाः एकाध सम्झनाहरू | टेकबहादुर जिरेल | ३६ |
| ६. | जिरीको सम्झना | सुशीला काफ्ले | ४२ |
| ७. | Snow is History | | ४५ |
| ८. | हिमालको तृष्णासँग हृदयको यात्रा: अन्नपूर्ण र माछापुच्छ्रे आधार शिविर यात्राकथा | खेमराज उपाध्याय | ४७ |
| ९. | मेरी आमा, हाम्री आमा जिरी विद्यालयको एक दिनकी शिक्षिका (स्व. दिलाश्वरी उपाध्याय) | तारा उपाध्याय | ५० |
| १०. | कर्मथलो | सावित्री खड्का | ५४ |
| ११. | शिक्षक | केमिन कार्की | ५५ |
| १२. | मन | ढाल बहादुर खडका | ५६ |
| १३. | पधेरीको पानी मीठो | कमला खड्का | ५७ |
| १९. | सडक दुर्घटना न्यूनीकरणका लागि नीतिगत र कार्यान्वयन तहमा गर्नैपर्ने कामहरू | ई. ज्ञान बहादुर कार्की | ५८ |
| २०. | फर्केर हेर्दा, जिरी स्कुल | ढाकाकुमार बस्नेत | ६१ |
| २१. | Music and Songs, the Breath of Life | DB Jirel Ravi | ६४ |
| २२. | A Childhood Shadow: My Story of Scolionophobia | Shambhu Khanal | ६७ |
| २३. | नेपालमा बैदेशिक मुद्रा विनिमयदर | प्रेमराज पन्त | ७० |
| २४. | आँखीझ्यालबाट चिहाउँदा | नवीन काफले | ७६ |
| २५. | जिरी भित्र लुकेको जिरेश्वरी महादेव मन्दिर | पेमछिरी शेर्पा | ७८ |
| २६. | शैलुङ : प्राकृतिक, धार्मिक र सांस्कृतिक महत्त्वको अनुपम गन्तव्य | अनिशा कार्की | ८० |
| २७. | किन जिरी माध्यमिक विद्यालय नै ? | तेन्जिङ्ग शेर्पा | ८२ |
| २८. | Natural beauty of Jiri Nepal | Muna Bhandari | ८४ |
| २९ | आमा | रामदेवी कार्की | ८६ |
| ३० | छात्रवृत्तिले प्रदान गर्ने हौसला | सजना कार्की | ८८ |
| ३१ | गिरबी | श्रेयांशा जिरेल | ८९ |
| ३२ | सङ्घर्ष र सफलता | मिन्टु शेर्पा | ९० |

# श्री जिरी माध्यमिक विद्यालय

जिरी नपा–६, दोलखाको

## ६५ औं विद्यालय वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहमा प्रस्तुत

## वार्षिक प्रतिवेदन –२०८२



**कुमार जिरेल**
**प्रधानाध्यापक**

यस जिरी माध्यमिक विद्यालयको ६५ औं वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहका सभाध्यक्ष महोदय, कार्यक्रमका प्रमुख अतिथि, विद्यालयका संस्थापकज्यूहरु, सम्पूर्ण राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने अतिथिज्यूहरु, विद्यालय व्यवस्थापन समितिका सदस्यज्यूहरु, शिक्षक अभिभावक संघका पदाधिकारीज्यूहरु, पत्रकार महोदय, आदरणीय अभिभावकज्यूहरु, सहकर्मी शिक्षक साथीहरु र प्यारा विद्यार्थी भाइबहिनीहरु !

सर्वप्रथम यस विद्यालयको ६५ औं वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण अतिथि गणहरुमा विद्यालयको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु । यहाँहरुको यस गौरवमय उपस्थितिले यस समारोहको गरिमा उच्च हुनको साथै हामीलाई थप हौसला तथा ऊर्जा समेत प्राप्त भएको छ । आज विद्यालय, स्थापनाको ६४ वर्ष पूरा गरी ६५ औं वर्षमा प्रवेश गर्दै छ । यस अवसरमा, विद्यालयको यो ६४ वर्षको अवधिमा विद्यालयलाई आजको यस अवस्थासम्म ल्याउनका लागि विशेष योगदान पुऱ्याउनु हुने विद्यालयका संस्थापकज्यूहरु, पूर्व शिक्षक, पूर्व विद्यार्थी तथा विद्यालयप्रति समर्पित शैक्षिक महानुभावहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

आज ६५ औं विद्यालय वार्षिकोत्सब समारोह मनाइ रहेका छौं । यस वर्ष विद्यालयले भौतिक रुपमा नयाँ र अत्याधुनिक भौतिक संरचना प्राप्त गरेको छ । भौतिक संरचनाको यस परिवर्तनका लागि चिनियाँ सरकार र नेपाल सरकारप्रति हार्दिक धन्यवाद् प्रकट गर्दछु । विद्यालयको यस समारोहमा विद्यालयका संस्थापकज्यूहरु, पूर्व शिक्षक, अभिभावकज्यूहरु लगायत विद्यालयको व्यवस्थापनमा निकट रही विद्यालयको उन्नयनमा सदैव लागिरहने शिक्षाप्रेमीहरुबाट प्राप्त सकरात्मक प्रयासले आगामी शैक्षिक यात्रा अत्यन्तै उच्च र नमुनायोग्य बन्ने छ भन्ने विश्वास जागृत भएको छ । यहाँहरुको विश्वास माया सदभाव, समन्वय र सकरात्मक प्रेरणाले मात्र यस विद्यालय हामी सबैको

विद्यालय बन्ने छ । त्यसैले तपाईँ अग्रजज्यूहरुको योगदानप्रति सदैव सङ्कल्पित छौँ । यहाँहरु नै यस विद्यालयका निधि हुनुहुन्छ र यहाँहरु सम्मिलित विद्यालय परिवार नै समग्र विद्यालय परिवार हो भन्ने हाम्रो स्पष्ट मान्यता रहने छ । यसै मान्यताको निरन्तरताबाट नै विद्यालयको सार्वाङ्गीण विकासको आभा फैलिने छ । तसर्थ श्रद्धेय पूर्वजहरुप्रति यस अवसरमा उच्च सम्मानभाव प्रकट गर्दछु । साथै विद्यालयमा अध्ययनरत छात्रछात्राहरुलाई आर्थिक अभावका कारण उनीहरुको अध्ययनमा कुनै असर नपरोस् भन्ने ध्ययेका साथ छात्रवृत्तिकोषमा योगदान गर्नुहुने सम्पूर्ण अक्षयकोष दाताहरुप्रति समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

विद्यालय वार्षिकोत्सब समारोह विद्यालयलाई जीवन्त राख्ने अनिवार्य क्रियाकलाप हो भन्ने तथ्यलाई हृदयङ्गम गरी कार्यक्रम निरन्तरताको प्रयास गरिएको छ । यस अवसरमा विद्यालयका वार्षिक गतिविधिहरुको जानकारी अभिभावकज्यूहरु समक्ष पुऱ्याउने सुअवसर विद्यालयले प्राप्त गर्दछ । यसले हामीलाई तपाईं अभिभावकज्यूहरुप्रति अझ जिम्मेवार र उत्तरदायी बन्न प्रेरित गर्दछ । यही निरन्तरता र  आगामी दिनमा नवीन दिशानिर्देशका लागि हामीलाई यो अवसर महत्वपूर्ण हुने गर्दछ ।

आदरणीय अभिभावकज्यूहरु,

हाम्रो विद्यालयको भौतिक संरचनाहरु २०७२ को भूकम्पबाट नष्ट भएका थिए । तपाईँ हामी सबैको परिकल्पना अत्याधुनिक सुविधा सम्पन्न भौतिक संरचना रहेको थियो । यस अभिलाषाको प्रतीक्षाको अवधि हाम्रा लागि निकै कष्टकर नै भए तापनि आज हाम्रो भौतिक पूर्वाधारको त्यो चाहना पूरा भएको छ । वि.सं. २०८० बैशाख ४ गते माननीय शिक्षा मन्त्री श्री अशोक कुमार राईको प्रमुख आतिथ्यतामा भौतिक पूर्वाधार निर्माण कार्यको शिलान्यास गरी  China 19th Metalurgical  कम्पनीले निर्माण कार्य २०२३ मार्चबाट सुरुवात गरेको विद्यालय भौतिक पूर्वाधार निर्माण कार्य २०२५ को जुलाईमा कम्पनीद्वारा निर्माण सम्पन्न गरी यही २०८२ आश्विन ३० गतेका दिन चिनियाँ सरकारबाट नेपाल सरकार समक्ष हस्तान्तरण गरिएको छ । यो हामी सबैका लागि गौरवको विषय हो ।  विद्यायलयको यस पूर्वाधार निर्माण  र हस्तान्तरण कार्यलाई साकार बनाउन प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबैप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

आदरणीय अभिभावकज्यूहरु,

अब म यस  विद्यालयले शैक्षिक सत्र २०८२ मा विद्यालयको वर्तमान अवस्थाको संक्षिप्त झलक पेश गर्ने अनुमति चाहन्छु ।

## विद्यालयको वर्तमान अवस्था

विद्यार्थी विवरण शैक्षिक सत्र २०८२

| CLASS | Girls | Boys | Total |
|---|---|---|---|
| ECD | 14 | 10 | 24 |
| LKG | **8** | **7** | 15 |
| UKG | **16** | **12** | 28 |
| ONE | **10** | **8** | 18 |
| TWO | **9** | **15** | 24 |
| THREE | **16** | **8** | 24 |
| FOUR | **15** | **9** | 24 |
| FIVE | **12** | **17** | 29 |
| SIX Nepali Section | 7 | 13 | 20 |
| SIX English Section | **13** | **4** | **17** |
| SEVEN Nepali Section | **15** | **12** | **27** |
| SEVEN English Section | **10** | **13** | **23** |
| EIGHT Nepali Section | **12** | **11** | **23** |
| EIGHT English Section | 9 | 2 | 11 |
| NINE A Section | **11** | **17** | **28** |
| NINE B Section | 15 | 13 | 28 |
| TEN | **14** | **14** | 28 |
| ELEVEN | 26 | 29 | 55 |
| TWELVE | **39** | **22** | 61 |
| Total | | | |

## शैक्षिक सत्र २०८१ विद्यालयको औषत शैक्षिक उपलब्धि जिपिए

| कक्षा | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक |
|---|---|---|---|---|---|
| ECD | 3.10 | 3.20 | 2.70 | | |
| LKG | 3.09 | 3.17 | 3.26 | 3.22 | 3.21 |
| UKG | 3.07 | 2,53 | 3.02 | 2.73 | 3.07 |
| ONE | 2.99 | 2.92 | 2.80 | 2.56 | 3.27 |
| TWO | 3.16 | 2.80 | 3.12 | 2.85 | 2.4 |
| THREE | 2.80 | 2.40 | 2.68 | 2.60 | 3.20 |
| FOUR | 2.91 | 2.68 | 2.75 | 2.91 | 2.7 |
| FIVE | 2.82 | 2.87 | 2.24 | 2.72 | 3.05 |
| SIX | 2.61 | 2.69 | 2.15 | 2.70 | 2.90 |
| SEVEN | 2.57 | 3.02 | 2.25 | 2.55 | 2.90 |
| EIGHT | 3.21 | 2.77 | 2.80 | 2.98 | 3.13 |
| NINE | 2.91 | 2.65 | 2.54 | 2.62 | 2.70 |
| SEE 2081 | 3.60 | 3.64 | 3.60 | 3.36 | 3.38 |

### शिक्षक कर्मचारी व्यवस्थापनको स्थिति:

यस विद्यालयमा बालकक्षा देखि १२ सम्म अध्ययन अध्यापन कार्यमा संलग्न शिक्षक, शिक्षिका तथा कर्मचारीहरुको सङ्ख्या जम्मा ३० जना रहेको छ। जसको विवरण निम्नानुसार रहेको छ :

| तह | सरकारी | निजी | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | पूर्णकालिन | आंशीक | | |
| आधारभूत तह | १४ | – | – | १४ | |
| मा.वि. तह | ८ | १ | – | ९ | |
| स्टाफ नर्स | १ | – | – | १ | |
| लाइब्रेरियन | | १ | | १ | |
| अन्य कर्मचारी | २ | ४ | – | ६ | |
| बालकक्षा सहयोगी | १ | १ | – | २ | |
| बस चालक | | १ | | १ | |
| जम्मा | २६ | ८ | – | ३४ | |

माथि उल्लिखित भौतिक स्रोत साधन, जनशक्ति तथा विद्यार्थी संख्या आदि सबैलाई मध्येनजर राख्दै, उपलब्ध स्रोत र साधनको अधिकतम् परिचालन गरी अधिकतम् उपलब्धि प्राप्त गर्न विद्यालय सदैव प्रयत्नशील रहेको व्यहोरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु ।

आदरणीय अभिभावकज्यूहरु,

कक्षा १० को अन्तमा लिइने एस.इ.इ.परीक्षा तथा कक्षा १२ को एसएलसीई परीक्षाको नतिजालाई उत्कृष्ट बनाउने प्रयत्नस्वरुप यस वर्ष २०८१ मा सामुदायिक विद्यालयमा सतप्रतिशत उत्तीर्ण गराउन सफल भई जिल्लाकै उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएको विषय जाहेर गर्न पाउँदा गौरव महशुस भएको छ। साथै कक्षा १२ को परीक्षाको नतिजा पनि उत्कृष्ट रहेको छ। यस नतिजा प्राप्त गराउनका लागि कटिबद्ध भई लागि पर्ने लगनशील विद्यार्थी, अनवरत खटिनु हुने मिहेनती शिक्षक, विव्यस तथा सहयोगी अभिभावकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

एसइइ कक्षा १० –२०८१ र एसएलसीई कक्षा १२ परीक्षा २०८२ को नतिजा

| क.सं. | GPA | एस.ई.ई कक्षा १० |
|---|---|---|
| १ | ३.६१ – ४.० | ६ |
| २ | ३.२१ – ३.६ | १७ |
| ३ | २.८१ – ३.२ | १५ |
| ४ | २.४१ – २.८ | १ |
| ५ | २.०१ – २.४ | |
| ६ | १.६ – २.० | |
| **जम्मा** | | ३९ |

साथै एसएलसीई (कक्षा १२) मा जना ६९ विद्यार्थीहरु सम्मिलित गराइएकोमा ६८ जना अर्थात ९८.५५ प्रतिशत) ले कक्षा १२ को योग्यता पूरा गर्न सफल भएका छन् ।

यस विद्यालयबाट वि.सं. २०२५ सालबाट हालसम्म १९३७ जनाले एसएलसी , ५९२ जनाले एसइइ र १५१२ जनाले कक्षा १२ उत्तीर्ण गरी सकेका छन् ।

## शैक्षिक सत्र २०८१ मा शैक्षिक सुधारका लागि सम्पादन गरिएका कार्यहरु

### १. व्यवस्थापकीय अवस्था

- आ.व.२०८१/८२ मा विव्यसको जम्मा १७ पटक बैठक बसी विद्यालय सञ्चालनका सम्बन्धमा विविध नीतिगत निर्णयहरु गर्नको साथै यसको कार्यान्वयनका लागि विशेष पहलकदमी लिएको छ ।

- शिअसंको जम्मा ३ पटक बैठक बसी सिकाइ गुणस्तर सुधारका विषयमा छलफल तथा अन्तर्क्रिया गर्नुका साथै सामाजिक परीक्षणको कार्य सम्पन्न गरिएको छ ।
- विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको जम्मा ११ पटक बैठक बसी विद्यालय सञ्चालनका सम्बन्धमा विविध निर्णयहरु गरिएका छन् ।
- शिक्षक अभिभावकहरुबीच अन्तरर्क्रियाका लागि कक्षागत रुपमा अभिभावकसँग बसी विद्यार्थीहरुको पठनपाठनको विषयमा छलफलहरु गरिएका छन् ।
- विद्यालय नर्सिङ सेवा सञ्चालन भैरहेको छ । साथै नेपाल सरकार मार्फत निशुल्क प्राप्त सेनेटरी प्याड छात्राहरुलाई वितरण कार्य निरन्तररुपमा भइरहेको छ । विद्यार्थीहरुका सामान्य स्वास्थ्य समस्या समधान भई नियमित कक्षामा विद्यार्थी उस्थिति दर वृद्धि भएको छ ।
- समयमा नै सामाजिक परीक्षण कार्य सम्पन्न गरी अभिभावक भेलामा प्रस्तुत गरिएको छ ।
- गत शैक्षिक सत्रमा कूल २३० दिन विद्यालय खुल्यो भने परीक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप आदि कटाएर खुद १९२ दिन पठनपाठन सञ्चालन भयो ।
- कक्षा ९ र १० का विद्यार्थीहरुका अतिरिक्त कक्षाका साथै कक्षा १० का लागि आवासीय कक्षाको  व्यवस्थापन गरियो ।
- छैटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता नगरपालिकास्तरीय र जिल्लास्तरीय कार्यक्रम विद्यालयको व्यवस्थापनमा सम्पन्न गराइयो ।
- जिरी नगरपालिकाबाट प्राप्त, अन्य विभिन्न निकाय संघसंस्थाहरु, समाजसेवी व्यक्तिहरुसँग समन्वय गरी विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरियो ।
- विद्यालयमा बाल मैत्रीपूर्ण वातावरणको सिर्जनाको प्रयत्न गरियो ।
- नेपाल सरकारको अनुदान प्राप्त भई आएको पाठ्यपुस्तक निशुल्क वितरण  गरिएको छ ।
- बाल कक्षादेखि कक्षा १० सम्मका विद्यार्थी पोषणयुक्त खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिएको छ ।
- सहयोगी संस्था कल्स ओवररिजेज र अन्य सहायोगी संस्था तथा दाताहरुको सहयोगमा पुस्तकालय व्यवस्थापन गरी विद्यार्थीहरुलाई नियमित पुस्तक अध्ययनको वातावरण मिलाइएको ।
- **ECD** देखि कक्षा ८ सम्म अङ्ग्रेजी माध्यमबाट शिक्षणको व्यवस्थापन गरियो।  कक्षा ६ बाट नेपाली र अंग्रेजी दुबै माध्यमका एक एक सेक्सनका कक्षाहरु सञ्चालन गरिएको । आगामी वर्ष कक्षा ९ मा अंग्रेजी माध्यमका कक्षा सञ्चालन हुने ।

- कक्षा ११ र १२ मा विगतमा सञ्चालन भएको विज्ञान संकायका कक्षा केही समय विद्यार्थी अभावका कारण सञ्चालन नभएकोमा यस वर्षबाट विद्यार्थी भर्ना गरी पुनः सञ्चालन गरियो साथै उक्त विद्यार्थीहरुलाई आवासीय सुविधा सहितको निशुल्क कक्षा सञ्चालन भएको छ ।
- तल्लो कक्षामा कक्षा शिक्षण पद्दति र माथिल्लो कक्षाहरुमा विषयगत शिक्षण कक्षा अनुसार शिक्षकको व्यवस्थापन गरिएको ।
- तहगत इञ्चार्जको व्यवस्था गरिएको ।

२. **सिकाइ सुधार कार्यक्रमः**

- वार्षिक शैक्षिक क्यालेण्डर निर्माण र वितरण गरियो ।
- डिजिटल र निर्मित शैक्षिक सामग्री सहितको कक्षा अभियान सञ्चालन भइरहेको छ ।
- कक्षागत डायरी (लगबुक) को प्रयोग (शिक्षकले कक्षाकोठामा बिताउन समय तथा क्रियाकलाप मापन) गरिएको छ ।
- शिक्षकहरुका लागि शैक्षिक योजना डायरीको व्यवस्थापन गरिएको छ ।
- शिक्षकहरुलाई विशिष्ट र व्यावहारिक रुपमा कार्य विभाजन गरी जिम्मेवार तोकिएको छ ।
- प्रधानाध्यापक तथा विषय समितिको संयोजकहरुको समिक्षा बैठक बस्ने गरेको छ ।
- कक्षा १० लाई विगत वर्षहरुमा झैं अतिरिक्त कक्षाको व्यवस्था गरिएको छ ।
- विद्यार्थीहरुको कक्षागत सक्रियतालाई प्रभावकारी बनाउन मूल्याङ्कन बक्स (मन्जुषा) को व्यवस्था गरी कक्षागत विद्यार्थी मूल्याङकनको व्यवस्थापन गरिएको छ ।
- एसईई परीक्षा २०८१ मा सतप्रतिशत उत्तीर्ण विद्यार्थी र शिक्षकहरुलाई सम्मान गरिएको छ ।
- आधुनिक प्रविधियुक्त सिप आर्जनका लागि शिक्षकहरुमा AI को प्रयोग सम्बन्धी तालिम प्रदान गरिनुका साथै पेशागत तालिममा संलग्न गरिएको छ ।

३. **दिवा खाजा व्यवस्थापनः**

- ECD देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई नेपाल सरकारबाट प्राप्त प्रति विद्यार्थी रु. १५ को दिवा खाजा कार्यक्रम अन्तर्गत सो तहका विद्यार्थीहरुलाई विद्यालयमा नै खाजा तयार पारी खुवाउने व्यवस्था गरिएको । साथै कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुलाई कर्ल्स ओभररिजेज नेपाल, जिरी नगरपालिका र अभिभावकको साझेदारीमा खाजा खुवाउने व्यवस्था गरिएको छ ।

- दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न शिक्षकहरुलाई जिम्मेवारी तोकिएको ।
- सबै शिक्षक/शिक्षिकाहरुलाई पनि विद्यार्थीसँगै खाजा खाने व्यवस्था गरिएको ।
- दैनिक कार्यतालिका बनाइ सो अनुसारको खाजा व्यवस्थापन गर्ने गरिएको ।
- पत्रु (जङ्क) खानालाई पूर्णरुपमा निषेध गरिएको ।
- हप्ताको ६ दिन नै फरक फरक मेनुअनुसारको खाजा व्यवस्था गरिएको ।

**४. अतिरिक्त क्रियाकलापः**

- शिक्षकको संयोजकत्वमा विद्यार्थीहरुको खेलकुद समिति गठन गरी प्रतियोगिता सञ्चालन गरिएको ।
- बाल क्लब, हरित बाल उद्यान क्लब, जुनियर रेडक्रस गठन गरी क्रियाकलाप सञ्चालन गरिएको ।
- विद्यालय स्वास्थ्य इकाईलाई सक्रिय बनाइ स्वास्थ्यसँग सम्बन्धित चेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको।
- नियमित रुपमा सञ्चालन गरिने साप्ताहिक अतिरिक्त क्रियाकलापलाई क्षेत्रगत रुची समूह वर्गीकरण गरी नियमित सञ्चालन गरिएको ।
- झुल्का भित्ते पत्रिकाको नियमित प्रकाशन व्यवस्था गरिएको ।

**५. प्रार्थना सभा व्यवस्थापनः**

- दैनिक ९:४० बजे प्रार्थना सभा बस्ने गरेको ।
- दैनिक राष्ट्रिय गान, नगर गान तथा अन्य प्रस्तुति (समाचार, Thought of the Day, Quiz) हुने गरेको ।
- सबै शिक्षकहरु अनिवार्य उपस्थित हुनुपर्ने व्यवस्था कार्यन्वयन भएको ।
- प्रार्थना सभामा महत्वपूर्ण सूचनाहरु प्रवाह गर्ने गरिएको ।

**६. विद्यार्थी प्रोफाइल**

कक्षा ४–१० सम्मका प्रत्येक विद्यार्थीहरुले स्वयम् (आफ्नो परिचय, परिवारको सदस्यहरुको परिचय, बाबु–आमा तथा पारिवारिक अवस्था, आफ्नो गाउँ, नयाँ विद्यार्थी भए अघिल्लो विद्यालयको परिचय, आफ्नो पढाइको अवस्था, आफ्नो रुची, भविष्यको योजना आदि) का बारेमा विद्यालयले उपलब्ध गराएको कागजमा निबन्ध लेख्न लगाइएको र सो निबन्धलाई

फाइलमा अभिलेखको रुपमा कक्षा शिक्षकले राख्ने गरिएको छ भने बाल कक्षादेखि सबै विद्यार्थीहरुको व्यक्तिगत प्रोफाइल कायम गरिएको छ ।

**७. विद्यार्थी मूल्याङ्कनः**

- विद्यार्थी मूल्याङ्कनका निमित्त  मूल्यांकन समितिले कार्य सम्पन्न गर्ने गरिएको ।
- निरन्तर मूल्याङ्कन (ECD देखि कक्षा ३ सम्म)   एकीकृत पाठ्यक्रमअनुसार मूल्याङ्कन पुस्तिकाको व्यवस्थापन गरी लागू गरिएको ।
- विद्यार्थी पोर्टफोलियो राख्नुका साथै निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रुपमा अवलम्बन गरिएको ।
- आन्तरिक मूल्याङ्कनलाई पाठ्यक्रमको मर्मअनुसार लागू गर्न प्रयत्न गरिएको ।
- एकाइ परीक्षाको व्यवस्था गरी विद्यार्थी मूल्यांकन कार्य गर्ने गरिएको ।
- प्रत्येक आवधिक (त्रैमासिक) परीक्षाको नतिजा प्रकाशन कार्यतालिका अनुसार गर्ने गरिएको ।
- निरन्तर मूल्याङकनका लागि एकीकृत पाठ्यक्रमको मर्म अनुरुप मूल्याङ्कन पुस्तिकाको व्यवस्था गरियो ।

८. **आ.ब. वर्ष २०८१/०८२ मा सम्पन्न  गरिएका केही प्रमुख भौतिक कार्यहरु :**

- बागमती प्रदेश सरकारबाट  रु १७,०२,०८०। प्राप्त सभाहल घेराबार र रंगरोगन  गरिएको छ ।
- बागमती प्रदेश सामाजिक विकास कार्यालय धुलिखेलबाट सिक्दै कमाउँदै कमाउँदै सिक्दै कार्यक्रमका लागि ६,००,०००। प्राप्त गरी कार्य सञ्चालन गरिएको छ ।
- जिरी नगरपालिकाको रु ३,७३,२३२। अनुदान प्राप्त विद्यालयमा छिपुङ – जिरीमावि खानेपानी मुहान व्यवस्थापन गर्नुका साथै खानेपानी सप्लाई मर्मत कार्य गरिएको छ ।
- ग्रिन तारा नेपालको रु ५०,०००। सहयोगमा विद्यालयमा ह्याण्डवास सेन्टर निर्माण गरिएको छ ।
- पुस्तकालयको व्यवस्थापनलाई अझ व्यवस्थित बनाउने र पुस्तक संग्रह गरी पुस्तकालयमा पहुँच समुदाय समक्ष पुऱ्याउन समुदायका मानिसहरुलाई सदस्य बनाई सहभागिता वृद्धि गरिएको छ ।

## ९. आर्थिक व्यवस्थापनः

विद्यालयको वार्षिक आयव्यय विवरणलाई चुस्त दुरुस्त राखी समयमा नै सामाजिक परीक्षण समितिबाट सामाजिक परीक्षण गराइएको छ । सामाजिक परीक्षण समितिले तयार पारेको आव **२०८१/०८२** को कुल आम्दानी र खर्चको विवरण गरिएको छ भने रजिष्टर्ड लेखापरीक्षकबाट लेखापरीक्षण गराइ अभिलेख व्यवस्थापन गराइने छ ।

**आय–व्यय विवरण** आ.व.२०८१/०८२

| आम्दानी सं नं | आय विवरण | रकम | खर्च सं नं | व्यय विवरण | रकम |
|---|---|---|---|---|---|
| | अल्या मौज्दात (अनुसुची १ बाट) | १०१६८३८१।६५ | | **सशर्त चालू खर्च** | |
| १३३१२ | सशर्त चालु अनुदान जिरी नपा | | २१११११ | **शिक्षक कर्मचारी पारिश्रमिक (तलव भत्ता )** | १८९९६३४८।७० |
| | विद्यालय शिक्षक तथा कर्मचारी तलबभत्ता | १५१८६२३३।६० | | **पुजिगत अनूदान** | |
| | पाठ्यपूस्तक | ३१५८७५।०१ | ३१११३ | **खानेपानी योजना तथा निर्माण** | ३७३९६०।०० |
| | छात्रवृत्ति | २५६००।०० | २२२३१ | **निर्मित संरचना निर्माण मर्मत सुधार** | १८२५०४०।०८ |
| | विद्यालय संञ्चालन | ३००००।०० | ३१११३ | **सिक्दै कमाउदै कार्यक्रम टनेल निर्माण** | ५०२२८६।०० |
| | विद्यालय सुधार योजना | २००००।०० | २२३११ | **साउण्ड सिस्टम र संगीत सामग्री** | १००७७४।०४ |
| | लेखा परीक्षण | १५०००।०० | २२४१२ | **कम्प्युटर ल्याब मर्मत तथा खरीद सामग्री** | ३८७०।०० |
| | इन्टरनेट खर्च | २००००।०० | | **प्रशासनिक तथा विविध** | |
| | कार्य सम्पादनमा उत्कृष्ट विद्यालय अनुदान | ३०००००।०० | २२१११ | **पानी, विद्युत सञ्चार कार्यालय सामग्री मसलन्द** | २८०९१०।२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षण सामग्री लागत अनुदान ECD–12 | १२३०५०।०० | २२३१३ | **पाठ्यपुस्तक खरिद** | ४६७१९९।०४ |
| | ReAL Plan | ६४३६८।०० | २२३१५ | **पत्रपत्रिका, छपाइ तथा सुचना प्रकाशन** | ९७०००।०० |
| | दिवा खाजा | ६४८९००।०० | २२५११ | **विद्यार्थी तथा शिक्षक कर्मचारी तालिम** | ६२५४०।०० |
| | राष्ट्रपति कपमा सहभागी बापत | ३९३९९।०० | २२५२१ | **उत्पादन सामग्री सेवा** | ५२३४३१।४० |
| | जिरी न.पा.बस संञ्चालन तथा मर्मत | २२२९३९।०० | २२७११ | वार्षिकोत्सव, अतिथिसत्कार लगायतका विविध कार्यक्रम सञ्चालन तथा विविध | ४३६५००।९६ |
| १३३१३ | सशर्त पुजिगत अनुदान बागमती प्रदेश, जिरी नपा र ग्रिन तारा | २७२५३५२।०० | | छात्रवृत्ति | ३१२८००।०० |
| | बिक्री तथा सहयोगबाट | | | दिवा खाजा | ११७३३०६।०० |
| १४२१२ | सरकारी सम्पतिको बिक्रीबाट हुने आय (टहरा तथा कबाडी) | ६२२५५०।०० | | लेखा परीक्षण | २८६१०।०० |
| १४२१३ | बिक्रीबाट हुने आय(कापी, ट«याक, टाइ आदि) | २६००५०।०० | | विद्यार्थी तथा शिक्षक सम्मान कार्यक्रम | ९५५२५।०० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी (अन्य प्रशासनिक शूल्क सहित) | २६१९०५०।०० | | विद्यालय बस सञ्चालन | १०३५४६१।६२ |
| १४४११ | चालु हस्तान्तरण | | | विद्यालय स्वास्थ्य सेवा | १२७५०।०० |
| | राष्ट्रिय परीक्षा बोर्ड कक्षा १२ को परीक्षा संञ्चालन | ८६६८७५० | | संस्थापक लिलाबहादूर कप खेलकूद सञ्चालन | ३०७५४०।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | राष्ट्रपति शिल्ड प्रतियोगिता सञ्चालन नगर तथा जिल्ला जिनपा | १२०३९२४।०० | | राष्ट्रपति कप जिल्ला तथा नगर सञ्चालन | १२०१२८४।०० |
| | लिला बहादुर कप नगद तथा सामग्री प्राप्ति | ३०७५४०।०० | | खेलकुद सहभागिता | ६७०५५।०० |
| | विभिन्न सहयोगी संघसंस्था तथा पुरस्कार समेत | १६२४५८७।०० | | रजिष्ट्रेशन तथा परीक्षा | ३३१९५०।०० |
| | दिवा खाजा तथा बस अभिभावकबाट | १०६३०४५।०० | | पुस्तकालय धरौटी फिर्ता | ३०००।०० |
| | सभाहल भाडा | १३५००।०० | | विविध बैंक तथा सहकारी ब्याज कर | ५२७२९।७४ |
| | फ्रेण्डसिप साकोस ब्याज आम्दानी | ६७९४६४।०० | | जिन्सी सामान (अनुसूची १०) | ८६०५२०।०० |
| | ~~जिन्सी सामान (अनुसूची १०)~~ | ८६०५२०।०० | | बैंक मौज्दात (अनुसुची १ बाट) | १००९३६२३।९३ |
| | जम्मा कूल रकम | ३९२४६०१५।७६ | | जम्मा कुल रकम | ३९२४६०१५।७६ |

आ.व. २०८०/८१ मा जिरी नगरपालिकाबाट प्राप्त अनुदान, विद्यालयको आन्तरिक शुल्क आम्दानी तथा भौतिक निर्माण तथा नियमित अनुदानभन्दा बाहेक अन्य सहयोगी संघसंस्था तथा व्यक्तिगत दाताहरुबाट प्राप्त भएको महत्वपूर्ण सहयोगहरु निम्नानुसार रहेको छ ।

| क.सं. | विवरण | रकम रुपैयाँ |
|---|---|---|
| १. | संस्थापक श्री लिलाबहादुर कार्की अन्तर मावि भलिबल रनिङ शिल्ड प्रतियोगिता सञ्चालनार्थ श्री माधाव कुमार कार्कीबाट शिल्ड, ट्रफी, मेडल र खेल सामग्री सहित | ३,०७,५४० |
| २. | करुणास्मृति छात्रवृत्ति वितरणका लागि प्राप्त | ५,०००। |
| ३. | Calls Over Ridges Nepal बाट छात्रवृत्ति बचत कोष जम्मा | ९०,०००। |
| ४. | Calls Over Ridges Nepal बाट दिवा खाजा तथा शिक्षक सहयोग | ७,३८,६१४। |
| ५. | Hamro Palo सहयोगी संस्थाबाट कक्षा ११ को विज्ञान अध्ययनकर्ता विद्यार्थी छात्रावास छात्रवृत्तिका लागि | ५,००,०००।०० |
| ६ | असल मित्र नेपालबाट नर्सरीदेखि कक्षा १२ सम्मका विद्यार्थीका लागि पोशाक ट्र्याकसुट तथा स्टेशनरी वितरण | १०,१६,५००। बराबरको |
| ७ | हाल बेलायत निवासी विद्यालयका पूर्व विद्यार्थी केदार सुनुवार लगायतबाट पुस्तकालयका लागि पुस्तक खरिद सहयोग | |
| ८ | ग्रिन तारा नेपाल लगायतका गैर सरकारी संस्थाहरुबाट शैक्षिक सामग्रीहरु प्राप्त । | |

सहयोगी मनकारी संस्था तथा दाताहरु सबैप्रति हार्दिक धन्यवाद् ।

**१०. छात्रवृत्ति कोषको व्यवस्थापनः**

आदरणीय सभाध्यक्ष महोदय तथा अभिभावकज्यूहरु

आर्थिक वर्ष २०८१/०८२ मा नेपाल सरकारबाट प्राप्त छात्रा छात्रवृत्ति कक्षा (१–८) लाई वितरण गरिएको छ । यसका साथै विद्यालयप्रतिको निकटतम् सम्बन्ध राख्न चहाने पूर्व विद्यार्थी, शिक्षक र शिक्षाप्रेमी मनकारी दाताहरुबाट २०८१ मंसिर २५ गते र २०८२ जेठ १६ गतेका दिन विद्यालयको छात्रवृत्ति कोषमा जम्मा भएको रकम र त्यसबाट प्राप्त व्याजबाट कोषको कार्यविधिमा उल्लेख भएअनुसार विद्यार्थीहरु छनौट गरी छात्रवृत्ति प्रदान गरिएको छ । जसको विवरण झुल्का पत्रिकाको अन्तिम पृष्ठमा सूचीबद्ध गरिएको छ । यस सन्दर्भमा विद्यालयका तर्फबाट छात्रवृत्ति कोषका सम्मानित व्यक्तित्व तथा संस्थाहरुप्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्न चाहन्छु ।

## ११. आन्तरिक नीतिगत व्यवस्थापन

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट जारी ऐन, नियमावली तथा कार्यविधिहरुको अतिरिक्त विद्यालय सञ्चालनका लागि निम्न कार्यविधि तयार गरी कार्य सञ्चालनमा ल्याइएको छ।

- "जिरी माध्यमिक विद्यालय छात्रवृत्ति कोष व्यवस्थापन तथा बितरण कार्यविधि, २०७८" कार्यान्वयनमा ल्याइ निरन्तर रुपमा छात्रवृत्तिकोषमा रकम जम्माका लागि अनुरोध गरी कोष मजबुत बनाउने प्रयास गरिएको छ।
- पदमकुमारी छात्रा छात्रवृत्तिलाई व्यवस्थित गर्न पदमकुमारी छात्रा छात्रवृत्ति व्यवस्थापन तथा वितरण कार्यविधि २०७८ तयार गरी कार्यान्वयन अघि बढाइएको छ।
- संस्थापक श्री लिलाबहादुर कार्की अन्तर मावि भलिबल रनिङ सिल्ड प्रतियोगिता २०७९ कार्यविधि संशोधन गरी भलिबल खेल प्रतियोगिता नियमित सञ्चालन गरिएको छ।
- जिरी माध्यमिक विद्यालय पुस्तकालय सञ्चालन कार्यविधि २०७९ तयार गरी पुस्तकालय व्यवस्थापन गरिएको छ।
- जिरी माध्यमिक विद्यालय छात्रावास सञ्चालन कार्यविधि २०८२ तयार गरी छात्रावास सञ्चालन गरिएको छ।

## १२. विविधः

- शिक्षक कार्यकक्षमा दैनिक विद्यार्थी हाजिरी तथा गयल विद्यार्थीको विवरण राख्ने व्यवस्था मिलाइएको।
- वार्षिक बजेट निर्माण गरी कार्यान्वयन गरिएको
- खरिद समिति गठन गरी विद्यालयको सामग्री खरिद कार्यलाई व्यवस्थित बनाइएको

**उपर्युक्त प्रयास गर्दागर्दै पनि विद्यालयका सामु अनेकन समस्याहरु विद्यमान रहेका छन्। विद्यालयका सामु रहेका केही प्रमुख समस्या तथा चुनौतीहरु निम्नानुसार छन् :-**

क. विद्यालयको भौतिक पूर्वाधारको समुचित व्यवस्थापन, सरसफाइ र मर्मत ।

ख. सेवा क्षेत्रमा विद्यालय उमेरका जनसंख्या घट्दै गई विद्यार्थी संख्या घट्दै जानु।

ग. विद्यालयको आर्थिक अवस्था मजबुत नहुनु।

घ. विद्यालयमा अभिभावकहरुको सक्रियता र चासो कम हुनु।

ङ. कक्षा ११ र १२ मा विद्यार्थी अध्ययन गर्ने विद्यार्थी सहर केन्द्रित हुने प्रवृत्ति बढनु।

## आगामी कार्यक्रमः

आदरणीय सभाध्यक्ष महोदय तथा अभिभावकज्यूहरु

विद्यालयको उन्नति प्रगति भन्नु नै विद्यालयमा अध्ययनरत बालबालिकाहरुको शैक्षिक उपलब्धिको वृद्धि के कस्तो अवस्थामा भयो ? उनीहरुले के कस्ता व्यावहारिक सीप हासिल गरे ? विद्यालयबाट उत्पादित जनशक्तिले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा के कस्ता ख्याति कमाएका छन् ? प्राप्त ज्ञानको उपयोग गरी आफ्नै श्रम,सीप र मिहेनतमा कसरी जीवन निर्वाह गरिरहेका छन् ? भन्ने जस्ता यावत प्रश्नहरुको उत्तरका साथ आउने सूचकहरुले नै निर्धारण गर्ने गर्दछ । यसै विषयलाई हृदयंगम गरी आगामी शैक्षिक सत्रलाई उपलब्धिपूर्ण शैक्षिक वर्ष निर्माण लागि निम्नअनुसारका प्रस्तावित कार्यक्रमहरु तय गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

१. **अङ्ग्रेजी माध्यमबाट शिक्षणको व्यवस्थापन :**

- अङ्ग्रेजी माध्यमबाट शिक्षण पठनपाठनलाई आगामी वर्ष कक्षा ९ र क्रमशः माथिल्ला कक्षाहरुसम्म विस्तार गर्दै लैजाने । यसका लागि आवश्यक शिक्षकहरुको व्यवस्थापन गर्ने ।
- शिक्षक तालिमको व्यवस्थापन गर्ने । (विशिष्ट, व्यावहारिक र कक्षामा आधारित)
- अभिभावक शिक्षा कार्यक्रमलाई जोड दिने । अभिभावक शिक्षा शिविर सञ्चालन गरिने ।

२. **सिकाइ सुधार कार्यक्रमः**

- प्रत्येक विषय शिक्षकले शिक्षण सुधार योजना निर्माण गरी अनिवार्यरुपमा कार्यान्वयन गर्ने गराउने ।
- शैक्षिक सामग्री सहितको कक्षा अभियान सञ्चालन गर्ने ।
- सिकाइ उपलब्धी करार (शिक्षक र प्र.अ. बीचमा)
- शिक्षण विधिमा विविधिकरण (आधुनिक तथा विद्यार्थी केन्द्रित विधि अवलम्वनका लागि जोड)
- शिक्षकका लागि शैक्षणिक योजना सहितको डायरीको व्यवस्थापनलाई निरन्तरता दिने
- कार्यमूलक अनुसन्धान प्रत्येक शिक्षकले गर्नु पर्ने (प्रतिवेदन विस्तृत नभए पनि बुँदागत टिपोट हुनुपर्ने)
- सिकाइमा पछि परेको कक्षा तथा विषयमा थप कक्षाहरु सञ्चालन गर्ने ।
- विद्यार्थीहरुमा अनिवार्य सिप विकासका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने ।
- सिक्दै कमाउँदै कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ।
- विद्यार्थी केन्द्रित सिपमूलक तालिम सञ्चालन गर्ने । शैक्षिक भ्रमण र विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्ने ।

- कक्षा १० लाई विगत वर्षहरुमा झैं अतिरिक्त कक्षाको व्यवस्था गर्ने । र एसईई परीक्षा पूर्व क्लोज क्याम्पको  व्यवस्थापन गरी अध्ययन कार्यमा जोड दिने ।
- कक्षा ११ र १२ का विद्यार्थीहरुका लागि सामाजिक रुपमा ख्याति कमाएका व्यक्ति व्यक्तित्वहरुलाई आमन्त्रण गरी Motivational कक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- हिमाली बिग स्कुलको अवधारण सञ्चलन गर्ने प्रति नीतिगत व्यवस्थापनमा पहल गर्ने ।

३. **दिवा खाजा व्यवस्थापनः**

- स्थानीय उत्पादनबाट तयार हुने खाजा खुवाउनका लागि विशेष प्रयत्न गर्ने ।
- स्थानीय खानाको महत्वका सम्बन्धमा चेतनामूलक अन्तक्रियाहरु गर्ने ।
- खाजा व्यवस्थापनका लागि सहयोगी संस्था कर्ल्स ओभर रिजेज नेपाल, जिरी नगरपालिका र अभिभावकसँग अन्तरक्रिया गरी अझ व्यवस्थित गर्ने ।

४. **प्रार्थना सभा व्यवस्थापनः**

- नियमित रुपमा **१५** मिनेट समय सङ्गीतमय कवाज PT गराउने ।
- प्रार्थना सभामा नै विद्यार्थीहरुको जन्मदिन मनाउने ।
- दैनिक राष्ट्रिय गान, नगर गान तथा अन्य प्रस्तुति (समाचार, Thought of the Day, Quiz) गराउने ।

५. **विद्यार्थी प्रोफाइल तयारीः**

अघिल्लो वर्ष तयार गरिएको विद्यार्थी प्रोफाइललाई अध्यावधिक गर्ने र नयाँ भर्ना हुने विद्यार्थीको प्रोफाइल तयार गर्ने तथा नियमित क्रियाकलापको समेत रेकर्ड अद्यावधिक गर्ने ।

६. **विद्यार्थी अनुशासन तथा सरसफाइ**

- विद्यालय हाता तथा कक्षाकोठा सरसफाईमा विद्यार्थीहरुलाई पूर्ण जिम्मेवार बनाउने ।
- बालक्लब, इको क्लब, जुनियर रेडक्रस सर्कललाई परिचालन गर्ने ।
- प्लाष्टिकजन्य कुनै पनि फोहोर विद्यालय हातामा फाल्न प्रतिबन्ध गर्ने ।
- आफूभन्दा ठुलाको आदर गर्ने र सानालाई माया गर्ने संस्कारको विकास गर्ने ।
- कक्षाकोठामा बालमैत्री, सिर्जनात्मक सिकाइ वातावरण सिर्जना गर्ने ।

७. **विद्यार्थी मूल्याङ्कनः**

- एकाइ परीक्षा (प्रत्येक पाठ/एकाइको अन्तमा)
- पूरक परीक्षा सञ्चालन
- प्रत्येक आवधिक (त्रैमासिक) परीक्षाको नतिजा प्रकाशन सँगसँगै पुरस्कार वितरण गर्ने ।
- आन्तरिक मूल्यांकनलाई पाठ्यक्रमको उद्देश्य मुताविक उपलब्धिमूलक बनाई लागू गर्ने  ।


उनीहरुले मेरो आइडिया चोरे, यसमा मलाई कुनै खेद छैन । बरु मलाई खेद त यस कुरामा छ कि विचरा उनीहरुको आफ्नै कुनै आइडिया नै रहेनछ - निकोला टेस्ला

८. **विद्यार्थी छात्रवृत्ति**

- गरिबी जेहेन्दार र विशेष क्षमता भएका विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्थापन गर्ने ।
- छात्रावास छात्रवृत्तिका लागि नेपाल सरकार, स्थानीय तह, सरोकारवाला संघ संस्था सबैलाई अनुरोध गर्ने
- विद्यालय छात्रवृत्ति कोषलाई ५० लाख पुऱ्याउने लक्ष्यका साथ पूर्व विद्यार्थी, शिक्षक, शिक्षा प्रेमी समाजसेवीसँग अनुरोध गर्ने ।
- छात्रावास छात्रवृत्ति कार्यक्रमका लागि सहयोगी दाताहरुसँगको समन्वयमा छात्रवृत्ति कोषको खडा गरी छात्रावासमा रहने विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने । यस कोषको लक्ष्य १ करोड राखी क्रमश वृद्धि गराउँदै जाने ।

९. **विविध**

- विद्यालय पूर्वाधार निर्माण पूरा भएकाले नमूना विद्यालयका रुपमा शैक्षिक कार्यक्रम सञ्चालन प्रयोजनार्थ नीतिगत व्यवस्थानका लागि संघ, प्रदेश र स्थानीय सरकार समक्ष अनुरोध गर्ने ।
- विद्यालयको आर्थिक, शैक्षिक अभिलेख कम्प्युटर प्रणालीबाट व्यवस्थापन गर्ने ।
- जिरी माध्यमिक विद्यालयमा अध्ययन गरी एसएलसी उत्तीर्ण विद्यार्थीहरुको पुनर्मिलन कार्यक्रमलाई निरन्तरता प्रदान गर्ने ।
- पूर्व शिक्षकहरुको समेत पुनर्मिलन कार्यक्रम गर्ने ।
- कक्षा ११ र १२ मा सञ्चालित विज्ञान विषयलाई व्यवस्थित बनाउँदै लैजाने ।
- समुदायप्रति पूर्ण उत्तरदायित्व बहन गर्दै विद्यालयमा समुदायको भूमिकालाई प्रभावकारी बनाउने ।
- नेपाल सरकारबाट अनुदान प्राप्त प्राविधिक धार सञ्चालनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने ।
- विद्यालयको स्वामित्वमा रहेको जग्गा व्यवस्थापन गरी नियमित आम्दनीको स्रोतको रुपमा विकास गर्ने ।

**अन्तमा,**

चिनियाँ सरकारको अनुदान सहयोगमा निर्माण भएको यस विद्यालयको भौतिक पूर्वाधार हस्तान्तरण भई यही २०८२ मंसिर १० गतेबाट नवनिर्मित कक्षाकोठाहरुमा कक्षा सञ्चालन सुरु भएको छ । यस भौतिक पूर्वाधारमा नियमित शैक्षिक क्रियाकलापका साथ गुणस्तरीय र नमूनायोग्य विद्यालय बनाउन

विद्यालय परिवार हरतरहले प्रयत्नशील रहने छ । सबै सरोकारवालाहरुको चिन्तन र चासोबाट नै सुधारात्मक र सुदृढ शैक्षिक वातावरण निर्माण हुने कुरामा विश्वस्त छौँ । विशाल आकर्षक भवन, फराकिलो खेलमैदान, सुविधासम्पन्न क्याफ्टेरिया, पुस्तकालय, छात्रावास यी सबैको एक साथ व्यवस्थापन हाम्रा लागि चुनौतीका विषय हुन सक्ला । तर विद्यालयका उत्साहित अभिभावकज्यूहरु, जिम्मेवार व्यवस्थापन समिति, सहृदयी पूर्व विद्यार्थीज्यूहरु, जुझारु शिक्षकहरुको टिम, सदैव साथ सहयोगमा रहनु हुने सरकारी तथा गैर सरकारी संघसंस्था तथा दाताहरुको एकसाथको प्रयासले विद्यालयका लागि यस कार्य जटिल हुने छैन भन्ने विश्वास हामीमा रहेको छ । यस विषयमा विद्यालयको हितका लागि सदैव चिन्तन गरी कार्य गर्नु हुने विद्यालयका पूर्व शिक्षकज्यूहरु, विद्यार्थीज्यूहरु तथा समाजसेवी, राजनीतिकर्मीज्यूहरुलाई म यस अवसरमा विशेष स्मरण गरी हार्दिक आभार प्रकट गर्न चाहन्छु । आदरणीय अभिभावकज्यूहरु, जो मेरा सबैभन्दा श्रद्धेय हुनुहुन्छ किनकि तपाइँहरुको माया, सद्भाव र विश्वास कै कारण विद्यालयले यो उचाइ प्राप्त गर्दै छ यहाँहरुको सदैव साथ सहयोग र समन्वयात्मक भूमिकाको अपेक्षा गर्दछु । हामी यस ऐतिहासिक विद्यालयको शैक्षिक उन्नयन गरी यहाँहरुको चाहना र बजारको माग अनुरुपका शिक्षार्थी उत्पादन गर्नका लागि प्रयत्नशील हुने छौँ । आधुनिक प्रविधियुक्त, बालकेन्द्रित गुणस्तरीय शिक्षा नै हाम्रा लागि पहिलो शर्त हुनेछ । यहाँहरुकै साथ सहयोगबाट मात्र तपाईँ हाम्रो सपना साकार हुनेछ । तसर्थ तपाई आम अभिभावकज्यूहरुलाई विद्यालयप्रति सकरात्मक भावनाका साथ सहयोग गर्न हार्दिक आह्वान गर्दछु ।

अन्तमा, यस वार्षिकोत्सव समारोहमा आफ्नो अत्यन्त महत्वपूर्ण समय उपलब्ध गराउनु भएकोमा प्रमुख अतिथि, सम्पूर्ण अतिथि गण लगायत अभिभावकज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दै समारोहलाई सफल पार्न खट्नु हुने मेरा सहकर्मी साथीहरु तथा विद्यार्थी भाइ बहिनीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै यो प्रतिवेदन अन्त गर्दछु ।

धन्यवाद ॥

# जिरी माध्यमिक विद्यालय र यसको भावी कार्यदिशा



केशव कुमार कार्की
अध्यक्ष (विव्यस)

वि.सं. २०७२ को महाभूकम्पले पूर्ण रूपमा क्षतिग्रस्त बनाएको जिरी माध्यमिक विद्यालयको भौतिक पूर्वाधार अन्ततः १० वर्षपछि हालै पुनर्निर्माण सम्पन्न भएको छ। सम्पूर्ण पूर्वाधार नष्ट भएपछि विद्यालयले नियमित कक्षा सञ्चालनमा अत्यधिक कठिनाइ भोग्नु परेको थियो। चिनियाँ सरकारको अनुदान सहयोगमा सन् २०२३ मार्चदेखि सुरु गरिएको पुनर्निर्माण कार्य सन् २०२५ जुलाईमा सम्पन्न भई २०८२ असोज ३० गते नेपालका लागि चिनियाँ राजदूत चेन सोङ्गद्वारा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव चुडामणि पौडेललाई औपचारिक रूपमा हस्तान्तरण गरिएको छ।

यस पुनर्निर्माणले विद्यालयलाई आधुनिक, सुरक्षित र सुविधासम्पन्न आवासीय विद्यालयका रूपमा पुनर्स्थापित गरेको छ। यसका लागि हामी नेपाली स्थानीय जनताको तर्फबाट चिनियाँ सरकारलाई हार्दिक आभार व्यक्त गर्दछौं ।

पूर्वाधार निर्माण सम्पन्न भएसँगै विद्यालयका सामु थुप्रै सम्भावना, अवसर, चुनौती तथा समस्याहरू आएका छन् । तसर्थ विद्यालयले प्रभावकारी योजना निर्माण गरी सरोकारवालाहरूको सहभागितामा समस्याहरू समाधान गर्दै सम्भावनाहरूलाई समुदायको गुणस्तरीय शैक्षिक विकासमा रूपान्तरण गर्नु नै आजको जिरी माविको प्रमुख लक्ष्य हो। यस लेखमार्फत केही महत्वपूर्ण विषयमा चर्चा गरिएको छ ।

**१. विद्यालयको वर्तमान अवस्था (Current Status of the School)**

**१.१ भौतिक पूर्वाधार**

चिनियाँ सरकारको सहयोगमा नवर्निर्मित विद्यालय भवनमा निम्न सुविधा उपलब्ध छन्:

- छात्र तथा छात्राका लागि छुट्टाछुट्टै छात्रावास
- शिक्षक तथा कर्मचारीका लागि आवासीय क्वार्टर
- आधुनिक कक्षाकोठा (स्मार्ट कक्षा सञ्चालनयोग्य)
- विज्ञान, प्राविधिक तथा प्रयोगशाला कक्षहरू
- पुस्तकालय तथा वाचनालय
- क्यान्टिन, सभा हल (Auditorium), खेलमैदान
- स्वच्छता तथा सुरक्षा उपकरण

१.२ वातावरणीय तथा भौगोलिक विशेषता

- पहाडी, शान्त र स्वच्छ वातावरण
- नगरको केन्द्र भागमा अवस्थित
- आवासीय शिक्षालय सञ्चालनका लागि अत्यन्त उपयुक्त वातावरण
- विद्यार्थीको स्वास्थ्य, ध्यान र सिकाइ अनुकूल प्राकृतिक परिवेश

१.३ स्रोत र सम्भावना

- विद्यालयको स्वामित्वमा पर्याप्त जमिन उपलब्ध
- कृषि, पशुपालन, प्राविधिक तालिम तथा खेलकुदका लागि उपयुक्त
- समुदाय तथा स्थानीय तहसँग सहकार्यको उच्च सम्भावना

## २. समस्याहरू, अवसरहरू तथा अपेक्षाहरू (Challenges, Opportunities, Expectations)

**२.१ समस्या र चुनौतीहरू**

- आवासीय विद्यालय सञ्चालनका लागि आवश्यक जनशक्ति तथा वित्तीय स्रोतको अभाव
- भौतिक पूर्वाधारको नियमित सञ्चालन तथा मर्मत सम्भारमा कठिनाइ
- विद्यालयको जग्गा उपयोग गरी व्यवसायिक कार्यक्रम सञ्चालनका लागि स्रोत अभाव
- ICT तथा STEM शिक्षणका लागि आवश्यक उपकरणहरूको निरन्तर व्यवस्थापन

**२.२ अवसरहरू**

- स्थानीय, प्रदेश तथा संघीय सरकारसँग सहकार्यको अवसर
- पूर्व विद्यार्थी तथा गैरसरकारी संस्थासँग सहकार्य
- नयाँ संरचनाका कारण गुणस्तरीय शिक्षा विस्तारको उत्कृष्ट अवसर
- जिरी क्षेत्रको पर्यटन तथा कृषिको सम्भावना
- अन्तर्राष्ट्रिय सहयोग विस्तार (विशेषगरी चीनसँगको मैत्रीपूर्ण सम्बन्ध)

**२.३ अपेक्षाहरू**

- जिरी माध्यमिक विद्यालयलाई नमूना आवासीय विद्यालयको रूपमा विकास
- आधुनिक एवम् गुणस्तरीय सिकाइ वातावरण
- विद्यार्थीहरूको सर्वाङ्गीण विकास
- प्राविधिक सीपयुक्त मानव संसाधन उत्पादन
- स्थानीय आर्थिक विकासमा विद्यालयको योगदान

## ३. भावी कार्यदिशा (Future Strategic Directions)

- ICT आधारित शिक्षण–सिकाइ प्रणाली विस्तार
- स्मार्ट कक्षा र डिजिटल सामग्री विकास
- Project-Based Learning तथा Inquiry-Based Learning
- STEM शिक्षा सुदृढीकरण र अनुसन्धान प्रवर्द्धन

- जीवनोपयोगी सीप सिकाइ र आत्मविश्वासयुक्त शिक्षा प्रदान

**४. व्यवसायिक कार्यक्रमहरू**

विद्यालयको जमिन तथा पूर्वाधार उपयोग गर्दै:

- कृषि तथा बागवानी व्यवसाय
- जैविक कृषि, Greenhouse, मौरीपालन, दुग्ध उत्पादन
- "सिक्दै कमाउँदै" कार्यक्रम लागू
- फार्म हाउस निर्माण र Home Stay सञ्चालन
- CTEVT तथा Short-Term Skill Training

**५. ICT तथा डिजिटल सशक्तिकरण**

- ICT Resource Center स्थापना
- Coding Club, Robotics Club सञ्चालन
- Digital Library र e-learning सामग्री व्यवस्था
- साइबर सुरक्षा तथा डिजिटल नैतिकता अभिमुखीकरण

**६. खेलकुद तथा सह–शैक्षिक विकास**

- नियमित खेल प्रशिक्षण (फुटबल, भलिबल, बास्केटबल, मार्शल आर्ट)
- कला, साहित्य, संगीत तथा वाद–विवाद कार्यक्रम
- राष्ट्रिय तथा अन्तर–विद्यालय प्रतियोगितामा सहभागिता

**७. साझेदारी विस्तार**

- चीन, स्थानीय सरकार तथा शिक्षासँग सम्बन्धित संस्थासँग सहकार्य
- पूर्व विद्यार्थी समाज तथा व्यक्तिगत सहयोगीहरूसँग सम्बन्ध विस्तार
- विश्वविद्यालय तथा प्राविधिक संस्थासँग सहकार्य
- समुदाय–विद्यालय साझेदारी कार्यक्रम सञ्चालन

**८. अपेक्षित नतिजा**

- विद्यालय गुणस्तरीय, समावेशी र आधुनिक शैक्षिक केन्द्रका रूपमा स्थापित
- ICT दक्ष, नेतृत्व क्षमतायुक्त विद्यार्थी उत्पादन
- बिपन्न विद्यार्थीका लागि आंशिक रोजगारीको अवसर
- स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष योगदान
- राष्ट्रिय स्तरको नमूना आवासीय विद्यालयको पहिचान

**निष्कर्ष:**

नव–निर्मित पूर्वाधार, अनुकूल वातावरण, पर्याप्त स्रोत तथा अन्तर्राष्ट्रिय सहकार्यले जिरी माध्यमिक विद्यालयलाई अत्याधुनिक शैक्षिक केन्द्रका रूपमा विकास गर्ने आधार तयार भएको छ । प्रस्तावित कार्यदिशा कार्यान्वयन गर्न सके विद्यालयले प्रदेश र राष्ट्रिय स्तरमा आधुनिक शिक्षाको नमूना केन्द्रका रूपमा स्थापित हुन सक्नेछ ।

# जिरीको शिखरमा हनुमन्ते,– पवित्र उत्पत्ति, गौरव र धार्मिक महिमा



**टीकाबहादुर खड्का**
संस्थापक अध्यक्ष
जिरी मा.वि.

जिरी नगरपालिकाको शिर भाग शिखरमा अवस्थित प्रसिद्ध हनुमन्ते गुफा र त्यहाँ विराजमान बजरङ्ग बलि हनुमानजीको जन्म कर्म आदिको विवरण उल्लेख गर्ने प्रयास गरिएको छ ।

त्रेता युगमा भारतको अयोध्या नगरीमा धार्मिक धुरन्धर, प्रतापी, वैभवशाली दशरथ राजा राज्य गर्थे । यी राजा जनताका मुटुमा सजिएका थिए । अष्ट सिद्धि र नौ निधिबाट पूर्ण थिए तापनि तीन वटी रानीसँग विवाह गरेर पनि कुनै सन्तान भएनन्, त्यसैले राजा सधैँ दुखी रहन्थे । एक दिन आफ्ना गुरु वसिष्ठ ऋषिसँग आफ्नो दुख सुनाए । तब ऋषि वसिष्ठले राजालाई पुत्रेष्टि यज्ञ गर्न सल्लाह दिए । त्यस्तो यज्ञ गर्न समर्थ भएका एक मात्र ऋषि श्रीसङ्ग हिमालयमा तपस्या गरी बसेका थिए । कहिल्यै सहर गाउँमा नझर्ने अति ओजस्वी महाविद्वान ऋषिलाई आमन्त्रण गरी दरबारमा ल्याई यज्ञ आरम्भ गरे । तीनै ऋषिलाई होता बनाई होम गर्न लगाए । ती ऋषिका अमोघ मन्त्रका प्रभावले यज्ञ कुण्डदेखि साक्षात् यज्ञ पुरुष भगवान हातमा सुनको थालमा पायस (खीर) लिएर प्रकट भए र त्यो पायसको थाली राजाका हातमा राखी दिई भन्नुभयो— "तपाइँलाई जति पुत्रको इच्छा छ, त्यति नै भाग गरी रानीलाई दिनुहोस् ।" पायस खाएपछि रानीहरू गर्भवती भई साक्षात् नारायण अंश अवतार छोरा जन्मने छन् भनी यज्ञ पुरुष भगवान अन्तर्ध्यान भए ।

राजाले रानीहरूलाई डाँको पायसको दुई भाग गरी एक भाग पटरानी कौशल्यालाई दिए । आधा भागको फेरि दुई भाग गरी एक भाग माइली रानी कैकेयीलाई दिए । एक ऋषिले यस्तो पवित्र पायस स्नान गरेर खान योग्य छ भनेपछि रानीले पायस भुइँमा राखी स्नान गर्न लाग्दा अचानक एउटा बाज आई पायसको डल्लो टिपी आकाशमा उड्यो । यस्तो भएपछि सुमित्रा रानीले दिदीहरू त पुत्रवती हुने भए, म अभागिनी अपुत्री नै रहने भए भनेर छाती पिटी रुन लागिन् । तब पटरानी कौशल्याले दया गर्दै भन्नुभयो— "नरोऊ बहिनी, यो पायस जति भागमै पनि उति नै छोरा हुन्छन् भनेका छन् । तिमीलाई मेरो भागको आधा दिन्छु ।" भनी आधा गरी एक भाग

दिनुभयो । त्यति खेर माहिली रानी कैकेयी पनि सँगै थिइन् । दिदीले आफ्नो भाग आधा गरी दिनुभयो । मैले पनि नदिए कस्ती लोभी भन्लान् भनी उनले पनि आफ्नो भाग आधा गरेर दिनुभयो । जेठी पटरानी कौशल्या र माहिली रानी कैकेयीले एक-एक भाग खाएको हुँदा कौशल्या महारानीका एक छोरा साक्षात् भगवानको अंश लिएर श्रीराम जन्मे । कैकेयीको गर्भबाट भरतको जन्म भयो । कान्छी रानी सुमित्राले दुई भाग खाएको हुँदा लक्ष्मण र शत्रुधन् जुम्ल्याहा दुई पुत्र जन्मे । यसरी राजा दशरथका दरबारमा देवांश अनि प्रतापी चार पुत्ररत्न प्राप्त भएपछि राजालाई मात्र नभई सारा अयोध्या बासीलाई नै अति आनन्द भयो र जय जयकारको ध्वनिले अयोध्या नगरीमा उत्सव मनाइयो ।

यहाँसम्म भयो अयोध्या दरबारको वर्णन । अब बाजले लगेको पायसको विवरण- त्यो यज्ञबाट पायस लिएर उडेको बाज उच्च शिखरको अति अचम्मित एक गुफामा पुग्यो । त्यो गुफा भित्र अञ्जनी नाम भएकी परम सुन्दरी युवती संसारकै अति शक्तिशाली बलवान् पति पाउँ र त्यत्तिकै शक्तिशाली पुत्र पनि पाउँ भनी भगवान सदा शिवजीको अति कठोर तपस्या गरेर बसेकी थिइन् । बाज सरासर त्यही गुफाभित्र प्रवेश गरी तीनै तपस्विनीको अगाडि त्यो पायसको डल्लो राखी बाहिर निस्कियो । अनि ती तपस्विनीले "मेरो तपस्या पूर्ण भएछ, सदा शिवजीले प्रसाद पठाइ दिनुभयो" भनी प्रसाद खाई गुफाबाट बाहिर निस्किन् । पायसको प्रभावले गर्भवती भइन् । उनको विवाह तुरुन्त वायु देवसँग भयो । पायसको प्रभाव र भगवान सदा शिवजीको वरदानले चारै युगमा प्रख्यात अति बलशाली पुत्रको जन्म भयो । तीनै बालकको नाम बजरङ्ग बलि हनुमान् नामले प्रख्यात भयो । जुन अग्नि देवता बाट प्रदान गरिएको पायसको प्रभावले आदर्श मर्यादा पुरुष भगवान राम, लक्ष्मण, भरत, शत्रुधन समेत चार भाइको जन्म भयो, त्यही पायसको एक भागले हनुमानजीको पनि जन्म भयो । यही कारणले हनुमान् श्रीरामका अनन्य भक्त भए ।

रावणले सीताको अपहरण गरी लङकाको अति सुन्दर बगैँचाको बीचमा राखेको थियो । श्री पिताजीका खोजमा गएका हनुमान् समुद्र नाघी लङ्का पुरी पुगेर श्रीरामको सन्देश सुनाई सीताजीलाई प्रसन्न गराए । रावणको अति सुन्दर बगैँचा समेत नास गरी त्यहाँका राक्षसहरू सबै मारे, रावणको कान्छो छोरो अक्षय कुमार समेत मारे । सारा लङ्का सहर जलाई सीताजीको पाउ परी अव श्रीराम छिट्टै आई रावण आदी सारा राक्षस मारी हजुरलाई लैजानु हुनेछ भनी सान्त्वना दिए । सीताजीसँग बिदा मागी फेरी समुद्र पार गरी फर्की आएर श्रीरामसँग सबै विवरण सुनाएपछि श्री रामचन्द्रले वानरराज सुग्रीव सहित लाखौँ वानर सेना लिएर गई समुद्रमा पुल बाँधेर लङ्कामा चढाइ गरे । रावण, कुम्भकर्ण,

इन्द्रजित् जस्ता अजेय राक्षसहरूलाई मारी सीताजीलाई ल्याए । त्यो रणसङ्ग्राम हुँदा इन्द्रजितको वाणले लक्ष्मण महा मुर्छित भए । अनि हनुमानले द्रोणाचल पर्वतमा गई संजीवनी बुटी ल्याई लक्ष्मणलाई जगाए । रामले हर्षित भई अति प्यार गरी छातीमा लगाए ।

त्यहाँ यसो भनिएको छ—

लाय संजीवन लछिमान जिलाए ।

श्री रघुवीर हरषी उरलाए । ।

रघुपति किन्ही बहुत बढाई ।

तुम मम प्रिय भरत सम भाइ । ।

साहस वदन तुमारो जस गावै ।

अस कहि श्रीपति कण्ठ लगावै । ।

त्यस्तै सीता माताले पनि प्रसन्न भएर यस्तो वरदान दिनुभयो—

चार युग प्रताप तुमारा ।

है प्रसिद्ध जगत उजियारा । ।

साधु सन्त के तुम रखवारे ।

असुर निकन्दन राम दुलारे । ।

अष्ट सिद्धि नौ निधि के दाता ।

अस वर दीन जानकी माता । ।

श्रीराम र सीताबाट यस्तो अजय वरदान पाएका हनुमानलाई श्रीरामले यो धरा धाममा ११,००० (एघार हजार) वर्ष राज्य गरी सारा दुनियाँलाई वैकुण्ठको अनुभूति दिलाई आफ्नो धाम वैकुण्ठ जानुहुँदा हनुमानलाई अजर अमरको वरदान दिई श्री बदरकी पहाडमा गई संसारका सबै सद्धर्ममा रहने मनुष्य सहित सबै प्राणीहरूको रखवारी गर्दै रहनु भनी आदेश दिनुभयो । श्रीराम, सीता, लक्ष्मणका अनन्य भक्त हनुमान् अखण्ड ब्रह्मचार्य धारण गरी बदरकी पहाडमा गई श्रीरामको कीर्तन गरी रहनु भएको छ ।

एक समय आफ्नो आमाले सदा शिवजीको तपस्या गरी शिवजीको वरदान प्राप्त गरेको गुफामा आई आफूले पनि केही समय शिवजीको तपस्या गर्नुभयो । अनि सदा शिवजीबाट अतुलित बल प्राप्तिको वरदान प्राप्त गर्नुभएको हुँदा यो पवित्र शिखरको नाम हनुमन्ते रहेको मानिन्छ ।

यो कुनै काल्पनिक दन्तकथा नभई श्री तुलसी दासजीले रचना गर्नुभएको प्राचीन ग्रन्थ, ९९९० श्लोकले परिपूर्ण श्रीराम चरित्र मानसमा उल्लेख छ । त्यसैको आधारमा रहेर अलिकति लेख्ने प्रयास गरेको छु । यही गुफा रहेको रमणीय शिखर जिरी नगरपालिकाको उत्तर शिरमा अवस्थित भएकोले नगरपालिकाले यसको महत्त्व उजागर गरी हनुमानको सुन्दर मूर्ति स्थापना गरी व्यापक रूपमा प्रचार गरी दिनु भए जिरी नगरपालिकाको महत्त्व प्रभावशाली हुने विश्वास गरिन्छ ।

# जिरी स्कुलमा कक्षा ४ देखि कक्षा ७ सम्म अध्ययन गर्दा-



**इन्द्रबहादुर खड्का**
पूर्व प्रधानाध्यापक

जिरी स्कुल स्थापनाको तीन वर्षपछि, २०२० साल वैशाखमा कक्षा १ मा भर्ना हुने अवसर पाएको थिएँ । त्यो बेला म १८ वर्षको थिएँ । नेपालीमा सामान्य लेखापढी जान्ने तर अङ्ग्रेजी र गणित नजानेका कारण कक्षा १ मा भर्ना हुनु परेको थियो । दिमाग केही परिपक्व र जान्ने उत्सुकता भएकोले अथक मेहनत गरियो । सौभाग्यवश, एक वर्षभित्र अर्थात् २०२० साल चैत्रसम्म कक्षा १, २ र ३ उत्तीर्ण गरियो । केही दिन स्कुल बिदा भएकोले म गोठतर्फ लागेँ ।

२०२१ साल बैशाख लागेको थियो । गोठ मार्मे खर्कमा थियो । भैँसी मार्मेमा नै राखेर जिरीको घरबारीमा जौ तथा गहुँको नल खुवाउन गाईगोरु ल्यायौँ । बुबा भैँसी गोठमा बस्नुभयो र म गाई लिएर जिरी आएँ, किनकि मलाई स्कुल जानु थियो । बिहान बेलुका गाईका लागि घाँसपात मिलाउने, दिउँसो स्कुल जाने योजना थियो । हजुरबा र मेरी श्रीमती पनि जिरीमा नै थिए । सम्पर्कमा आउनु भनेको दिन म स्कुलमा उपस्थित भएँ ।

नयाँ भर्ना हुने विद्यार्थीहरू धेरै आएका रहेछन् । कुन कक्षामा भर्ना गर्ने भनेर सोधपुछ र परीक्षण हुँदै थियो । पास भएका विद्यार्थीको नाम पहिल्यै लेखिसकेकाले मेरो नाम चौथो कक्षाको खातामा लेखिएको रहेछ । भर्ना तथा मासिक शुल्क तिर्नु परेन । किताबकापी भने किन्नु पर्दथ्यो, त्यो पनि स्कुलमै पाइन्थ्यो । पैसा लिएर आएका साथीहरूले किताबकापी किने । मैले कति रुपैयाँ लाग्छ भनेर सोधेँ- कसैले ४५ त कसैले ५० रुपैयाँ लाग्छ भने । मैले पैसा बोकेको थिएन, केवल बुझ्न मात्र गएको थिएँ । त्यो दिन हाजिरी भयो र अर्को दिनबाट पढाइ सुरु हुने जानकारी पाइयो ।

भोलिपल्ट ५० रुपैयाँ लिएर स्कुल गएँ । चाहिने किताब र केही कापी किनेँ । तेस्रो कक्षामा पढेका भन्दा निकै मोटा किताब थिए- नेपाली, अङ्ग्रेजी, गणित, शारीरिक शिक्षा लगायत ६–७ वटा किताब । यसरी चौथो कक्षाको पढाइ सुरु भयो । घरमा बिहान बेलुका पढ्ने समय थिएन तर राति

अबेलासम्म पढ्थेँ । अरू सबै विषय सहज थिए तर अङ्ग्रेजी बुझ्न धेरै कठिन भयो, किनकि तेस्रो कक्षासम्म केवल सामान्य शब्द र वाक्य मात्र पढिएको थियो । त्यो पनि किताबबाट होइन, शिक्षकले भित्तामा राखेको कालोपाटीमा लेखेर हामीलाई कापीमा सार्न लगाएको आधारमा । कथा–कहानी र संवाद भएको मोटो अङ्ग्रेजी किताब देख्दा नै अत्यास लाग्थ्यो । शब्दको अर्थ बुझ्न र सम्झन कठिन, त्यसमा पनि अक्षर याद गर्न झन् कठिन भयो ।

पढाउने शिक्षकहरू रुद्रनाथ शर्मा र भवानी घिमिरे आदि नयाँ थपिनु भएको थियो । रुद्रनाथ सरले नेपाली र अङ्ग्रेजी पढाउनुहुन्थ्यो भने भवानी सरले गणित । कक्षामा टनाटन विद्यार्थी थिए । जिरीमा राम्रो पढाइ हुन्छ भन्ने हल्ला चलेको हुनाले ठोसे, बाम्ती आदि ठाउँबाट विद्यार्थी आएका थिए । त्यो बेला उमेरले म १९ वर्षको थिएँ भने कतिपय साथी मभन्दा पनि बढी उमेरका थिए । बाहिरबाट आएका विद्यार्थीहरू डेरामा बस्ने हुँदा पकाएर खाने बाहेक अरू काम हुदैनथ्यो, त्यसैले बिहान बेलुका र छुट्टीको बेला घुमघाम गर्ने, खेल खेल्ने गर्दथे । तर मेरो भने ठिक समयमा स्कुल पुग्ने र छुट्टी भएपछि घर हिँडिहाल्ने अवस्था थियो । साथीहरूसँग धेरै हिमचिम भएन ।

स्कुलको स्तरोन्नति गरेर आउँदो पुस–माघसम्म मिडिल स्कुल बनाउने चर्चा चल्यो । मिडिल स्कुल सात कक्षासम्मको हुन्थ्यो । कक्षा पाँचसम्म प्राथमिक तह हुन्थ्यो तर जिरी स्कुलमा चार कक्षासम्म मात्र चलाइएको थियो । के कारणले हो, विगत दुई वर्षसम्म चौथो कक्षा पास गरेका विद्यार्थीहरूलाई कक्षा पाँच नचलाएका कारण अन्यत्र जानु परेको थियो । कोही–कोहीलाई स्वीस छात्रवृत्तिमा काठमाडौँको वनस्थली र फर्पिङ बोर्डिङ स्कुलमा आवासीय विद्यार्थीको रूपमा कक्षा १० सम्म पढ्ने अवसर दिइएको थियो ।

पहिलो वर्ष तोरण बहादुर खड्का, आङ्दोर्जी लामा, परशुराम खड्का वनस्थली बोर्डिङ स्कुलमा र दोस्रो वर्ष तिलक बहादुर खड्का, भुपेन्द्र बस्नेत, विष्णु बहादुर खड्का र आङ्काजी शेर्पा फर्पिङ बोर्डिङ स्कुलमा कक्षा सातमा भर्ना भएर पढेका थिए । त्यो बेला जिरीमा चौथो कक्षा पास गरेका विद्यार्थी काठमाडौँको नाम चलेको बोर्डिङ स्कुलमा सात कक्षामा भर्ना हुन सक्ने भनेपछि जिरी स्कुलको पढाइ स्तरीय रहेछ भनेर मान्नु पर्दछ ।

भदौ महिनामा नै सरहरूले मंसिरसम्म चौथो कक्षा सकेर छैटौँ कक्षामा जानु पर्छ भन्नुभयो । पढाउने र पढ्ने क्रम जोडतोडले हुन थाल्यो । दशैँ–तिहारको बिदामा पनि घरमा राम्ररी पढ्नु, मंसिरमा जाँच हुन्छ भनेर सल्लाह दिनुभयो ।

स्कुल बिदा भएको बेला प्रायः म गोठमा बस्थेँ तर त्यो बेला धेरैजसो घरमै बसेँ । दिउँसो काम गरेपनि राति पढ्थेँ । गोठमा राति टुकी बालेर पढ्न सहज

थिएन— कहिले हावा लागेर त कहिले पुतली आएर बत्ती निभाइ दिन्थ्यो । चाडबाडको बेलामा पनि धेरै रमझममा लागिनँ । पाएको समय अध्ययनतिर नै लगाएँ । तिहार सिद्धिनासाथ स्कुल खुल्यो ।

प्रायः सबै शिक्षकहरू काठमाडौँबाट आउनु पर्ने । केही शिक्षकहरू हवाईजहाजबाट छिटै आए । त्यो बेला जिरी बहुमुखी विकास योजना (JMDP)को 'पिलाटस पोर्टर' भन्ने विमान आउथ्यो । नियमित भने हुदैनथ्यो- कहिले हप्तामा, कहिले १५ दिनमा, त कहिले महिना दिनमा आउथ्यो । पैदल आउने शिक्षकहरू स्कुल खुलेको पाँच–छ दिनपछि आइपुगे । फेरि पढाइ रफ्तारमा चल्यो । मंसिरको अन्त्यमा परीक्षा भयो । पास हुने विद्यार्थीलाई छैटौँ कक्षामा उकालियो । म पनि पाँच कक्षा पढ्दै नपढी छैटौँ कक्षामा पुगेँ ।

**जनकपुरको शैक्षिक भ्रमण**

२०२१ सालको पौष महिना लागेको थियो । चौथो कक्षा पास गरेर छैटौँ कक्षामा पुगिसकेको अवस्था थियो । छैटौँ कक्षाको किताब आइपुगेको रहेनछ । काठमाडौँबाट ल्याउनु पर्ने हुँदा अरू केही दिन लाग्ने भयो । रुद्रनाथ शर्मा सरले छैटौँ कक्षाका विद्यार्थीलाई एक हप्ताको शैक्षिक भ्रमणमा लाने कुरा गर्नुभयो । हाम्रो कक्षामा १२ जना जति विद्यार्थी थिए होला तर भ्रमणमा जान ६–७ जना मात्र तयार भए । जानेमध्ये म पनि थिएँ । अरू जानेहरूमा दिब्यध्वज, रामप्रसाद र शङ्करध्वज कार्कीको याद भयो । अरू पनि थिए, सम्झन सकिएन ।

हामीसँग भ्रमणको खर्चका लागि रकम मागिएन । सायद जिरी बहुमुखी विकास योजनाको शिक्षा शाखाबाट शैक्षिक भ्रमणका लागि भनेर केही रकम प्राप्त भएको थियो होला । हामीलाई आफ्नो लागि हल्का ओढ्ने–ओछ्याउने, सामान्य फेर्ने कपडा र खानका लागि एउटा थाल बोक्नु भनिएको थियो ।

रुद्रनाथ सरको बस्ने कोठा जिरीटारमा रहेको जिरी बहुमुखी विकास योजनाको स्टाफ क्वार्टरमा थियो । हामीलाई भोलिपल्ट बिहान ८ बजे उहाँकै क्वार्टरमा आउन भन्नुभयो । बिहान ८ बजे हामी सबै उहाँको निवासमा जम्मा भयौँ । प्रायः हामी सबैले नाम्जे झोला बोकेका थियौँ- कुनैको नाम्जे झोला कपडाको थियो त कुनैको अल्लोको धागोले बुनेको । मेरो झोला अल्लोको हुनाले जति सामान हालेपनि उजिन्डो नचुटिने बलियो खालको थियो ।

चामल, चिउरा, दाल, नुन आदि खाद्य सामग्री केही मात्रामा किनिराखिएको रहेछ । किन्ने पसल नभएको ठाउँमा पकाएर खानुपर्ने भएकाले सामान बाँडेर बोक्न भनियो । सामान बाँडेर झोलामा मिलायौँ । चिउरा अलि बढी रहेछ, मेरो झोला केही ठुलो र बलियो भएकोले मैले बोकेँ ।

बिहान ९ बजेतिर जिरीबाट रुद्रनाथ सरको

अगुवाइमा भ्रमण टोलीको प्रस्थान भयो । खरायोवन हुँदै फुल्पिङ्को फलामे साँघु तरेर बेतालीको बाटो लागियो र बेलुका जिरी स्कुलमै पढ्ने घटकेशको घरमा बास बसियो । बेलुका भात पकाएर सबैलाई खान दिए । बिहान पनि खाना खाएर जानु भनेर सबेरै खाना पकाइदिए । हामीले बोकेको केही पनि झिक्नै परेन । खाना खाएर बिस्तारै हिँडियो ।

खिम्तीबेँसीसम्म ओरालो थियो । त्यहाँबाट तामाकोसीको तिरैतिर मन्थलीको आकासे भन्ने ठाउँमा पुगियो । त्यहाँ केही घरहरू थिए । बटुवाहरू, ढाक्रेहरू प्रायः त्यहाँ बास बस्दा रहेछन् । पकाउने भाँडाकुँडा, बाल्ने दाउरा पैसा तिरेपछि पाइने रहेछ । ढुङ्गा गाडेर बनाएको पकाउने चुलोहरू पनि रहेछन् । हामीले पनि भाँडा र दाउरा लिएर पकाएर बेलुकाको खाना खायौँ । लामो दलान रहेछ, त्यहीँ ओछ्यान लगाएर लाइन लागेर सुत्यौँ ।

भोलिपल्ट बिहानै उठेर रामेछाप डाँडाको बजार जाने भनेर लागियो । त्यतिबेला मन्थलीको फाँट पूरा बगर थियो । मन्थलीबेँसी बगरमा परिणत हुनुको कारणबारे एउटा किस्सा सुनाइन्थ्यो । मन्थलीको ठुलो फाँटमा कुनै सामन्तको खेत थियो, त्यसैले मन्थलीबेँसी भनिन्थ्यो । त्यो सामन्तले एउटा किसानलाई मुद्दा लगाएर उठिबास गरिदियो । अनि त्यो पीडित किसानले बदला लिन एउटा सुँगुर कुनै देवी–देवतालाई भाकेर, आराधना गर्दै **"सुकजोर कठजोर भेट गराइदेऊ, मन्थलीबेँसी बगर गराइदेऊ"** पुकार गरेर भोग दियो । त्यही राति घनघोर वर्षा भयो र बाढी–पहिरो लागेर मन्थलीबेँसी बगर भएको भन्थे । यो कुरा सत्य हो वा किस्सा मात्र हो, थाहा छैन । जे होस्, त्यो बेला मन्थली बजार भएको ठाउँ केवल बगर र नाङ्गो पाखो थियो ।

हामी बगर र फाँट पार गर्दै उकालो लाग्यौँ । केही समयमा रामेछाप डाँडाको बजारमा पुगियो । एकछिन घुमेर हेर्यौँ-त्यहाँ केही सरकारी अड्डाहरू थिए, व्यापारिक चहलपहल पनि थियो । त्यहाँ पनि केही पैसा तिरेपछि पकाउने भाँडा, पानी ल्याउने गाग्रो, दाउरा पाइने रहेछ । साथीहरूमा रामप्रसाद हर्ताकर्ता थिए । उनले सामानको बन्दोबस्त गरे । खाना पकाएर खायौँ ।

त्यसपछि फेरि ओरालो लागियो । खुर्कोटको पुल तरेर अलिकति तेर्सो हिँडेपछि सिधुलीगढीतर्फ जाने उकालो लाग्यौँ । केही उकालो चढेपछि निगाले गाउँमा पुगियो । एउटा घरमा बास मागेर बस्यौँ । त्यो घरमा दुहुने भैँसी पालेको रहेछ । दूध किनेर दूध र चिउरा खाएर सुत्यौँ । बिहान उठेर फेरि उकालो लागियो । गढी डाँडाको भन्ज्याङ काटेपछि ओरालो आयो ।

अगाडि हेर्दा डाँडाहरू होचो हुँदै गएको र धेरै परसम्म हेर्दा डाँडा हराएको र समथर जस्तो

देखियो । निकैबेर ओरालो झरेपछि सिधुलीमाडीको समथर मैदानमा पुगियो । ससाना घरहरू भएको बजार रहेछ । धेरै घरहरू काठले बनाएका र केही घरहरू इँटाको गारो भएका पनि थिए । छेउ–कुनाका अधिकांश घर खरले छापिएका, काठले बारेका एकतले थिए । केही पर खेतको फाँटमा धमाधम अस्थायी कटेराहरू बनाउँदै थिए र केही दिनपछि भव्य मेला लाग्ने भनाइ थियो ।

त्यहाँ केही पसल र चिया–नास्ताका लागि होटेल पनि थिए। व्यापारिक ठाउँ भएकोले होला, मानिसहरूको निकै चलहल थियो । एउटा चिया पसलमा पकाउने भाँडा मागेर भात पकाएर खायौँ । पुसको महिना भएपनि मध्यान्ह हुँदा निकै गर्मी हुँदो रहेछ ।

खाना खाइसकेपछि हिँड्ने तरखर सुरु भयो । मानिस तथा भारी ओसारपसार गर्ने घोडाहरू पनि थिए । रुद्रनाथ सरले आफूलाई एउटा घोडा मिलाउनुभयो । भाडा कति थियो, थाहा भएन । उहाँ घोडामा चढ्नुभयो । घोडावालाले लगाम समातेर डोर्यायो । हामी पैदल हिँड्यौँ । अघि–अघि घोडा, पछि–पछि हामी जाँदै थियौँ ।

खोला आयो—खोलो धेरै ठुलो त होइन तर फिँजारिएको थियो । घोडा चढेरै खोला तर्न सकिने भएकोले सर सजिलै तर्नुभयो । हामीलाई पानीमा टेक्नै पर्ने हुँदा जुत्ता खोलेर खोला तर्यौँ । पारी पुगेर जुत्ता लगाएर हिँडेको एकैछिनमा फेरि खोला तर्नु पर्‍यो । कमला नदी नाम गरेको एउटा नागबेली परेको खोला रहेछ-१५–२० ठाउँमा जँघार तर्नु पर्ने ।

जुत्ता खोल्दा र लगाउँदा हैरान भयो । जुत्तामा बालुवा पसेर पैताला रगडिएर पोलेर टट्टाउन थाल्यो । एकातिर गर्मी, अर्कोतिर खुट्टाको दुखाइ- अब घोडालाई पछ्याउन सकिएन । हामी निकै पछाडि भयौँ । एक ठाउँमा दोबाटो रहेछ । हामीले बाटो भुल्छौँ भनेर घोडा रोकेर राखिएको रहेछ । सरले हामीलाई छिटो हिँड, नत्र ठाउँमा पुगिँदैन भन्नुभयो । हामी सबै थला परिसकेका थियौँ ।

हामी त हिँड्न नसक्ने भइयो भनेपछि केही पर भिमान भन्ने ठाउँ रहेछ, बास बस्ने भइयो । महेन्द्र नगरसम्म पुग्ने लक्ष्य थियो, बेला त थियो तर हिँड्नै सकिएन । एकजना बाहुनको काठले बनेको घर रहेछ । बाहिर दलान ठुलो रहेछ । आँगनमा भात पकाउने चुलो पनि रहेछ । बटुवा र ढाक्रेहरूलाई बास बस्न दिने गरेका रहेछन् । त्यहीँ बास मागेर बस्यौँ । सरले भाडा दिएर घोडा फर्काइ दिनुभयो ।

अलिकति तल कमला नदीमा केही मानिसहरू जाल हानेर माछा मार्दै रहेछन् । माछा किन्न भनेर दुई जना साथी नदीतर्फ गए । एक धार्नी माछा लिएर आएछन् । माछा मसिनो खालको थियो । भात पकाइसकिएको थियो तर तिउन पकाउन बाँकी थियो । अर्को ठुलो भाँडो मागेर एक धार्नी

माछा केलाएर टुक्रा नपारीकन सिङ्गै पकाइयो । भात खाने बेलामा अलि अँधेरो हुन लागेको थियो । हरेकसँग एउटा थाल मात्र भएकाले भात र तिउन एकै ठाउँमा हालेर खानु पर्थ्यो । साथीले भात पस्केर त्यसमाथि माछा हालिदिए । मैले माछा खाने तरिका जानेको थिइन । भात र माछा एकै पटक मुछें । माछाको काँडा भातमा मिसियो । गाँसैपिच्छे मुखमा काँडा आयो । जिब्रोले छान्दै हातले निकालेर फाल्दा हैरान भएँ । साथीहरूको भागमा हेर्दा त भात झोलसँग र माछा छुट्टै खाँदा रहेछन् । मेरो त आधा भात काँडा केलाउँदैमा गयो । अरूले खाइसक्दा म त काँडा केलाउँदै थिएँ । दिक्क लागेर अलिकति फालिदिएँ । दलानमा सुत्यौँ । एकैछिनमा उज्यालो भएजस्तो लाग्यो । बिहानै उठेर हिँडियो । महेन्द्रनगर भन्ने ठाउँमा पुगियो । बजार रहेछ, घरचाहिँ सबैजसो फुसको छानो भएको कटेरा । कुनैमा होटेल त कुनै कटेरामा पसल । एउटा होटेलमा खाना खायौँ ।

महेन्द्रनगरबाट जनकपुरसम्म 'लरी' भन्ने गाडी चल्दो रहेछ । हेर्दा ट्रकजस्तो, दायाँबायाँ तख्ता ठोकेर बारेको, भित्र दुईतर्फ मान्छे बस्ने तख्ताको लामो सिट भएको रहेछ । त्यही लरीमा बसेर बेलुकीपख जनकपुरतर्फ लागियो । साथीहरूमा रामप्रसाद बाहेक हामी सबैले गाडी चढेको पहिलो पटक रहेछ । कुदिरहेको गाडीको प्वालबाट बाहिर हेर्दा सडकछेउका रुख, घर सबै पछाडि दौडेको देखियो । हामीलाई अनौठो र रमाइलो लाग्यो र "लौ हेर! सबै पछाडि दौडियो" भनेर हल्ला गर्न थाल्यौँ । रुद्रनाथ सरले हल्ला नगर भन्नुभयो । अनि रामप्रसादले चाहिँ "यी सब जङ्गलीहरू, कहिल्यै गाडी चढेका भए पो" भनेर खिष्ट्याए । कच्ची सडक, बेस्सरी हल्लायो । बल्ल बेलुकीपख जनकपुर सहरमा पुगियो । एउटा होटेलमा खाना खायौँ र बास बस्नका लागि धर्मशाला तर्फ गयौँ । त्यो रात धर्मशालाको एउटा कोठामा सुतियो । बिहानै उठेर जानकी मन्दिरमा गयौँ । राम–जानकीको प्रतिमा रहेको मूल मन्दिर आठ बजे खुल्छ भनेपछि बाहिर यता–उता केहीबेर घुमेर बितायौँ । ठीक आठ बजे मन्दिर खुल्यो । पुजारीहरूले संख, घण्ट, ढोल आदि बाजा बजाउने, पानसमा झलमल बत्ती बालेर हल्लाउने, चमर डोलाउने, आरती, भजन आदि गाउने रहेछन् । झण्डै २०–२५ मिनेट पूजा–आराधनाको कार्यक्रम चल्दोरहेछ । राम–जानकीको दर्शनपछि रामले धनुष भाँचेको स्थान, विभिन्न नामका सागरहरू हेर्न गयौँ । ठुला–ठुला पानीका पोखरी रहेछन् जसलाई सागर भनिदो रहेछ । मानिसहरू सागरमा नुहाइरहेका थिए । हामीले पनि सागरको पानी हातले उठाएर टाउको र शरीरमा छर्कियौँ । केहीबेर घुमेपछि एउटा होटेलमा पसेर खाना खायौँ ।

खाना खाइसकेपछि रामप्रसादले "अब पान खानु पर्छ" भने । मैले पानको बारेमा स्वस्थानी व्रत कथा

पढ्दा गोमा ब्राह्मणीले घरमा आएका पाहुनाहरूलाई खुवाउन पसलबाट पान किनेर ल्याएको कुरा पढेर सुनाएको थिएँ । तर मैले पान खानु त परै जाओस्, देखेको पनि थिएन । सडकमा निस्केपछि एउटा छाप्रोको अगाडि मानिसहरू उभिएका थिए । पान पसल त्यहाँ रहेछ भनेर रामप्रसाद अगाडि लागे, हामी उनकै पछि लाग्यौँ । पान पसलमा पुगेपछि पान बनाउन अर्डर गरे । पान पसलेले हरियो पातको थाकबाट एउटा पात निकाले र विभिन्न खाले बट्टाबाट थरीथरीका चीज अलिअलि निकालेर त्यो पातमा राखे । त्यसपछि पातमा राखेका चीजहरू नखस्ने गरी पट्याएर सिन्काले खिलेर राखे । भनेको जति सङ्ख्या पुगेपछि एकमुस्ट रामप्रसादलाई दिए । रुद्रनाथ सरसहित हामी सबैलाई एक–एक वटा दिए । सर र उनले कसरी खान्छन् भनेर हेरेँ । खिलेको सिन्का झिकेर फाले अनि मुखमा हालेर चपाए । मैले पनि त्यसै गरी सिन्का फालेर मुखमा हालेर चपाएँ । पान कस्तो न मीठो होला भन्ने लागेको थियो, खाँदा त मुख नै परपराउने टर्रो पो हुँदो रहेछ । अरू साथीहरूको मुखमा हेरेँ, रुद्रनाथ सर र रामप्रसाद बाहेक अरू सबैले मुख बिगारेको देखेँ । एकछिनपछि रुद्रनाथ सरले रातो झोल थुक्नुभयो । फेरि चपाउन लाग्नुभयो । मैले त दुई–तीन घुट्को चपाउँदा आएको रस निलिसकेको थिएँ । मलाई सारै नमिठो लाग्यो, अलि पर गएर सबै थुकिदिएँ ।

गाडी दुई बजे जनकपुरबाट ढल्केबरसम्म जान्छ भनेको थियो । समय निकै बाँकी भएकोले थोरै बजार घुमेर हेर्‍यौँ । त्यसपछि गाडी लाग्ने ठाउँमा गयौँ । अघिल्लो दिनको जस्तै लरी रहेछ । भित्र पसेर सिटमा बस्यौँ । मानिसहरू आउँदै थिए, चार बजिसक्यो, सिट भरिएर पनि यात्रुहरू भुइँमा बोरा ओछ्याएर बसे । बल्ल गाडी चलाउन सुरु भयो । अर्कोले भाडा उठायो । भाडा उठाइसकेपछि गाडी चल्यो । आधा बाटोमा पुग्दा गाडी बिग्रियो । रात परिसकेको थियो । निकैबेर टर्चलाइट बालेर गाडी बनाउन कोसिस गर्‍यो तर बनेन । सबै जना बाँकी भाडा फिर्ता माग्न थाले । "सामान मगाएको छ, अब केहीबेरमा आउँछ" भन्दै थियो, एकैछिनमा गाडीवाला गायब भए, सबै भागेछन् । अधेरी रात, वरिपरि बस्ती पनि नभएको, गाडीभित्रै रात बितायौँ । रिमरिम उज्यालो भएपछि गाडीबाट बाहिर निस्केर हेर्‍यौँ । गाडीवालाको अत्तोपत्तो छैन । झोला बोकेर हिड्यौँ । महेन्द्रनगरमा पुगेपछि खाना खाएर अगाडि बढ्यौँ । राति सुत्न नपाएको र दिउँसोको घामले गर्दा हिँड्न नसकेर बेलुकी भिमानमै बास बस्यौँ । अर्को दिन भने बिहान सबेरै हिँडेर बेलुकी बासमा आकासे आइपुग्यौँ ।

भोलिपल्ट बिहानै आकासेबाट हिँड्यौँ र खाना खाने बेलामा खिम्तीबेँसी पुग्यौँ । खिम्ती खोलाको साँघु तरेपछि एउटा पाटी रहेछ । पाटीमा सानो पसल राखेर मानिस पनि बस्तो रहेछ । कोही

साथीले पकाउने भाँडा र दाउरा मागेर ल्याए । म चुलो ढुङ्गा लगाएर आगो बाल्ने तरखरमा थिएँ । रामप्रसादले सारै भोक लाग्यो, "इन्द्रबहादुरको झोलामा चिउरा होला, अलिअलि खाउँ" भने । चिउरा अघिल्लो दिनमै सकिएको थियो । मैले "चिउरा छैन" भनेँ । उनलाई विश्वास नलागेर झोला खोतलेर हेरे । चिउरा नभएपछि मलाई एक्कासि आरोप लगाए, "बाटोमा पछि बसेर सबै चिउरा खायौ" भनेर । म रिसले भाउन्न भएँ । रिसको झोकमा मैले चुलोको ढुङ्गा उचालेर हान्न खोजेँ, तर अरू साथीहरू र सरले बीचैमा समातेर ढुङ्गा भुइँमा राखिदिए । आवेशमा आएर मैले रामप्रसादलाई तथानाम गाली गरेँ । सरले पनि सुरुमा रामप्रसादलाई गाली गरेर पछि सम्झाउनुभयो । केही क्षणपछि सबै चुपचाप लागेर खाना पकाएर खायौँ । त्यसपछि रामप्रसाद र मेरो लामो समयसम्म बोलचाल भएन । त्यो दिन बेतालीमा बास बस्यौँ र भोलिपल्ट घर आइपुग्यौँ । यसरी जनकपुरको भ्रमण पूरा भयो ।

स्कुलमा पढाइ सुरु भइसकेको रहेछ । नयाँ किताब पनि आइसकेका थिए । पहिल्यै किताब–कापी किन्न रकमको जोहो गरिसकेकोले किताब पाउन अप्ठेरो भएन । पौष महिना लागिसकेको थियो । पढ्ने विषयहरू बढेका थिए र किताबको सङ्ख्या तथा आकार पनि बढेको थियो । स्कुलमा पढाइ जोडतोडले चलिरहेको थियो भने घरमा आलु रोप्ने र मकैबारी जोत्नुपर्ने चटारो थियो । बिहान–बेलुका घरको काम भ्याएर बेलुकाको खाना खाएपछि टुकी बालेर राति अबेरसम्म पढ्थेँ । प्रायः म ठिक समयमा स्कुल पुग्थेँ र छुट्टी हुनासाथ घर हिँडिहाल्थेँ । बिदाको दिनमा पनि विश्राम थिएन । कुनै दिन वा विषय छुटाएको जस्तो लाग्दैन । चैत्र महिनासम्ममा ६ कक्षा सकाएर बैशाखबाट ७ कक्षामा पढ्ने भनिएको थियो । तर चैत्रको अन्त्यतिर म बिरामी परेँ ।

धेरै पहिलादेखि पेटमा गडबड भइरहन्थ्यो-कहिले पेट ढाडिने, कहिले पखाला लाग्ने । त्यतिबेला पेट दुख्ने समस्यालाई 'गानो उठेको' वा 'गानो चलेको' भनिन्थ्यो । कोदोको बिउ ब्याड बनाउन सानो भस्मे खन्दै थिएँ । एक दिन स्कुल चाँडै बिदा भयो, सायद शुक्रबार थियो । घर आएर खुकुरी भिरेर भस्मेमा फाँड्न थालेँ । बिहानदेखि शरीर शिथिल थियो । काम गर्दा–गर्दा हात–गोडा कटकटि खान थाल्यो, शरीर काप्न थाल्यो, काम गर्न सक्ने आट आएन । घर आएर सुतेँ । म र श्रीमती मात्र थियौँ घरमा । उनी बाख्रा चराउन गएकी थिइन् । बेलुका सिस्नुको तिउन र भात पकाइछन् । अलिकति सिस्नु र भात खाएर सुतेँ । राति भीषण जरो आयो । भोलिपल्ट पेट दुख्यो, पखाला लाग्यो ।

त्यो बेला जिरीमा भर्खर नर्सिङ सेवा सुरु भएको थियो । पर्सिपल्ट स्वास्थ्य केन्द्रमा गएर जचाएँ । सेवा दिने दुई जना स्वीस नर्सहरू थिए । भर्खरै

नेपाली भाषा सिकेका जस्तो लाग्थ्यो, थोरै नेपाली बोल्थे । मैले पनि अलिअलि अङ्ग्रेजी शब्द जानेकोले पेट दुखेको, पखाला लागेको, जरो आएको कुरा बताएँ । केही खाने औषधि दिए । घर आएर औषधि खाएँ तर हप्तादिनसम्म पनि निको भएन ।

गोठबाट सामल लिन साइँलो भाइ आए । भोलिपल्ट बिहान साइँलो भाइसँग गोठ गएँ । डेढ घण्टाको बाटो थियो, तर आठ घण्टामा बल्ल गोठ पुगेँ । गोठ माथिल्लो मार्मेमा थियो । हजुरबा गोठमा हुनुहुन्थ्यो । हजुरबालाई पेट दुखिरहने, दिसा लागिरहने कुरा बताएँ । उहाँले 'गानो उठेछ क्यार' भन्नुभयो । बेलुका एउटा ठुलो बटुको भरी भैँसीको दूध तताएर दिनुभयो । पखालाको रोगीलाई भैँसीको दूध! केहीबेरमा पेट गर्जिन थाल्यो । तारकोतार पखाला लाग्यो । रातभरि बाहिर निस्कँदा निस्कँदा गोठको तगारो काट्न पनि नसक्ने अवस्थामा पुगेँ ।

बल्लतल्ल उज्यालो भयो । बिहानै हजुरबाले कोदोको पीठोको पुवा खुडेर बेस्सरी खर्‍याएर थालमा राखी अमिलो दही हाल्नुभयो । तात्तातै खान भन्नुभयो । केही पनि खाउँ जस्तो लाग्दैनथ्यो । तर दुई गाँस दहीमा मुछेको पुवा खाएँ, यति मिठो लाग्यो कि जिब्रो र पेट दुवैले माग्न थाल्यो । थालमा दिएको जति सबै खाइसकेँ । केहीबेर पेटमा खुब हल्ला चल्यो । करिब दुई घण्टापछि शान्त भयो । दिसा थामियो । राति दिसा गरेका ठाउँमा हेर्दा कतै हरियो, कतै पहेँलो, कतै जौको टुँडा र भुस देखियो । पेट पूरा सफा भएजस्तो लाग्यो । पेटको बेथा निको भयो । घर आएँ, स्कुल जान सक्ने भएँ । त्यसबेलादेखि अहिलेसम्म गानोको समस्या भोगेको छैन ।

बिरामीले गर्दा करिब दस दिन स्कुल जान सकिन । सबै विषयका पाठ निकै अगाडि बढिसकेको रहेछ । केही दिनपछि आवधिक परीक्षा हुने कुरा सुनियो । शारीरिक कमजोरी भएकाले बिहान–बेलुकाको घरको काम छाडेर सबै समय पढाइमा लगाएँ । लगातार चार महिनाको मेहनतले करिब ६ कक्षाको किताबको पढाइ सकियो, थोरै मात्र बाँकी थियो । तर परीक्षा सुरु भयो । परीक्षा सकिन दुई दिन बाँकी थियो, त्यही बेला जुँगुको घरमा आमा र भाइ बिरामी भएको खबर आयो । गोठमा कोही छैन, आउनु भनियो । म त्यो दिनको जाँच सकेर गोठ गएँ । १ बजे जाँच सकिएकोले ३ बजेतिर गोठ पुगेँ । गोठमा हजुरबा र साइँलो भाइ थिए । हजुरबा घर जानु भएछ । पाडा–बाछालाई घाँसपात मिलाएँ । भोलिपल्ट बिहान गोठको धन्दा सकेर अन्तिम दिनको जाँच दिन स्कुल आएँ । जाँच सकियो । केही दिन बिदा भयो । फेरि गोठमा गएँ । त्यसपछि पढाइ सुरु भयो । गोठबाटै स्कुल आउन–जान थालेँ । गोठबाट स्कुल आउन डेढ घण्टा र स्कुलबाट गोठ जान दुई घण्टा लाग्थ्यो ।

## जिरी स्कुलको स्तरोन्नति र स्वीस सहयोग

२०२२ सालको भदौ महिनातिर जिरी स्कुलले मिडिल स्कुलको स्वीकृति पाएको भन्ने हल्ला फैलियो । स्कुल सञ्चालक समितिले हाइस्कुलको अनुमतिका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरेको कुरा सुनियो । शिक्षक, अभिभावक र हामी अध्ययनरत विद्यार्थीहरू सबै खुसी भयौँ । किनकि स्कुल ७ कक्षासम्म चलेको थियो तर आधिकारिक अनुमति प्राथमिक तहको मात्र थियो । हामी ६ र ७ कक्षामा पढ्ने विद्यार्थीहरूको मान्यताको सवाल थियो । मिडिल स्कुलको स्वीकृति भएपछि हामी ढुक्क भयौँ ।

बिगत दुई वर्षसम्म जिरी स्कुलमा ४ कक्षा पास गरेका विद्यार्थीहरूलाई काठमाडौँका नाम चलेका बोर्डिङ स्कुलमा ७ कक्षामा भर्ना हुने अवसर मिल्थ्यो तर त्यो अवसर सबैलाई उपलब्ध थिएन । जोसँग पैसा थियो वा छात्रवृत्ति पाएका थिए, उनीहरू मात्र जान्थे । हामीमध्ये धेरैको त्यस्तो हैसियत थिएन । हाइस्कुल हुने भएपछि सजिलै माथिल्लो कक्षासम्म पढ्ने अवसर मिल्ने भयो । त्यसैले हामी अत्यन्त खुसी भयौँ ।

स्वीस सहयोगको पहिलो परियोजना सकिएपछि २०२० सालदेखि २०३० सालसम्म जिरी बहुमुखी विकास योजना (Jiri Multipurpose Development Project - JMDP) नामक १० वर्षे दोस्रो परियोजना सञ्चालन भयो । यस परियोजनाका उद्देश्यहरूमा कृषि, वन, स्वास्थ्य र शिक्षा जस्ता क्षेत्र समावेश थिए । तीमध्ये शिक्षाको विकासमा भएको सहयोग महत्त्वपूर्ण थियो । जिरी स्कुलको स्तर वृद्धि गराउन यो परियोजनाले उल्लेखनीय भूमिका खेलेको थियो ।

पहिलो चरणमा केही शिक्षक उपलब्ध गराएर सहयोग गरिएको थियो भने दोस्रो चरण सुरु भएपछि शैक्षिक सामग्री, फर्निचर, मसलन्द आदि थप सहयोग दिइयो । स्कुल सञ्चालक समितिमा योजनाका प्रतिनिधि रहने व्यवस्था पनि थियो । स्कुलको स्तरोन्नति गराउने प्रयाससँगै भौतिक पूर्वाधार विकासको थालनी भयो । २०२२ सालदेखि जिरी बहुमुखी विकास योजनाको आर्थिक तथा प्राविधिक सहयोगमा ८ कोठे हाइस्कुल भवन निर्माण सुरु भई २०२३ सालमा पूरा भयो । यस निर्माणमा स्थानीय जनताबाट श्रमदान पनि जुटाइएको थियो । कक्षा वृद्धि हुँदै गएपछि आवश्यकता अनुसार कक्षा कोठा, छात्रावास र शिक्षक निवास पनि उक्त योजनाको सहयोगमा निर्माण गरियो ।

असोजको अन्त्यतिर दशैँ बिदा भयो । बिदाको समयमा पनि बेलुका किताब पढ्ने र नोट बनाउने गर्थौँ, विशेष गरी गणितका समस्याहरू हल गर्थौँ । दशैँपछि स्कुल खुल्यो । धेरै शिक्षकहरू काठमाडौँबाट आउनुपर्ने भएकाले केही दिन ढिलो

भए पनि पढाइ सुरु भयो । तिहारमा लामो बिदा भएन । टाढाका शिक्षकहरू पनि घर गएनन्, जिरीमै बसेर तिहार मनाए । त्यसपछि पुनः पढाइ सुरु भयो । मङ्सिरको अन्त्यतिर धेरै विषय लगभग पूरा भए । परीक्षा भयो । कापी परीक्षण र नतिजा प्रकाशनका लागि केही दिन बिदा भयो । वर्षे बिदा भएकाले हिउँदे बिदा थिएन । केही दिनपछि नतिजा आयो—कक्षा ७ उत्तीर्ण भएँ । केही साथीहरू अनुत्तीर्ण पनि भए ।

जिरी स्कुलले मिडिल स्कुल सञ्चालन अनुमतिको हल्ला भदौतिर नै आएको थियो तर आधिकारिक अनुमति पत्र आएको थिएन । कक्षा ६ र ७ उत्तीर्ण गरेकालाई प्रमाणपत्र दिने अधिकार स्कुल प्रशासनलाई थिएन । अर्कोतर्फ हाइस्कुलको अनुमति लिन सकिने उच्च स्तरीय आश्वासन पाएको हुँदा प्रक्रिया अघि बढीसकेको थियो । त्यसैले पछि अनुमति पाउने आशामा कक्षा ८ पढाउन सुरु गरियो ।

केही दिनसम्म पाठ्यपुस्तक र विषयगत शिक्षकको अभावले कक्षा ८ को पढाइ राम्ररी चल्न सकेन । पछि किताबहरू आइपुगे । एउटै विषयका दुई–तीन गोटासम्म किताब थिए । भूगोल, इतिहास, विज्ञान, स्वास्थ्य, शारीरिक शिक्षा आदिका छुट्टाछुट्टै किताब थिए भने नेपालीका दुईवटा र अङ्ग्रेजी तथा गणितका तीन–तीन गोटा किताब थिए । गणित विषयको ८, ९ र १० कक्षामा एउटै किताब प्रयोग हुन्थ्यो—जस्तै चक्रवर्ती अर्थमेटिक, के.पी. बसु अलजेब्रा, प्लेन जियोमेट्री आदि । यी विषय पढाउन विषयगत शिक्षक आवश्यक थिए ।

जिरी बहुमुखी विकास योजनाको शिक्षा शाखाले शिक्षक खोजेर ल्याउने गर्थ्यो । त्यो बेलामा शिक्षा शाखा प्रमुख अष्टकुमार श्रेष्ठ थिए । दार्जिलिङबाट आएका भिमदल राई, सहदेव थापा लगायतका शिक्षकहरू जिल्लाका विभिन्न स्कुलमा अङ्ग्रेजी पढाउँदै हिँड्थे । केही दिन पढाएर जान्थे । पछि काठमाडौँबाट लक्ष्मी थापा, श्रीधर जोशी, ज्ञानेसानन्द शर्मा, राघवेन्द्र उपाध्याय, ढालमान थापा आदि आएर जिम्मेवारपूर्वक पढाए । केही समयपछि कक्षा ८ को पढाइ राम्ररी चल्यो ।

कक्षा ८ मा भर्ना हुन ठोसे, बाम्ती आदि विभिन्न ठाउँबाट विद्यार्थी आए । विद्यार्थी सङ्ख्या तुलनात्मक रूपमा धेरै थियो । २०२३ सालको प्रारम्भसँगै जिरी स्कुलमा मिडिल स्कुलको आधिकारिक अनुमति पत्र आइपुग्यो र हाइस्कुलको सम्भाव्यता निरीक्षण गर्न टोली आउने कुरा सुनियो । हामी कक्षा ८ मा पढ्दै गरेका विद्यार्थीहरू खुसी भयौँ र ढुक्क पनि भयौँ ।

**। । भवतु सब्ब मंगलं । ।**

मितिः २०८२ ।०८ ।०८

# केही तिता, केही मीठाः एकाध सम्झनाहरू

फर्केर हेर्दा



**टेकबहादुर जिरेल**
(पूर्व प्रधानाध्यापक,
जिरी मा. वि.)

*"केही मिठा बात गर,*
*रात यसै ढल्किदै छ,*
*भरे फेरि एकान्तमा,*
*रुनु त छँदैछ ।"*

गीतकार कालीप्रसाद रिजालको शब्दरचनामा स्वरसम्राट नारायण गोपालको आवाजमा गुञ्जिने सुमधुर गीत सम्झनामै आइरहेकै बेला, जिन्दगीका एकाध तितामिठा कुराहरू लेख्ने जमर्कोमा छु । केही समय यता वार्षिक रूपमा यस स्तम्भमा लेख्दै आइरहेको छु ।

'झुल्का' हाम्रो ठाउँको इतिहास बोल्ने ज्यूँदो दस्तावेज हो । दोलखाली पत्रकारिताको इतिहासमा 'आँखा' पछि जिरीबाट प्रथम पटक प्रकाशित साहित्यप्रधान पत्रिका हो । यो तत्कालीन जिरी बहुउद्देश्यीय हाई स्कुलको मुखपत्रको रूपमा २०२६ साल फागुनमा शिक्षक श्री तीर्थराज अधिकारीज्यूको कुशल सम्पादनमा प्रकाशित भएको थियो ।

त्यसपछि एकपटक लिथो मेसिनमा र पछि यस विद्यालयका पूर्व शिक्षक ढाल बहादुर खड्काको प्रयासले भित्ते पत्रिकाको रूपमा केही समय 'झुल्का'ले उपस्थिति जनाएको इतिहास छ तर त्यस बेलाका रचनाहरू वर्तमानमा कतै नरहेको बुझिन्छ ।

लामो समय अर्थात् तीन दशकभन्दा पछि 'झुल्का'ले विद्यालयको मुखपत्रको रूपमा पुनः निरन्तरता पाएको हो । यो विद्यालयको भौतिक, आर्थिक र शैक्षिक प्रतिवेदनको अलावा साहित्य, सूचना र इतिहास जस्ता विषयवस्तुहरूलाई प्राथमिकता दिँदै आइरहेको छ ।प्रकाशनको क्रममा यसले आर्थिक समस्याका साथै अन्य केही चुनौतीहरू समेत नबेहोरेको होइन । विशेष गरेर वार्षिक रूपमा विद्यालयको प्रगति र भावी योजना अनि चुनौतीहरूका बारेमा विद्यालयका विद्यार्थी,

अभिभावक र सर्वसाधारण वर्गदेखि बौद्धिक एवम् राजनीतिक तहका मानिसहरूलाई समेत सूचना प्रवाह गर्ने हेतुले पनि 'झुल्का'को प्रकाशन गरिएको हो ।

मलाई सम्झना छ, आर्थिक संकट समेत बेहोरेर हामीले 'झुल्का' प्रकाशित गरेको र यस सन्दर्भमा हामीले झेल्न परेको समस्याका कथा–व्यथाहरूको फेहरिस्त लामो नै छन् । यस अवस्थामा न्यूनतम मूल्य तोकेर विद्यार्थीहरूलाई बिक्री–वितरण गरेका थियौँ कुनै बेला ।

त्यस बेला तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्षले नै अभिभावक र विद्यार्थीमाथि अनावश्यक आर्थिक भार थुपारेको आरोप विद्यालयमाथि लगाएका थिए र बाहिर राजनीतिक स्वार्थ साँध्नेहरू पनि त्यस्तै आरोप लगाउँथे ।

प्रोत्साहन, प्रशंसा र सहयोगको सट्टामा हामीले पाएका यस्ता 'पुरस्कार'हरू धेरै छन् तर 'झुल्का' निरन्तर प्रकाशन हुँदै आउनुलाई एउटा सार्थक उपलब्धि मान्नैपर्ने हुन्छ ।

आज 'झुल्का' मा कतिपय अतितका शिक्षक, विद्यार्थी र अभिभावकहरूले आफ्नो अनुहार हेर्ने मौका पाउनुलाई झन् सुखद अनुभूतिका रूपमा हेर्ने गरेको क्षण हामीलाई गौरव लाग्नु स्वाभाविक नै हो ।

हाम्रा विद्यार्थी भाइ–बहिनीहरूले 'झुल्का'मा आफ्ना लेख–रचनाहरू दिएर यसलाई ज्यूँदो राख्न अहम् भूमिका निर्वाह गरेका छन् । तथापि उनीहरूका सृजनशील रचनाहरू बारे हामी सधैँ मौन छौँ, केही बोल्दैनौँ, केही लेख्दैनौँ र मुखले चर्चासम्म गर्दैनौँ । मानौँ केही भएकै छैन ।

''झुल्का' बारे सामान्य विचार–गोष्ठी गर्नु विद्यालयको अतिरिक्त क्रियाकलापको एउटा एजेन्डासम्म बन्दैन । उपेक्षाको साम्राज्यमा सृजनशील रचनाको आत्मा जीवित रहन सक्दैन । अनि के यो न्याय भयो र ? मेरो अनुरोध छ, भावी दिनहरूमा यी कुराहरू माथि सकारात्मक ढंगले सोचियोस् ।पाठक प्रतिक्रया र भेटवार्ता जस्ता स्तम्भहरू समेत राखी यसको क्षितिज अझै उज्यालो र फराकिलो होओस् । 'झुल्का'प्रति मेरो एक अभिभावककै रूपमा हार्दिक शुभकामना ।

विद्यालयमा १०+२ संचालन र त्यसपछिका केही कुरा मुलुकमा १०+२ को कक्षा संचालन गर्ने अभियान चल्यो । सुखद कुरा जिरी स्कुलमा पनि उर्पयुक्त कक्षा संचालन गर्ने प्रारम्भिक गृह कार्यहरू भए । बिशेष गरेर यस विद्यालयका पूर्व शिक्षक र पछि उच्च माध्यमिक शिक्षा परिषद्का उच्च पदस्थ ब्यक्तित्व ढाल बहादुर खड्का,पूर्व प्रधानाध्यापक इन्द्र बहादुर खड्का, प्र.अ परशुराम खड्का र

शिक्षक सुमनकृष्ण जिरेलहरूको निरन्तर बसेको अनौपचारिक छलफलले यहाँ १०+२ चलाउने निष्कर्ष निकालेको थियो। सोही अनुसार आवश्यक प्रक्रियामा गई परिणामस्वरुप उच्च माध्यमिकशिक्षा परिषदद्वारा सम्बन्धन प्राप्त भई २०५१ सालदेखि १०+२ संचालनमा आयो। यो पनि सुखद कुरा थियो। अचम्म चाहिँ के थियो भने ती प्रारम्भिक छलफलहरूमा कतै मलाई सहभागी हुन भनिदैनथ्यो । यद्यपि म सधैँ उहाँहरूको छलफल हुने ठाउँमै सानो कोठामा डेरा गरेर बसेको थिएँ । उहाँहरू मलाई तिमी पनि आऊ छलफलमा सहभागी होऔँ भन्दैनथे । म पनि उहाँहरूको छलफललाई वास्ता गर्दैन थिएँ । पहिलो वर्ष उहाँहरूले एघार कक्षा संचालन गर्नु भयो । दोस्रो वर्ष बाह्र कक्षा संचालनमा आयो र पुनः कक्षा एघारमा नयाँ विद्यार्थीहरू भर्ना भए । शैक्षिक जनशक्तिको अभाव छ, विद्यालयलाई १०+२ मा तपाईँले अङग्रेजी विषयका कक्षाहरू लिइदिएर सहयोग गर्नु पर्यो भनि प्र.अ परशुराम खड्काले अनुरोधको भाषामा भन्नु भयो। त्यसमा पनि अध्यापनका लागि पूर्व तयारी गर्ने समय थिएन । सोझै बिहान छ बजे पहिलो घण्टी १२ कक्षामा गएँ । पहिलो घण्टीमै मैले अङग्रेजी बिषयका कक्षा भएकोले नेपाली बोल्ने कुरालाई छुट दिइनँ । अनिवार्य अङग्रेजी बिषय थियो । Sir Walter Scott **को** patriotism शीर्षकको कविता पढाएँ । राम्रै पढाएँ भन्ने लाग्यो । त्यसपछि प्र. अ. को कोठामा गएँ । उहाँले तपाईले त राम्रो पढाउनुभयो मैले अर्कौ कोठाबाट सुनिरहेको थिएँ भन्नु भयो । मेरो अहो गौरवको कुरा उहाँ मेरो स्कुल जीवनमा अङ्ग्रेजीका गुरु पनि हुनुहुन्थ्यो । त्यसबेला पुनः उहाँबाट त्यस्तो सकारात्मक पृष्ठपोषण प्राप्त हुँदा म उचित अंकमा उत्तीर्ण भएको सुखद् अनुभूति गरेँ । त्यसपछिका दिनहरूमा मैले अङग्रेजी बिषयकै जम्मा ३०० पूर्णाङ्कको पेपरहरू पढाएँ । कक्षा ११ र १२ मा नढाँटिकन भन्छु, कतिपय अवस्थामा मेरो पर्याप्त गृहकार्य नपुग्दा आफ्नो बिषयको पठनपाठनमा यदाकदा कक्षामा फ्लप भएको आफैँलाई अनुभति नभएको पनि होइन । त्यसबेला बिद्यार्थी भाइबहिनी माथि मैले न्याय गरिन भन्ने लागेको छ र म उक्त कुरा दुःखका साथ स्वीकार गर्छु । त्यस ताका आइ.वि. सरले माथि आफ्नै ठाउँमा एपार्ड आवासीय मा.वि. संचालन गर्नु भएको थियो। जुन बेला एपार्डमा अङग्रेजी बिषयका शिक्षक हुदैनथ्यो, उनीहररू जिरी मा वि मा बिहानी कक्षाको १०+२ मा पनि पढाउन अवसर दिने प्रलोभन देखाएर नयाँ अङग्रेजी बिषयका शिक्षक ल्याउँथे । बिडम्वना चाहिँ के हुन्थ्यो भने

बिना सूचना यता मलाई १०+२ को रुटिनबाट हटाउँथे र त्यसमा नयाँ शिक्षकको नाम राखिन्थ्यो । यसमा मैले कहिले पनि प्रतिवाद गरिनँ । फेरि राख्नु भएको समयमा म पुनः १०+२ को कक्षामा पढाउन जान्थेँ ।

एकपटक १०+२ को कक्षामा शिक्षकहरूलाई पारिश्रमिक दिन नसकिने आर्थिक संकट पर्यो । त्यसबेला १०० पूर्णाङ्क र ५० पूर्णाङ्कका विषय पढाउने शिक्षक साथीहरू थिए तर म जम्मा जम्मी ३०० पूर्णाङ्कको बिषय पढाउथेँ । निकै महिनाको पारिश्रमिक विद्यालयलाई समर्पण गर्न परेकोमा मलाई कतै पनि पीडा भएन । पीडा त मैले भन्दा मेरो परिवारले भोग्नुपर्यो किनभने आर्थिक संकट त थियो नै । तर पनि दिनहरू एवम् रितले बित्दै गए । कालान्तरमा उमाशिपले एउटा आर्कषक कार्ड फाल्यो नेपालको प्रत्येक अञ्चलमा एक एक ओटा नमूना उच्च मा. वि. का रुपमा विद्यालयहरू छनौट गर्ने र छनौटमा परेकालाई बार्षिक रु ५ लाख अनुदान दिने भनेर । त्यसो त मुलुकभरिका सुरुका एकसय उच्च मा. वि. हरूमा जिरी उच्च मा वि पनि दर्ता भएकै विद्यालय थियो । त्यसपछि त मुलुकभरि सयौँका संख्यामा मा.वि.हरू उच्च मा.वि.मा रुपान्तरण हुँदै थिए । यसरी विद्यालयको अवस्था अवलोकन गर्ने र निरीक्षण गर्ने सिलसिलामा उमाशिपद्वारा दुई सदस्यीय सह सचिवको टोली आयो। दुई मध्ये एकजना सहसचिव नारायण कोइरालाको फाँइफूर्ति चाँहि अरुलाई हेपेर बोल्ने खालको थियो । पहिले पहिले उहाँहरू भ्रमणमा आउँदा मेरा एक जना प्राविको शिक्षकलाई अग्रिम सूचना दिइएको हुन्थ्यो र मेरा पनि विश्वासपात्र उनै शिक्षकले मेरो कानमा सुटुक्क भन्ने गर्थे तर त्यस पटक बिना सूचना एक्कासि विद्यालयमा देखा परे उहाँहरू । सलाम गरेँ । नारायण सरले त सलाम पनि फर्काउनु भएन की ! खुद इन्द्र सर त्यहीँ उपस्थित हुनुहुन्थ्यो । पूर्व प्र.अ.परशुराम सर उपस्थित हुनु हुन्थेन । नारायण सर निकै फाइँफूर्ति लगाउँदै कुराकानीको सिलसिलामा आफ्नै परिवारको कुरा पनि जोड्नुभयो जुन अनपेक्षित लाग्थ्यो । म प्र.अ. कैं कुर्सीमा थिएँ । नारायण सरले मप्रति लक्षित गर्दै सबैका सामुन्ने आदेशात्मक शैलीमा भन्नु भयो "यहाँको हेडमास्टरले त एम.ए. गर्नुभएको रहेनछ, यो चाहिँ तपाईहरू आफैले मिलाउनुहोला ।" मलाई कसैले भित्तामा पुर्‍याएर भकुरे झैँ लाग्यो । तैपनि आफैँलाई सम्हालेर शिर ठाडो पार्दै बसेँ । मनमनै मेरो मनले मलाई भन्दै थियो । "यो पद तैँले आफूले निर्वाह गरेको भूमिकाको आधारमा पाएको होस्, यो त्यसको बाउले दिएको विर्ता होइन ।" पछि मैले अर्का

सहसचिवलाई भने कोइराला सरले त यसो पो भन्नुभयो त ! जवाफमा उनले फेरि यसरी दनक दिए । " तपाई आफू साधारण मा.वि. शिक्षक भएर बस्छु भन्नोस् न ।" मेरा श्रद्धेय जिरीका एक शैक्षिक अभिभावक पूर्व प्रअले समेत मलाई उल्टै उडाउँदै "तपाईंलाई त एम.ए नगरेको भनि हाले नि," भन्नुभयो । मानौँ तत्काल मैले प्र.अ. को कुर्सी छोडनु पर्छ । म गलत पनि हुन सक्छु तर यी आदरणीयहरूले मेरा उपर यत्ति भनिसकेपछि लाग्यो यी मनुवाहरू मप्रति पूर्वाग्रही दृष्टिकोणले नश्लीय ग्रन्थिबाट बोल्दै छन् । त्यसो त आइ.वि. सरले पनि जीवनका पछिल्ला दिनहरूमा आएर मात्र स्नाकोत्तर तह पूरा गरेका हुन् ।

मेरा श्रद्धेय गुरु परशुराम खडका, जो आफ्नो पेशागत सामर्थ्यमा जीवनभर आत्मविश्वासका साथ क्रियाशील रहे, उहाँले स्नातकोत्तर तह पूरा गर्ने विषयमा कहिल्यै टाउकै दुखाउनु भएन । तैपनि चलेकै थियो त ।

त्यो दिन किन कुन कारणले उहाँहरूले मप्रति न्यूनतम मानवोचित व्यवहारसम्म गर्न चाहेनन्-यह तो राम जाने... ।

(यहाँ नेर स्नातक तह पूरा गरी घर फर्कने समयमा मलाई भेटेर *"स्नातकोत्तर तह पूरा नगरी गाउँ नर्फकिनू" भन्ने मेरा अग्रज गुरु, पछि जो त्रि.वि. वि.का उपकुलपति समेत हुनुहुन्थ्यो डा. जयराज अवस्थी र त्यस बेला स्नातक तहमा अध्ययनरत मायालु चेली शुक्ला सुब्बाले दिनुभएको मूल्यवान् सुझाव म जीवनभर सम्झिनेछु । उहाँहरू दुवैजना प्रति सम्मान र आभार व्यक्त गर्दछु ।)*

मलाई लाग्छ, यस मुलुकको कर्मचारीतन्त्रमा उनीहरूको डिएनए (DNA) मै परपीडक स्वभाव रहेको कुरा मलाई राम्ररी थाहा थियो र छ । उहाँहरू मात्र यसको अपवाद हुने कुरै भएन । भोलिपल्ट पनि उहाँहरू अन्तिम निरीक्षणका लागि आउनुभयो तर अघिल्लो दिनको भन्दा निकै नरम भएर । आफू त अघिल्लो दिनबाटै गरम भएकै थिएँ तर आवेशमा आएर मलाई उहाँहरूसित कुनै जितबाजी हासिल गर्नु थिएन । आक्रोसमा आएर उहाँहरूलाई मुढेबलले हराएर म के जितुँला र! मेरो मनले भन्दै थियो-"मेरो हारजित त विद्यालयको हारजित र भविष्यसित गाँसिएको थियो । म आफैँमा हार्न होइन, विद्यालयको हितमा हार स्वीकार गर्न तयार थिएँ ।

मैले भित्र गरम र बाहिर नरम अनि शालीन भएर पहिलो र अन्तिम प्रश्न सिधै राखेँ-

"यहाँहरूले हिजो यस विद्यालयको प्रअको प्राज्ञिक योग्यता बारे उठाउनुभएको प्रश्न के हो ? के यो विद्यालयलाई नमूना उच्च मा.वि. बनाउने बाटोमा

म बाधक भएकै हुँ ? मलाई जवाफ चाहियो । म दुई मिनेट भित्र यसको समाधान दिन्छु ।" यत्ति भन्दै म घडी हेर्न लागेँ । त्यसबेला मैले उहाँहरूको अनुहारतिर पटक्कै हेरिनँ । उहाँहरू भने "होइन, होइन, त्यस्तो होइन" भन्दै लोलोपोतो गर्दै हतारहतार त्यहाँबाट बिदा हुनुभयो ।

सुखद कुरा-यो विद्यालय नमूना उच्च मा.वि.को रूपमा छनौटमा पर्‍यो । नारायण कोइराला सरले उक्त ५ लाखको अनुदान पाउने विद्यालयका प्रअहरू र अन्य धेरै अतिथिहरूले खचाखच् भरिएको हलमा सो बारे आफ्नो प्रतिक्रिया दिन प्रअहरूलाई पालैपालो मौका दिनुभयो । प्रायः सबैले उमाशिप र त्यहाँका ती उच्च पदस्थ कर्मचारीहरूको प्रशंसा र जयजयकार गरे । मैले मेरो पालोमा आफ्नो विद्यालय अझै नमूनायोग्य नभएको र उमाशिपको यो अनुदान यसलाई नमूना विद्यालयमा रूपान्तरण गर्नका लागि गरिएको सामान्य प्रारम्भिक प्रयास मात्र हो भनेँ त्यो सुनेर नारायण सर नराम्ररी झस्किएको मलाई अहिले पनि सम्झना छ । फेरि दुःखको कुरा-उपर्युक्त अनुदान भने उमाशिपले सकिनसकी केवल दुई साल मात्र दियो तर मलाई मानहानिको क्षतिपूर्ति चाहिएन । एउटा सन्तुष्ट नागरिकको जीवन ज्यूँन यस विद्यालयले मलाई भरपुर सघाएको छ । मेरो विद्यालय, मेरो बृहत परिवार, मेरो प्रेरणा ! म यतिकै खुशी–खुशी छु ।

प्रिय पाठकहरू, उपर्युक्त कतिपय तिता बातका बावजूद् मेरो यही खुशी यहाँहरू सबैका लागि मीठा बात हुनेछ भनी सगर्व विश्वास गरेको छु । समयको चौतारीमा यस्तै तिता–मीठा कुरा गर्न फेरि भेटौँला ।।।

# जिरीको सम्झना

सुशीला काफ्ले
पूर्व विद्यार्थी(SLC २०३८)
जिरी मावि

मैतीदेवी, काठमाडौँ-समयको छायाँमा ओझेल परेको एउटा उज्यालो गाउँ-जिरी । बाल्यकालको मिठास, गाउँको माया, खेत–बारी, गाई–गोरु, पढाइ, अनि स्विसको सहयोगले समुन्नत हुँदै गएको त्यो ठाउँ- सबै आज पनि मनको गहिराइमा झल्किन्छ।

म करिब पाँच–सात वर्षकी थिएँ, जब पहिलोपटक जफेबाट जिरीतर्फ जाने अवसर मिल्यो। सान्नानी दिदीको घर जिरी परेकाले वा सान्दिदीसँगै यात्रामा निस्केर जिरी पुगिएको हो। लगभग पचास वर्षअघिको समय। डाँडाको बन अफिसबाट कुँडार हुँदै जिरी एयरपोर्ट देखिन्थ्यो । धारामा पानी लिन आएका स्विस बालबालिका- चौरमा खेल्दै गर्दा देख्दा मलाई विदेश पुगेझैँ लाग्थ्यो । जिरीको भौगोलिक स्वरूप स्विजरल्याण्डसँग मिल्ने भएकाले, "यो नेपालकै स्विजरल्याण्ड होला" भन्ने सोच त्यही बाल आँखाले बनाएको हो। जफेबाट हिँड्दा पहिले बारीका गरामा, त्यसपछि गहुँ–मकैका गर्‍हाहरू काट्दै, गहिरो ओरालो झर्दै जङ्गल छिर्थ्यौँ- लहरेमाने। घना रूख, लहरे झाडी, अनि भालुको कथा मिसिएको त्यो जङ्गल बाल मनका लागि मिथकीय संसार थियो ।गाउँमा भालुको कता–कुति चल्थ्यो—"एक्लै नजानू", "मकै लुट्छ", "कसैलाई चिथोरेछ" जस्ता कुरा। त्यसैले पहिलोपटक लहरेमाने छिर्दा आमाले पोकामा रोटी, नून, खुर्सानी राखिदिनु भएको थियो । जङ्गलमा दिउँसो सुनिने गाईको घण्टी, टाढाबाट आएको सुस्केरा, र अचानक सुनिने तर्साउने आवाज- यी सबैले मनमा डर पैदा गर्थे।

एकदिन जङ्गलको छेउबाट ठुलो आवाज आयो- हामी अक्क न बक्क भयौँ। काइँला हजुरबाले "भालु त होइन ?" भन्नु भयो। सासै अडिएको जस्तो भयो। केही बेरपछि हेर्दा गाउँकै गोरु रहेछ तर त्यो क्षणको डर आजसम्म सम्झनामा अडिग छ। जङ्गल पार भएपछि जिरीका घर, विमानस्थल र वरिपरि उड्ने सेता परेवा देख्दा सबै डर हट्थ्यो- "अब जिरी आइपुगियो" भन्ने तृप्ति आउँथ्यो। लहरेमानेले मलाई सिकाएको कुरा- डरभन्दा माथि उठेर हिँड्ने साहस।

जफेमा कक्षा ५ सम्म पढाइ हुन्थ्यो । म कहिले कालापानी स्कुल, कहिले भतेरचौर । धुर्वा दिदीसँग कक्षा ४ कालापानी पढेर जिरीमा कक्षा ५ मा भर्ना भएँ । मेरा धेरै आफन्त अब संसारमा छैनन्, धुर्वा दिदीसहित । सानो मामा बितेर पनि दुई वर्ष भइसके। मेरो सानो आमाले भतेरचौर च्यामा पढाउनुहुन्थ्यो । बुबा सिक्षक, आत्मज्ञान भएकाले सबैले सम्मान गर्थे । अहिले उहाँ हामीलाई छोडेर गएको २५ वर्षभन्दा बढी भइसकेछ ।

जिरी स्कुलमा मलाई 'लिब्रिक 'म्याडमले पढाउनुहुन्थ्यो, स्विजरल्याण्डकी नागरिक । उहाँको पहिरनको सुगन्ध, रंगीन सिसाकलम, व्यवहार- सबै स्मरणमा ताजा छन् । त्यही बेला जिरीमा डाक्टरहरू पनि स्विस नै थिए ।

एकदिन भाइ नव मावल जाँदा बेसरी बिरामी भयो । म आमासँग नहिँडेर काइँला हजुरबासँग एकदिनको बाटो हिँडेर जिरी ल्याइएको थियो । त्यतिबेला स्विस डाक्टरले नै बचाउनुभएको थियो ।

जिरीमा स्विस सहयोग- अस्पताल, एयरपोर्ट, कृषि फर्म, स्कुल, बङ्गुरपालन, भेटनरी- सबै उनीहरूले प्रारम्भ गरेका थिए । लामा–साँगुरे सडक खुलेपछि एयरपोर्ट बन्द भएजस्तो भयो ।

मेरो फुपाजुले स्थापनाकालदेखि पढाएको विद्यालयमा पछि बुबाले पढ्नु पनि भयो, पढाउनु पनि । कक्षा ५ मा भर्ना हुँदा किरण साथी भइन्- लगनशील, अनुशासनमा अडिग ।

कक्षा ५ पछि हामी परिवार भिमानतिर लाग्यौँ, जहाँ दुई वर्ष पढाइ रोकियो । फेरि फर्किएर जिरीमा कक्षा ६ पढें । त्यसपछि बसाइ लम्बियो । एसएलसी पास जिरीमै भयो ।

पढेको स्कुलमा नै पढाउने अवसर मिल्दा- इन्द्र सर, परशुराम सर, सुमन सर, आनन्द सर, निरौला सर, महासेड सरजस्ता शिक्षकसँग सहकार्य गर्ने सौभाग्य पाइयो ।

१९८५ (२०४२ साल) देखि काठमाडौंमा शिक्षण पेशामा लागेँ, अहिले अवकाश जीवन बिताइरहेकी छु । जिरी जाने अवसर भने अहिलेसम्म मिलेको छैन। जन्मेका मान्छे ठुला भइसके, हामीलाई बुढाहरूले मात्र चिन्दा हुन् तर जिरी स्कुल, वीरेन्द्र सिल्ड जितेको क्षण, खोलीकिनार, हाट बजार, सबै मनमा ताजा छन् ।

जिरीको पुरानो घर- ढुंगाको छाना–पर्खाल, लहरा–पहरा बीच उभिएको, मेरो बाल्यकालको आधार । बिहानको चिसो बतास, ओसले चिप्लिएका पात, आँगनको घाँस, गाईहरूको आवाज, सबै दिनको सुरुवातको संगीत थियो- रातु र कावेली, हाम्रो दुई गाई, घरका आत्माजस्तै । घाँस ल्याउने, गोठ सफा गर्ने- काम मेरो । कहिले गाईको सिङ्गले डराउँथेँ, आमाले "गाई त देवी हो" भन्नुहुन्थ्यो ।

जिरी खोलाको बाढी त्यो वर्ष भयानक थियो । हामी बिहानै "खोलातिर नजानू" भनेर बुबाले चेतावनी दिनुभएको थियो । तर दिउँसो सान्नानी दिदी र धुर्वा दिदीसँग चकलेट बोकेर खोलातिर गयौँ । बाढी आएको दृश्य, पहिलोपटक देखेको प्रलय, आजसम्म मनमा अडिएको छ ।

वर्षातमा खेत चिल्लो, हिलोले पुरिएको हुन्थ्यो, सुरु हुन्थ्यो- रोपाइँ । पोल्दोकको झोलामा खाजा, हलीको "बिउ सिँच!" भन्ने कर, रोपार दिदीहरूको कम्मर लच्काउँदै बिरुवा गाड्नु, अनि बीच–बीचमा हिलो छ्यापाछ्याप, यी सबै हाम्रो बाल्यकालका मधुर दृश्य । पोल्दोकको बुढी आमाको पिरो तरकारी, आजसम्मको स्मृति–स्वाद ।

शनिवारको हाटबजार, जिरीको आत्मा । धनियाँ, आलु, जंगली च्याउ, छुर्पीको सुगन्ध । खुकुरी–खन्ता चम्किएको स्टल । बोली मिठा तमाङ्नी आमाहरू । बजार केवल किनमेल होइन- सम्बन्ध, कथा, पहिचानको ठाउँ ।

जिरीको बिहान, ओस, चिसो बतास, हातमा तुम्लेट लिएर कृषि फर्म पुग्ने यात्रा । स्विस कर्मचारी, स्थानीय सहयोगीले दूध वितरण गर्ने दृश्य । दूधको ताजा सुगन्ध, बच्चाहरूको उत्साह, सबै बिर्सन नसकिने ।

बाटोमै घाँस काट्दै बस्ने बुढी आमाहरू, एअरपोर्टको किनारमा घाम ताप्ने बेलाको शान्ति, जिरीको सुगन्धित चित्र । हामीले पछि दुई गाई पाल्यौं- रातु र कावेली । रातु चञ्चल, कावेली शान्त । डाँडातिर घाँस काट्न जाँदा उनीहरूको साथ, हिउँदमा गोठभित्र बसेर पराल चपाएको आवाज, आज पनि मनमा बजिरहन्छ । जिरी स्कुलमै माझ भाइहरू, चिरञ्जीवी, विपीन र नविनले पढे । उनीहरू आज आ–आफ्नो क्षेत्रमा सफल छन् । (दुर्भाग्यवश चिरञ्जीवी भाइ यसै वर्ष बित्नुभयो) बुबाले "छोरीलाई पनि पढाउनु पर्छ" भनेर लिनुभएको निर्णय, म जीवनभर ऋणी छु । यही प्रेरणाले मलाई शिक्षिका बनायो, अनि आफ्नै स्कुलमा पढाउने सम्मान दिलायो ।मन भने आज पनि जिरीकै खेत, खोला, पोल्दोक, हिलो र हाँसोमा डुलिरहन्छ । जिरी मेरो पहिलो घर हो। मेरो जीवनको पहिलो पाठशाला ।

जय जिरी, जय जिरेश्वरी माता ।

# Snow is History

प्रस्तुत लेख "In the Shadow of Gaurishankar" नामक पुस्तकबाट लिएको हो। यस लेखमा यस विद्यालयका पूर्व विद्यार्थी केशर जिरेलले धमिलो विगतलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन् ।

I must say, life was easier in Jiri compared to other parts of Dolakha district. This was due to the Swiss project that employed people and started different programmes. Switzerland has really made a huge contribution to Jiri and its people. If they hadn't built the school, I couldn't have gone to school. I used to work in the mornings and evenings and go to school in the afternoon. Later, I received a scholarship from the Swiss government to study.



1996. Keshar Jirel shows the hard cheese in the cellar of the factory he managed at Thokpa. Besides working as a cheese-maker he was also engaged by the Dairy Development Corporation as an adviser for other cheese factories.

Although my student life was hard, later in my life I got plenty of opportunities. After my SLC (School Leaving Certificate), I worked as a teacher. In 1972, I met Fritz when I got a job with a comfortable salary in the education section of IHDP. Later, I received dairy train-ing and worked as cheese-maker in different factories and as adviser for the Dairy Devel-opment Corporation. I even got a chance to visit Switzerland and the Philippines. For the last few years I have been running a hotel in Jiri. I consider my 60 years of life fruitful so far.

The Jiri Haatbazaar every Saturday was also very useful. It became the biggest haatbazaar in the district and was visited by people from Solu, Okhaldhunga and Ramechhap as well. In Jiri itself, Jirel, Surel,

Thami, Sunuwar, Tamang, Sherpa, Bahun, Chhetri, Kami and other people live. So, during haatbazaar we heard songs in different languages. People danced to the mouth harmonium and the damphu (hand-held drum). Drinking raksi (alcohol) often resulted in getting drunk and fighting.

Jatras (religious festivals) like Chepte, Rambhole, Dhungeswori and Jireswori used to be important in people's lives. Once during Chepte Jatra, when I was around nine years old, I danced in the crowd and my aunts searched for me everywhere, thinking I was lost. One of the most unforgettable moments in my life was in 1964 when I together with my friends danced in front of King Mahendra. At the end we got NRs 5 per person as a baksis (tip) from the king himself.

Farming potatoes, maize, millet and wheat was required for daily consumption as was ani-mal husbandry. Before the road was opened, people had to walk to Bhaktapur and Kath-mandu to sell goats and sheep in order to have money for festivals. I have also walked the old way from Jiri to Namdu, Kiratichhap, Sherabeshi, Nigale, Petku to Lamosangu where I got a bus.

It used to snow every year in Jiri, but it doesn't happen these days. Snow is history and other things too. In my childhood, people used to think that education is worthless; nowa-days people believe education is the basis for a professional life. People do not have to go to other places for higher education as there are schools in Jiri up to the bachelor's level. People from Jiri have reached high government positions as well. Now, we use computers and the internet and I think more technology will influence people's lives in future.

In Jiri, we have a good hospital and so nobody has to go to Kathmandu in case of any ill-ness. The community forest programme has helped keep the greenery in the valley. But there is also the danger of the negative effects of quick development to traditional values.

The most unforgettable and painful memory in my life is when the Maoists killed one of my neighbours' brother, Hemanta, in the bazaar near my hotel. Just that day we had talked for a while over a cup of tea. Only around 45 minutes later, he was killed since he was po-litically inclined towards the Nepali Congress Party.

# हिमालको तृष्णासँग हृदयको यात्रा: अन्नपूर्ण र माछापुच्छ्रे आधार शिविर यात्राकथा



खेमराज उपाध्याय
पूर्व विद्यार्थी, जिरी मावि

छठ पर्वको बिहानको झिसमिसेमा काठमाडौं निद्रामै थियो तर त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनलमा भने दह्रो हाँसो, उत्साह र हिंड्ने बुटहरूको खटखटाहटले गुन्जिएको थियो । हामी १० जना (७ महिला र ३ पुरुष) साथीहरू, सबैको अनुहारमा एउटै चमक, एउटै प्रश्न: "के हामी साँच्चै हिमालको आँगनमा पुग्नेछौं" ?

विमानले काठमाडौंको आकाश छिचोल्दै पोखरातर्फ उड्न थालेपछि, धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण—सबै सफा आकाशमा टल्किँदै थिए । तर पोखराको विमानस्थलमा हुस्सु (कुहिरो) को कारण विमानले दमौलीमाथि चार फन्का मार्नुपर्‍यो । त्यो आकाशीय दृश्यले यात्राको पहिलो अध्याय नै लेखिसकेको थियो । एक घण्टाको उडानपछि पोखराको शीतल हावाले स्वागत गर्‍यो । फेवातालको छालसँगै सतहमा सूर्यका किरणहरू नाचिरहेका थिए ।

त्यहाँबाट झिनु डाँडासम्मको जीप यात्रा भने अर्कै कथा थियो । पक्की बाटो सकिएपछि जीप धुलामे, ढिस्कामे बाटोमा हिचकिचाउँदै अघि बढ्थ्यो । कहिलेकाहीँ त खोला–बगरमाथि हिंडेजस्तो लाग्थ्यो । ड्राइभर भाइले हाँस्दै भने, "यी बाटोमा हिंड्नेहरू स्वर्ग पुग्न डराउँदैनन्" हामी पनि हाँस्यौं । आखिर, स्वर्गभन्दा सुन्दर यात्रामा त थियौं ।

झिनु डाँडाबाट ३ घण्टाको उकालोमा शरीरको रगतले कपालसम्म धड्किरहेको अनुभव सबैले गरेका थियौं । वरिपरि हरिया बन, रुखका पातबाट तपतप पानीका थोपा चुहिँदै; टाढाबाट खसेको झरनाको आवाजले सबैलाई मोहित पारिरहेको थियो । छोम्रोंग पुग्दा साँझ परिसकेको थियो ।

होटलका छानाबाट धुवाँ उठिरहेको थियो, तातो सूपको सुगन्ध आउँथ्यो । हामीले हिमाल नजिकिएको महसुस गर्दै निदायौँ । अर्को बिहान, आकाश फेरि उदास, पानीले बाटो ढाक्यो, कुहिरोले दृश्य लुकायो । प्रकृतिले हाम्रो धैर्यको परीक्षा लिइरहेको अनुभूति भयो । त्यो दिन र रात दुवै छोम्रोंगमै बित्यौं ।

उज्यालो भयो । बोटलमा पानी, काँधमा झोला र मनमा हिम्मत बोकेर हामी फेरि बाटो लाग्यौं । छोम्रोंगबाट तल सिढीको लहर झर्दै, लौरी समात्दै, कहिले बिसाउँदै, कहिले अर्काको हात थाम्दै ओह्रालो यात्रा गर्यौं । करिब १२ घण्टाको कठोर यात्रापछि दोभान पुग्दा हामी मौन थियौं । केवल खोला र छहर्याको आवाज, कहिलेकाहीँ नजिकको पहिरोको गर्जन । तर त्यो मौनतामा पनि सन्तोष थियो । कसैले फुसफुसायो, "हामी आइपुग्यौं" त्यो वाक्यमा विजयको मिठो अनुभूति थियो ।

दोभानबाट अर्को बिहान माछापुच्छ्रे आधार शिविरतर्फ उकालो लाग्यौं । आधा बाटो पुग्दा आकाश खुल्ने अपेक्षा थियो तर विपरीत भयो । मुसलधारे वर्षाले यात्रा कठिन बनायो । शिरदेखि पैतालासम्म भिज्यौं । जुत्ता भारी भयो, शरीर निथ्रुक भिज्यो । कहिले हल्का झरी, कहिले मुसलधारे पानीले शरीर मात्र होइन, मुटुसम्म भिजायो तरपनि हरेक मोडमा माछापुच्छ्रेको टुप्पो कुहिरोबाट झुल्किँदै भन्थ्यो, "आऊ, म पर्खिरहेको छु ।"

माछापुच्छ्रे आधार शिविर पुग्दा हिउँको हावा चलिरहेको थियो । होटलभित्र ग्यास हिटर वरिपरि सबै न्यानोपन खोज्दै पसे तर पाईएन । कसैले हाँस्दै भन्यो, "लुगालाई मात्र होइन, आत्मालाई पनि सुकाउँ" भिजेका जुत्ता र लुगाहरूले कोठा चिसो बनाइरहेका थिए । टेबललाई कम्बलले छोपेर मुनि हिटर बाल्यौं । एक घण्टाको रु. १०००, हरेकले रु. १०० तिर्यौं तर समाधान मिल्यो । त्यो न्यानोपन कपडाको मात्र होइन; त्यो हाँसो र मित्रताको ताप थियो, जसले हरेक सासमा भन्यो, "जीवन यही हो"

अन्नपूर्ण आधार शिविरमा चिसोले गाला रातो बनाइसकेको थियो । होटलवालालाई ३ प्याकेट



चाउचाउ पकाइदिन भन्यौं । पछि बिल आयो रु. ८०० । कसैले हाँस्दै भन्यो, "यो त सुनको नुडल्स हो ।" सबै हाँस्यौं तर त्यो तातो नुनिलो झोलले भोक, चिसो र थकान सबै बिर्सायो । त्यो चाउचाउ नै त्यस क्षणमा संसारकै स्वादिलो भोजन बन्यो ।

बिहान आकाश खुलेको थियो । ताराहरू झिलमिल, माछापुच्छ्रेको टुप्पोमा चन्द्रमाको उज्यालो । हामी ५ बजे नै टर्च बाल्दै, जमेको ताल भएतिरको बाटो हुँदै अन्नपूर्ण आधार शिविरतर्फको बाटोमा हिड्यौं । ४१३० मिटर उचाइमा पुग्दा, अन्नपूर्णको विशाल काय हाम्रा सामु उभिएको थियो । हामी स–साना धुलिका कणझैँ देखिन्थ्यौं तर भित्रदेखि प्रफुल्लित भयौं । हिउँमा दौड्यौं, हाँस्यौं, उफ्र्यौं, बालकझैँ खेल्यौं ।

हिउँसँग खेल्दा थकान हरायो; केवल आनन्द बाँकी रह्यो । करिब २ घण्टा आधार शिविरमा रमाई बिस्तारै तलतर्फ झर्ने क्रम सुरु गर्यौं । हामी ओरालो लाग्यौं, १९ किलोमिटर तल बेम्बो पुग्दा शरीर थकित थियो तर बारीको कुनामा देखिएको सेतो मुलाले सबैको ध्यान खिच्यो । पौने किलोको मुला रु. ३००! सबै हाँस्यौं, "यो त हिमालको अर्गानिक चाँदी रहेछ ।" त्यो मुला सलाद मात्रै होइन, यात्राको हाँसोको साधन बन्यो ।

हिमालको बाटोमा खच्चरले दुईवटा ग्यास सिलिन्डर ढाडमा बोकेर ल्याउँदै थियो । त्यो जोखिमपूर्ण सिढी र उकालो पार गर्दा एक सिलिन्डर पुर्याउँनै रु. १००० पर्छ रे । हामी अचम्ममा पर्यौं । "हामी हिंडेरै थाक्यौं, खच्चरले त भारी बोक्दै स्वर्ग र पृथ्वी जोडिदिएको ।" हिमालमा ऊर्जा, श्रम दुबै श्रद्धाको रूपमै पाइदोरहेछ ।

बास बस्दा रातको वर्षा र पहिरोको डरले मनमा अनिश्चितता थियो । अर्को दिन बिहान थप १३ किलोमिटर झर्दै झिनु डाँडा आइपुग्यौं । तातोपानीमा नुहाउने चाहना त थियो तर यात्रा निरन्तर रह्यो । दुई दिनमा ३२ किलोमिटर हिंडेर साम्रोंग पुग्यौं । त्यहाँबाट गाडी चढेर पोखरा फर्कँदा सबैको अनुहारमा थकानसँगै सन्तुष्टि झल्किएको थियो । राति १५ सिटे ईभी गाडीमा फर्किंदा झ्यालबाहिर फेरि ताराहरू चम्किरहेका थिए । बिहान ५ बजे काठमाडौं पुग्दा आकाश उज्यालो हुँदै थियो ।

यो यात्रा केवल १० जना (अञ्जु, उर्मिला, कल्पना, कोपिला, बिमला, बिजया, शोभाकर, प्रजापती, खेमराज) को पदयात्रा थिएन,—यो सम्बन्ध, सहनशीलता, आत्मीयता, मित्रताको न्यानोपन तथा प्रकृति सान्निध्यको एउटा अनुभव थियो ।

हिउँले सिकायो,नरम भएर पनि कठोर हिंडाइ सम्भव हुन्छ । पानीले सम्झायो- जीवन हरेक मोडमा अनिश्चित हुन्छ । मित्रहरूले देखाए- रमाइलोपन कठिनाइभित्र पनि फुल्न सक्छ । हामी फर्कियौं तर लाग्छ, हाम्रो कुनै अंश आज पनि त्यो हिमालमै बाँकी छ । कार्तिक २०८२, काठमाडौं ।

# मेरी आमा, हाम्री आमा जिरी विद्यालयको एक दिनकी शिक्षिका (स्व. दिलाश्वरी उपाध्याय)



**तारा उपाध्याय**
**पूर्व विद्यार्थी, जिरी मावि**

मेरी आमा सरलतामा महानता अटाएको एक असाधारण व्यक्तित्व हुनुहुन्थ्यो । उहाँले हरेक क्षण आफ्नो जीवनमा प्रेम, संघर्ष र समर्पणको वास्तविक उदाहरण प्रस्तुत गर्नुहुन्थ्यो । आमाको जन्म वि.सं. २००० साल फाल्गुण महिनामा पिता पण्डित–ज्योतिष हरिप्रसाद काफ्ले तथा माता रुद्रकुमारी काफ्लेको कोखबाट दोलखा जिल्लाको जफे–झुले भन्ने गाउँमा भएको थियो । जहाँ गाउँका रमणीय स्थान—डाँडा काँडा, खोला नाला, भिर पहरा, नदी जंगल—आम ग्रामीण वातावरणमा बाल्यकाल रमाउँदै बितेको हो । त्यही वातावरणमा उहाँले घर, परिवार र समुदायमा भइरहने आपसी सेवा, सहयोग, मान–सम्मान, दया–धर्म र मायालु प्रभावबाट जीवनका पहिलो पाठ सिक्दै हुर्कनु भयो ।

मेरी आमाको जन्मको प्रसंग पनि निकै रोचक र अनौठो बनेको रहेछ । आमा भन्दा जेठो दाइ बितेपछि मेरो आमाको जन्म भएको अरे । उती बेलामा सधैं छोरी भन्दा छोराको चाहना धेरै हुने समाज थियो । त्यसैमा पनि छोरा बितेपछि गर्भमा रहेको सन्तान छोरो नै हुन सक्छ भनेर चिना टिप्पन बनाएर राखिएको थियो तर बालक त छोरी पो जन्मिइछन् । यो कुरा मुवा हुँदै पनि हामीलाई ठूली–साहिली आमाले भन्नुहुन्थ्यो ।

यो कुरा हाम्रो पारिवारिक जमघट हुने दशैं–तिहार आदिको बेलामा मामाहरूले पनि भन्ने गर्नुहुन्थ्यो । बालसुलभ खेलकुद सुरु भयो । बिस्तारै खेल्दै हिंड्ने भएपछि बालिकाले बेला–बेलामा (ती बितेको दाइको सर–सामान कतै राखिएको हुन्थ्यो, हजुरआमाले छोराको मायाले पिरले माथि बुईगलतिर) कलम, फुन्टिन, कापी, मुरली लगायत सामान वरिपरि राखेर बजाउने र हेर्दै खेल्ने गरेको रहेछ । अनि एक दिन मधुरो मुरलीको आवाज सुनेपछि हजुरआमा "लौ न... के हो ? के बज्यो ? कहाँ हो मेरा बाबु?" भन्दै आवाज आएको तिर जानु भएछ । त्यहाँ त बच्चाले कलम, फुन्टिन, कापी, मुरली राखेर मुरली फुकेर बजाएको पो रहेछ । अनि हो कि हो, छोरा नै छोरी भएर आइछन् भन्ने भयो अरे ।

पण्डितको घरमा लेखापढी सधैं हुने नै भयो । त्यसपछि यो बालिकाले पढ्ने रहर गरेको देखेर हजुरबा–हजुरआमाले लेखपढ गराओस् भनी मनसाय राखी नेपाली वर्णमालाका अक्षर चिनाइ,

कौमुदी, रुद्री आदि पढ्न सिकाई शिक्षाको लागि आज्ञा दिनु भयो अरे । अध्ययन प्रतिको रुचि बढेकाले हजुरबाले श्रीमद्भागवत गीता, पुराणहरू, रामायण आदि अध्ययन गराई शिक्षित बनाइ ब्यासआसनमा राखेर श्रीमद्भागवत, महारामायण, महापुराणका कथा समेत वाचन गर्न लगाउनु भएको थियो । मुवाको माइतीघरमा सधैं पूजा–पाठ, शास्त्र अध्ययन र हरेक तिथि–पर्वमा विभिन्न संस्कारका कर्महरू भइरहने थिए । त्यसैले घरमा हामीलाई पनि मुवाले सानैदेखि पूजा–पाठ, धार्मिक अनुष्ठान, यज्ञ, भजन–कीर्तनमा सहभागी गराउँदै स्कुलको पढाइ गर्न तथा घरका कार्य र सामाजिक कार्यमा सेवा गर्न प्रेरित गर्नुहुन्थ्यो । संस्कृतका श्लोक र मन्त्रहरूको शाब्दिक अर्थ, शास्त्र तथा धार्मिक ग्रन्थहरूले उजागर गरेका यथार्थता र समाजलाई असल बाटोमा लैजाने तथा मानवीय हितका कार्यका बारेमा बताउनुहुन्थ्यो । असल संस्कार र राम्रो कर्मका बारेमा पनि विभिन्न व्रत–पर्वमा गाउँका दिदी–बहिनीलाई डाकी कथा सुनाउँदै ती व्रत र पर्व मनाउँदा हुने फाइदा, त्यसले दिने ज्ञान र शास्त्रले दिएका मूल्य र मान्यता साथै सामाजिक हितका महत्त्वका बारेमा चर्चा गर्दै ज्ञान बाँड्ने गर्नुहुन्थ्यो ।

उती बेलामा छोरीलाई पढाउने चलन थिएन । तर मेरो आमाले पिताज्यूबाट घरमै अध्ययन गरेको हुनाले हजुरबाले यस छोरीलाई पण्डित बनाउने इच्छा गर्नु भएको थियो अरे । तर हजुरआमाले भने राम्रो बर–घर खोजेर छोरीको विवाह गर्नैपर्छ भन्नु भएको थियो । अनि मेरो आमाको घरमा विवाहको प्रस्ताव आएको रहेछ । वि.सं. २०१८ सालमा मेरो आमा र बुबाको विवाह भएको रहेछ । त्यसपछि पारिवारिक नयाँ जीवनको शुरुआत श्रीमानको पाइला सँगसँगै जिरीको भन्डार, वेठीस्वाँरा, सिक्रिको कुँडार हुँदै मानेडाँडा–हाटडाँडा, चरिकोट, काठमाडौंको नयाँ बानेश्वर आदि विभिन्न स्थानमा रहेर जीवनका अनेकौं उकाली–ओरालीका मोड, हरेक चरण पार गर्दै आउनु भयो । यसरी विभिन्न चरण र स्थानमा बिताएको समयमा बच्चाहरूको जन्म, हुर्काइ–पालन, पढाइ–लेखाइ, खेती–पाती, पाहुना–पाछा, वस्तुभाउ, घाँस–पात, मेलापर्व, पारिवारिक तथा सामाजिक जीवनयापनका संघर्षमय समय हाम्रो आमा र बुबाले हातेमालो गरी धेरै चुनौतीको सामना गर्दै तिनलाई पार गर्दै अगाडि बढ्नुभयो । उहाँले आफ्नो परिवारको आवश्यकता र भविष्यलाई सधैं पहिलो प्राथमिकतामा राखी शिक्षा आर्जन गर्नुपर्छ भन्ने मान्यताले हामी दुई छोरी र दुई छोरालाई उच्च शिक्षासम्म पढाउनुभयो । यो उहाँहरूले शिक्षा नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो भन्ने विषयमा बनेको उदाहरण हो भन्ने मलाई लाग्छ । साथै उहाँहरूले शिक्षालाई घर–परिवारदेखि गाउँ–समाजसम्म लैजाने र पुर्‍याउन सेवा समेत दिनुभयो ।

उहाँको जीवनशैली हेर्दा एक अभिभावकले केवल माया, ममता, लालन–पालन र सुरक्षा मात्र नभई प्रेरणा र जीवनका उच्च मूल्य र मान्यताहरूको ज्ञान पनि दिन्थ्यो । गाउँदेखि सहरसम्मको लामो यात्रामा आमाको जीवन आफ्नो परिवारप्रति मात्र समर्पित नभई समुदाय, छर–छिमेकमा पनि एक असल र सहयोगी पात्रको रूपमा पहिचान बनाउनु भएको थियो ।

बाल्यकालमा माइतीघरमा गरेको अध्ययनले जीवनको पछिल्लो समयमा अध्यात्म–शास्त्र अध्ययन गर्न आमालाई थप मद्दत गर्यो । यसैले उहाँले धार्मिक ग्रन्थहरूसँग झन् गहिरो सम्बन्ध स्थापित गर्नुभयो । छोरा–छोरी तथा परिवारका सदस्यहरू कामको सिलसिलामा घरबाट टाढा रहँदा, कुनै बखत घरमा एक्लै हुँदा पनि जीवनको एकान्त क्षणमा उहाँ अध्ययन गर्न र परमात्माको साक्षात्कार पाउनका लागि ध्यान गर्न रमाउनु हुन्थ्यो । आमाको असल व्यक्तित्व, जीवनशैली र पारिवारिक उत्थानका लागि गरिएको आर्थिक तथा सामाजिक संघर्षले हाम्रो परिवारलाई धेरै बलियो बनायो । जीवनका हरेक परिस्थितिमा धैर्य र सकारात्मक सोच राखी अघि बढ्नुपर्छ भन्ने ज्ञान उहाँले सिकाउनुभयो ।

मेरा बुबा स्व. युवराज उपाध्यायले वि.सं. २०१७ सालमा स्थापना भएको जिरी प्राथमिक विद्यालयमा संस्थापककालीन प्रथम शिक्षक भएर अध्यापन कार्य गर्नुभएको व्यहोरा सम्पूर्ण जिरीबासीलाई थाहा भएको कुरा हो । त्यसै समयमा, एकै दिनका लागि भए पनि मेरी आमा दिलाश्वरी उपाध्यायले जिरीको मध्य भागमा रहेको सो विद्यालयको प्राङ्गणमा साना–साना बालबालिकालाई ...क', ...ख', ...रा' पढाउनुभएको रहेछ । आफू पनि साक्षर भएकी हुनाले ती साना नानीहरूले आकार र मात्राको उच्चारण गर्न तथा लेखाइमा अक्षरका मात्राहरू नजानेको देखेर देवनागरी लिपिका नेपाली वर्णमालाका अक्षरहरू सिकाउनुभएको थियो । जसमा स्वर वर्ण—अ, आ, इ, ई, उ आदि र व्यञ्जन वर्ण—क, ख, ग, घ, ङ आदिलाई सुरुदेखि नै सही र राम्रो उच्चारण तथा लेखाइको विधिबारे ज्ञान दिन आवश्यक छ भनेर ...क', ...का', ...कि', ...की' राम्रोसँग भन्न सिकाउँदै, 'क' लाई 'ा' आकार-'का' हुन्छ, ...क' लाई बायाँ मात्रा 'ि'-'कि' हुन्छ, ...क' लाई 'ु' उकार—'कु' हुन्छ भन्ने गरी सबै मात्राहरू सिकाउनुभएको थियो । यस्तै गरेर अरू मात्राहरूका बारेमा पनि सिकाइ दिनुभएको थियो । एकै दिनको समयमा गरिएको सो कार्यबाट के शिक्षा प्राप्त हुन्छ भने—अवधि थोरै भए पनि एकै बसाइमा आफूले जानेको ज्ञान र सीपलाई सही रूपमा अरूलाई बाँड्न, दिन र सिकाउनै पर्छ भन्ने यथार्थता स्पष्ट हुन्छ । यो कुरा सानो लागे पनि यसबाट शिक्षाको महत्त्व अत्यन्त ठुलो हुन्छ भन्ने कुरा मेरी आमाले बुझ्नुभएको रहेछ, जसले

हामीलाई गौरव दिलाउँछ ।

आमाको जीवनको पछिल्लो चरण आध्यात्मिक शास्त्र अध्ययन, मनन–चिन्तनमा समर्पित रह्यो । उहाँले यस भौतिक संसारका विविध पक्षप्रति आफूलाई विमुख गर्दै जान थाल्नुभयो । आत्मज्ञान, तत्त्वज्ञान, परमार्थ–चिन्तन र अध्ययनबाट जीवनको शान्ति प्राप्त गर्ने माध्यम अपनाउनुभयो र हामीलाई पनि सिकाइ रहनुभयो ।

**आमाले दिएका गीताका प्रेरणादायी श्लोकहरू:**

- **कर्म गर, फलको आशा नगर:** यसले जिम्मेवार र इमानदार हुन प्रेरित गर्दछ ।
- **सत्कर्म गर:** राम्रो कर्म गर, यसले संसारलाई सकारात्मक दृष्टिकोणले हेर्न र परोपकारी बन्न प्रेरणा दिन्छ ।
- **सत्य ज्ञानको खोजी गर:** सत्य ज्ञानले नै जीवन सरल, सहज र उच्च बनाउँछ ।

हाम्रो आमालाई आन्द्राको क्यान्सर रोग भएको थाहा पाउँदा उहाँका चार सन्तान-हामी खेमराज उपाध्याय, ज्योति उपाध्याय, देवेन्द्र उपाध्याय, तारा उपाध्यायमाथि दोस्रो ठुलो बज्रपात पर्यो, किनकि बुबा पहिले नै बितिसक्नुभएको थियो । बुबा–आमाको न्यानो माया–ममताको छत्र छायाँबाट विधिको विधानले छिट्टै टुहुरो बनाउने खेल रचेको रहेछ । त्यस प्राणघातक रोगबाट उहाँलाई बचाउन हामीलाई ठुलो चुनौती आइपरेको थियो । दाजु र भाइले डाक्टरको सल्लाहमा धेरै लामो समयसम्म औषधि तथा उपचार गराउनुभयो तर केही सिप लागेन । हाय! यो विधाताले रचेको मायावी संसार, समयको खेल, विधिको विधान- क्यान्सर रोग भनेर थाहा पाइएपछि २२औँ दिनमा, वि.सं. २०६७सालको भाद्र महिनाको जनैपूर्णिमाको पर्सिपल्ट द्वितीया तिथिमा हाम्रो आमाले हामीलाई सबै चार सन्तानलाई छोडेर परमधाम जानुभयो ।

आमाको असल व्यक्तित्व र आमाले दिनुभएको जीवन जिउने शैली, धार्मिक तथा नैतिक ज्ञान, बुद्धि–विवेक तथा उहाँले दिएको अर्ति–उपदेशले गर्दा हरेक परिस्थितिमा धैर्य धारण गर्ने क्षमता हामीलाई प्राप्त भएको रहेछ । शोकलाई शक्तिमा बदलेर अगाडि बढ्ने प्रेरणालाई शिरोपर गरी हामी चारै जना सन्तान आजसम्म जीवन कुशल–मंगल भई रहेका छौं ।

आमाको स्वर्गवास भएपछि हामीले उहाँको अनुपस्थितिमा उहाँका मूल्य र मान्यता तथा उहाँले दिएको शिक्षा र ज्ञानलाई समेट्दै हाम्रो जीवनलाई अघि बढाउने प्रयास गरिरहेछौं । माता–पिताको माया, ममता, प्रेरणा र समर्पण हाम्रो जीवनमा सदैव जीवित रहिरहेछ। यो शरीरभरी उहाँहरूको जीवनधारा बनेर धड्किरहेको छ हरेक पल । आमाको जीवनभरिका योगदान र संघर्षले हामी सन्तानलाई सबैभन्दा ठुलो शिक्षा दिएको छ, जसले हामीलाई मार्गदर्शन गरिरहेछ ।

# कर्मथलो

## छन्दः शार्दूलविक्रीडित



**सावित्री खड्का**
**पूर्व विद्यार्थी, जिरी मावि**

घोकेको कपुरी कले प्रथमका विद्या विधायी भयौं
मात्रा बारखरी पढौं अब भनी त्यै दूर दौडी गयौं
झोला भित्र किताब हर्ष मनमा आकाशका ती शशी
भर्थ्यो दैनिक सोचले कलममा कालो र नीलो मसी
।।१।।

आज्ञा पालक सानु बालक बनी कर्तव्य कर्ता पनि
विद्या बुद्धि दुबै यसै सबलका भण्डार हाम्रा भनी
विद्यार्थी सहजै कडा नियममा सोद्धेश्य यस्तो थियो
माटोमा मलिलो र ऊर्वर सबै निर्माण आफ्नै थियो
।।२।।

हाम्रै यो कृषि विज्ञता पनि थियो माटो चिनेका थियौं
माटोमाथि सुहाउँदो बिजनका खेती गरेका थियौं
ती उत्पादन पोटिला र रसिला मीठो थियो स्वादिलो
बारी खेत फराकिलो जति थियो पाखो जहाँ पारिलो
।।३।।

आफैंले पशु पाल्नु पर्दछ भनी शिक्षा प्रयोगात्मक
सोर्थ्यौं गोबर हातले दिनदिनै हो सत्यता सार्थक
आम्दानी पनि हुन्छ लाग्नुछ छिटो पाल्दा ठुला बङ्गुर
विद्या बुद्धिसँगै थियो विषयको आदर्श भन्दा पर
।।४।।

गाई फाम थिए दही अनि मही छुर्पी बनायो कति
नौनी चीज र सेरकेम महिका मीठा परीकार ती
प्रारब्धी भनु या त पौरख भरी फोर्थे पहाडी उठी
ती चट्टान कडा तथापि सजिलै उक्लेर जान्थे जुटी
।।५।।

यस्तो यन्त्र कहाँ थियो र सजिलो घोटेर औंलाहरू
कोरिन्थे जति चित्र भित्र मनमा आफैं उभेका तरू
यी तस्वीर छ खिच्न मिल्छ अहिले गोजी भरी दृश्य छन्
यो भन्दा पहिले यही सदृशता ताजा अझै चित्र झन्
।।६।।

उठ्थ्यौंसाथ जुरुक्क कर्मथलमा ढिक्का कडा हौं बनी
दिन्थ्यौं हाँक बहादुरी प्रवलका सामर्थका छौं भनी
त्यस्तो भित्र थियौं बयान गरुँ के त्यस्तै थियौं एकता
देखाऊँ कसरी म भित्र छ अझै ती कोरिएका कथा
।।७।।


एकपल्ट आफूले दिएका आँसु पुछि दिएर त हेर, फेरि अरूलाई रूवाउन मन मान्दैन ।

लाग्ला पाप भनेर नैतिक भनी शिक्षा पढेका थियौं
झुट्टो बोल्न सकिन्छ के ? अमृतका वाणी पिएका थियौं
शिक्षा नैतिक ज्योति बाल्दछ बल्यो हामी उज्याला भयौं
आत्मा भित्र म देख्छु ईश्वर भनौं स्वर्गै तिमीले दियौं
।।८।।

हाम्रो सुद्ध विचार शक्ति प्रतिभा पोखेर माटो भरी
यस्ता वीजन होस् समग्र धरती फूल्कै बगैंचा सरी
फैलिन्थे शुभ बासना कुसुमका माटो थियो उर्वरा
हाम्रा पौरख हात कर्मपुरमा हामी बसेको धरा
।।९।।

आफ्नै देश सजाउने सुरभिता आए ज्युँदा भावना
हाम्रा ती कलिला सजीव मनले भर्दै नयाँ सिर्जना
हाम्रो सार्थ सुबोध जीवन भयो यो स्वर्गको भूमिमा
ऊर्जा उर्वर रोकिदैन प्रगुणी हामी पुग्यौं लक्ष्यमा
।।१०।।

**कसैसित पनि आफ्नो तुलना नगर्नुस । र कसैसित कुनै आशा नराख्नुस् ।**

# शिक्षक



केमिन कार्की
कक्षाः ५

शिक्षक र परिवार नै हो ठुलो,
शिक्षक भएनन् भने जीवन हुन्छ सुकेको कुलो ।
उहाँले हामीलाई पढाउनुभयो भन्दै एक, दुई, तीन,
सिकाउनुभयो हामी जस्तो सिँगानेलाई नमानी घिन ।
भन्नुभएन कहिल्यै पनि "पढाउँदिन यस्तालाई",
राम्ररी पढाउनुभयो भन्दै बहिनी–भाइ ।
राम्ररी पढाउनुहुन्छ सबैले बुझ्ने गरी,
बुझेन भने बुझाउनुहुन्छ घरी–घरी ।
बिरामी पर्यो भने अस्पताल लैजानुहुन्छ,
शिक्षकको माया देखेर जुनतारा नै चकित हुन्छ ।
शिक्षकले सोच्नुहुन्न हाम्रा बारे नराम्रो कुरा,
हामी त शिक्षकले सिकाएको सिकेर बस्ने भूरा ।
शिक्षक नै हो ठुलो यो संसारमा,
बिना शिक्षक हुन्छ जीवन अन्धकारमा ।

# मन



**ढाल बहादुर खडका**
**पूर्व शिक्षक**
**जिरी मा.वि.**

तनको कन्दरा भित्र लुकिछिपी अड्डा जमाएको,
भेटिन्न कतै पनि जरा जुरी छैन कतै समाएको ।
हुन्छ ज्ञानको उत्पत्ति र अज्ञानको पनि निरन्तर,
मन नै हो प्राणीको बदली रहने क्षणमा बारम्बार ।।

पापी जस्तो लाग्दछ क्षण क्षणमा पाप चिताउँछ,
धर्मी जस्तो लाग्दछ कहिले धर्ममा चित्त लगाउँछ ।
सत्यमा अडिग छ सक्दैन कहिले झुट बोल्नलाई,
यो मन कस्तो लबस्तरो क्षणमा सक्ने छल्नलाई ।।

असन्तोषी बन्दै कहिले पीडा दिने गर्दछ तनलाई,
निराकार बिचित्र तर किन हुन्छ कष्ट नयनलाई ।
पापको घडा टम्म हुने कहिले पापको बोझले गर्दा,
यो मन किन अस्थिर छ दुख सुखको कित्ता सर्दा ।।

ज्ञानको ज्ञान हो मान्यको पनि मान खुसी संसार,
कहिले अज्ञानको खाडलमा डुब्दा संसार भवसागर।
धनको कुवामा पौडी खेल्दै धनको पिछुवा बन्दछ,
कहिले यो मन एक चित्त सत्कर्मको भक्ति गर्दछ ।।

क्षणमा झुसी र क्षणमा निम्ठो स्थिर छैन कदापि,
कहिले हुने उदण्ड अहंकारी एक रत्ती दया नराखी ।
अधर्मी पनि बन्दछ कहिले कहिले ज्ञानको सरोबर,
यो मन कस्तो बिचित्र रहेछ तनको स्वस्थ धरोहर।।

एक थान मन सबमा हुने यो बिनाको जीव हुँदैन,
मन बिहिन ढुंगाहरूमा ममता हुन्न त्यसैले रुंदैन ।
चस्स दुख्छ मन कहिले कहिले हुन्छ खुसी अपार,
मन पनि उमेर संगसंगै परिवर्तन भैदिन्छ बारबार ।।

अटल मन कहिले चंचल हुने कहिले कस्तो कस्तो,
कहिले हुन्छ मनभारी गरुङ्गो कहिले कपास जस्तो ।
मनसँग मनलाई जोड्दै मन भरी सत्कर्म टम्म पारी,
सुखमय जिन्दगी जिउनु पर्दछ झुल्कालाई माया गरी ।

# पधेरीको पानी मीठो



**कमला खड्का**
**पूर्व विद्यार्थी, जिरी मावि**

पधेरीको पानी मीठो, गीत झ्याउरे भाका
पहाडेलाई राम्रो लाग्छ, आफ्नै डाँडा पाखा
गढेको छ मुटुभरि कैल्यै भुल्ने छैन
घुम्छु आफ्नै सेरोफेरो अन्त डुल्ने छैन
जहाँ गएनी पर्केर आउनेछु, यसै ठाउँमा पिरती लाउँनेछु ।

अग्ला अग्ला थुम्का डाँडा, सेतै हिउँका हिमाल
वसन्तमा पाखै भरि फुल्छन् गुराँस चिमाल
छहराले गीत गाउँदै झर्छन् ओरालीमा
चिसो चिसो हावा चल्छ भञ्ज्याङ देउरालीमा
उकाली र ओराली धाउनेछु, यसै ठाउँमा पिरती लाउँनेछु ।

विदेशका ठुला शहर घुमेर नि हेरेँ
नाम चलेका रेष्टुरेन्टमा स्वाद पनि फेरें
ठाउँ राम्रा नेपालकै इलाम, जिरी, घान्द्रुक
खाना मीठो आटो, ढिँडो, मस्यौरा र गुन्द्रुक
स्वार्गैसरी अन्त कहाँ पाउनेछु, यसै ठाउँमा पिरती लाउँनेछु ।

जन्मेँ, हुर्कें यही ठाउँमा ताते ताते गर्दै
बितिरा'छ जिन्दगानी दिनरात सर्दै
जन्मभूमि पवित्र यो भुल्ने छैन कहिले
किर्ति केही गर्ने मन छ मर्नु भन्दा पहिले
देशको मायाँ छपक्कै छाउनेछु, यसै ठाउँमा पिरती लाउँनेछु ।

सगरमाथा शिर हाम्रो विश्व चिनाउने
गौतमबद्ध यहि देशका शान्ति फिँजाउने
बहुल जाति, भाषा, धर्म नेपालीको शान
अनेकतामा एकता नै हाम्रो पहिचान
स्वदेशकै महिमा गाउँनेछु, यसै ठाउँमा पिरती लाउँनेछु ।

**** **** ****



# सडक दुर्घटना न्यूनीकरणका लागि नीतिगत र कार्यान्वयन तहमा गर्नैपर्ने कामहरू



ई. ज्ञान बहादुर कार्की
पूर्व विद्यार्थी, जिरी मा.वि.

नेपालमा सडक दुर्घटनाको अवस्था कहालीलाग्दो छ । गत पाँच वर्षको तथ्याङ्क हेर्दा सडक दुर्घटनाका कारण १२,५०० भन्दा बढीले ज्यान गुमाएका छन् भने सोही अवधिमा करिब ३०,००० गम्भीर घाइते भएका छन् । यस्ता दुर्घटनाबाट पीडित व्यक्ति तथा परिवारले भोग्नुपरेको दुःख, पीडा, मानसिक तनाव, साथै दुर्घटना पश्चात यसको व्यवस्थापनमा लाग्ने राज्यको स्रोत, साधन, समय र आर्थिक क्षतिको मूल्याङ्कन गरिसाध्य छैन ।

बारम्बार समाचारमा आई रहने ठुला सडक दुर्घटनाका कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा नै नेपालको मान–प्रतिष्ठामा आघात पुगिरहेको छ र पर्यटन प्रवर्द्धनमा समेत यसले गम्भीर असर पारिरहेको छ । यस विषयमा सरकारको गम्भीर ध्यानाकर्षण हुनु जरुरी छ ।

दुर्घटना आफैं हुने कुरा होइन, यो कुनै कारणले हुने हो । दुर्घटनाको कारण पत्ता लगाएर रोकथामको उपायलाई प्रभावकारी रूपमा अवलम्बन गर्न सकिएमा दुर्घटना रोक्न वा न्यूनीकरण गर्न अवश्य सम्भव छ । यस क्षेत्रमा अहिलेसम्म गरिएका कामहरू पर्याप्त र सन्तोषजनक छैनन् भन्ने कुरा बारम्बार आइरहने दुर्घटनाका समाचारबाटै पुष्टि हुन्छ ।

सडक दुर्घटना न्यूनीकरणका लागि नीतिगत र कार्यान्वयन तहमा गर्नुपर्ने मुख्य कामहरू

**क. संस्थागत र नीतिगत सुधारहरू**

- **अधिकार सम्पन्न सडक सुरक्षा परिषदको स्थापना**

हाल नेपालमा समग्र सडक सुरक्षा हेर्ने पूर्ण जिम्मेवारी राज्यको कुनै पनि निकायले लिन नसकेको अवस्था छ । विद्यमान राष्ट्रिय सडक सुरक्षा परिषद्ले अपर्याप्त ऐन, कानुन लगायतका कारणले प्रभावकारी रूपमा काम गर्न सकेको छैन । यस अवस्थामा सरकारले आवश्यक ऐन–कानुन सहित एउटा अधिकार सम्पन्न सडक सुरक्षा परिषद् निर्माण गरी केन्द्रदेखि स्थानीय तहसम्म हेर्ने भरपर्दो र शक्तिशाली संयन्त्रको निर्माण गर्नुपर्छ ।

- **सडक सुरक्षालाई राष्ट्रिय एजेन्डा बनाउने**

संघ वा प्रदेशको संसदमा वा कुनै पनि स्थानीय तहमा सडक सुरक्षाको एजेन्डामा छलफल हुने गरेको देखिँदैन । यसले गर्दा राज्यले दुर्घटनालाई सामान्य लिएको महसुस नागरिकमा भइरहेको छ ।

सडक दुर्घटना रोकथामलाई जनप्रतिनिधिहरूले सर्वोच्च चासोको विषय बनाई संघीय संरचनाको हरेक तहमा छलफलको अनिवार्य एजेन्डा बनाउनुपर्छ ।

- **अध्ययन र कार्ययोजनाहरूको कार्यान्वयन**

ठुला दुर्घटना पश्चात कार्यदल बनाएर अनुसन्धान गरिन्छ । यस्ता अध्ययनबाट प्राप्त अमूल्य सुझावहरूलाई सरकारले उपलब्धिका रूपमा लिएर कार्यान्वयन गर्नुपर्ने हो तर त्यो भएको छैन । साथै, सरकारी निकायबाट बनेका विभिन्न सडक सुरक्षाका कार्ययोजनाहरू राम्ररी कार्यान्वयन भएका छैनन् । यस विषयमा गम्भीर ध्यान दिनु जरुरी छ ।

**ख. सवारी र सवारी चालक व्यवस्थापनमा कडाइ**

- **सवारी चालक अनुमति पत्र वितरण व्यवस्थापन**

अनुमति पत्र वितरण गर्दा गैरजिम्मेवारीपूर्ण क्रियाकलाप हुने गरेको समाचारमा देखिन्छ । नक्कली लाइसेन्स प्राप्त गरी सवारी चलाउँदा दुर्घटनाको सम्भावना बढी हुन्छ । असक्षम व्यक्तिले गैरकानुनी तरिकाले अनुमति पत्र लिन सक्ने अवस्था रोक्नुपर्छ । वितरण प्रणालीलाई स्वच्छ, पारदर्शी र स्तरीय बनाउनुपर्छ ।

- **पुराना सवारी साधनको विस्थापन**

वर्षौं पुराना र जीर्ण सवारी साधनहरू चलिरहेका हुन्छन् । यिनीहरूको यान्त्रिक अवस्था अत्यन्तै कमजोर भएकाले दुर्घटनाको सम्भावना उच्च हुन्छ । यस्ता साधनलाई निश्चित अवधिपछि पूर्ण रूपमा हटाउने व्यवस्था कडाइका साथ लागू गर्नुपर्छ ।

- **अनिवार्य सवारी चेकजाँच प्रणाली**

ब्रेक नलाग्ने, साइड लाइट नबल्ने, टायर खिइएका सवारी साधनहरू चलिरहेका हुन्छन् । गाडी सडकमा लैजानुअघि अनिवार्य चेकजाँच गर्ने पद्धति बसाल्नुपर्छ । साथै निश्चित अन्तरालमा आधिकारिक निकायबाट अनुगमन गर्ने व्यवस्था गर्नुपर्छ ।

- **चालकको स्वास्थ्य मापदण्ड**

चालकको मानसिक तथा शारीरिक अवस्था ठीक नभएमा दुर्घटना हुन सक्छ । नियमित स्वास्थ्य परीक्षण, आँखा जाँच आदि अनिवार्य गर्नुपर्छ । योग्य भए मात्र सवारी चलाउन दिने व्यवस्था गर्नुपर्छ ।

- **चालकको काम गर्ने तथा आराम गर्ने समय**

लामो समयसम्म लगातार गाडी चलाउँदा थकाइ वा निद्रा लागेर दुर्घटना हुने अवस्था छ । श्रम ऐन अनुसार गाडी चलाउने अवधि, आराम गर्ने समय आदिको व्यवस्थामा कडाइ गर्नुपर्छ । चालकको ड्युटी अदल–बदल गर्ने व्यवस्था लागू गर्नुपर्छ ।

**ग. सडक संरचना र पूर्वाधार सुधार**

- **पहाडी सडकको सुरक्षा मापदण्ड**

पहाडी क्षेत्रमा बनेका सडकहरू प्रायः सुरक्षा मापदण्ड पुगेका हुँदैनन् । घुम्ती अपूर्ण, भिरालो वा

साँघुरा सडकमा गाडी चलाउँदा जोखिम हुन्छ । सम्बन्धित निकायले स्थानीय सरकारको उपस्थितिमा सडकको अवस्था परीक्षण गरी उपयुक्त भए मात्र गाडी चलाउन अनुमति दिनुपर्छ ।

- **सडकको नियमित मर्मत र नाला व्यवस्थापन**

कच्ची सडकमा पानी कटाउने नाला नभएको वा पुरिएको कारण सडक हिलो भएर दुर्घटना हुने गर्छ । नियमित अनुगमन र मर्मत सम्भार गरी यस्ता दुर्घटना कम गर्न सकिन्छ । स्थानीय तहलाई समेत समेट्ने स्थायी संयन्त्र बनाउनुपर्छ ।

- **सडक सुरक्षा संकेत र ब्यारियरको व्यवस्थापन**

सुरक्षा संकेत पर्याप्त छैनन् वा जीर्ण अवस्थामा छन् । आवश्यक ठाउँमा पर्याप्त संकेत र सेफ्टी ब्यारियर निर्माण गर्नुपर्छ ।

- **जेब्रा क्रसिङको मर्मत र थप व्यवस्था**

उपत्यका तथा अन्य शहरमा जेब्रा क्रसिङ पर्याप्त छैनन् । भएका पनि अस्पष्ट छन् । पैदल यात्रुहरू जथाभावी बाटो काट्दा दुर्घटनाको जोखिम बढ्छ । यसलाई सुधार गर्नुपर्छ ।

**घ. नियमको पालना र जनचेतना**

- **ट्राफिक नियममा कडाइ**

८० प्रतिशतभन्दा बढी दुर्घटना मापसे, तीव्र गति, मोबाइल प्रयोग तथा चालकको लापरवाहीका कारण हुने गरेको अध्ययनले देखाएको छ । ट्राफिक नियममा कडाइ गरी नियन्त्रण गर्नुपर्छ ।

- **ओभरलोड नियन्त्रण**

सवारी साधनमा तोकिएको भन्दा बढी यात्रु वा सामान राख्दा दुर्घटनाको जोखिम बढ्छ । यस्तो कार्यलाई कडाइका साथ नियन्त्रण गर्नुपर्छ ।

- **नियमित तालिम र सचेतना**

चालकलाई निश्चित अन्तरालमा ट्राफिक ऐन, नियम, कानुन सम्बन्धी पुनर्ताजगी तालिम दिनुपर्छ । सुरक्षित ड्राइभिङ सम्बन्धी प्रशिक्षण दिनुपर्छ । साथै, नियम उल्लङ्घन गर्दा हुने सजायबारे सुसूचित गर्नुपर्छ । रेडियो तथा सञ्चार माध्यम प्रयोग गरी व्यापक सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

**निष्कर्ष:**

सडक दुर्घटना रोकथाम गर्न राज्यको तर्फबाट गर्नुपर्ने कामहरू धेरै छन् । आवश्यक ऐन–कानुनको तर्जुमा गरी उल्लेखित विषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा दुर्घटना पूर्ण रूपमा रोक्न सकिन्छ अथवा रोक्न नसके पनि न्यूनीकरण गर्न अवश्य सम्भव छ ।



# फर्केर हेर्दा, जिरी स्कुल



**ढाकाकुमार बस्नेत**
**पूर्व विद्यार्थी तथा शिक्षक,**
**जिरी मावि**

मुलुकको राजधानी काठमाडौँदेखि १९० कि.मी उत्तरपूर्वी दिशामा अवस्थित रहेको छ मेरो कर्णप्रिय जिरी स्कुल । पर्यटकीय नगरी जिरीको मुटुमा शान,मान र गौरवका साथ अनवरत ज्ञानको ज्योति पुञ्ज फैलाइ रहेको जिल्लाकै अग्रणी संस्था हो यो विद्यालय । स्थापनाको समयदेखि नै दोलखा र रामेछाप जिल्लाका अधिकांश स्थानहरूमा यस स्कुलले गहिरो शैक्षिक प्रभाव पारिरहेको थियो । तत्कालीन समयमा आजको जस्तो यत्रतत्र विद्यालयहरू थिएनन् । रामेछाप जिल्लाको कैलेश्वर नि.मा.वि. साविक गुप्तेश्वरबाट निमा.वि. तह पूरा गरेपछि मा.वि तहमा भर्ना हुनु थियो मलाई । बुबा-आमाको रोजाईमा सिद्देश्वर मा.वि. भण्डार र शारदा मा.वि ठोसे मध्य एक थिए तर मलाई ती स्कुलहरूमा पढ्न इच्छा नै थिएन । आजसम्म थाहा छैन, सायद जिरीको प्राकृतिक सुन्दर हरियाली डाँडाहरूको बीचमा रहर लाग्दा साना दुईवटा जिरी र सिक्री उपत्यकाहरू,पूर्वाधारको विकास तथा कुशल शैक्षिक नेतृत्वका कारण लोभिएको हुँदो हुँ म । तसर्थ शैक्षिक सत्र सुरु भएको तीन महिनापछि घरदेखि भागेर आई जिरी स्कुलको ८ कक्षामा भर्ना भई अध्ययन सुरु गरेको हुँ । यसरी मेरो कलिलो बाल मस्तिष्कले जिरी स्कुल छनौट गर्न पुगेको हुँ । यस स्कुलको लक्ष्य तथा उद्देश्य जिवन उपयोगी शिक्षा प्रदान गर्नु भएकोले समुद्र रुपी स्कुलमा मलाई पनि डुबुल्की मार्ने अवसर मिलेको हुँदो हो । स्कुल छनौटको निर्णय सही साबित भयो, किनकि मेरो जीवन यात्रामा जिरी स्कुल केवल एउटा शैक्षिक संस्था मात्र होइन, आत्म पहिचान बन्ने मार्ग, सपना जाग्ने थलो र नैतिक मूल्यहरू अङ्कुरिने उद्गमस्थल पनि थियो । वि.सं. २०४१ देखि २०४४ सम्मको त्यो छोटो तर गहिरो अवधि आज पनि मेरो स्मृतिमा यति ताजा र जीवित छ कि आँखा चिम्लिँदा पनि हरेक कक्षा, साथी, शिक्षक र विद्यालयको वातावरण झन् जीवन्त भएर आईरहन्छ ।

जिरीको चिसो हावा, बिहानको कफी जस्तै मिठास बोकेका कुहिरा, रङ्गीन एवम् हरियाली पहाडहरूको पाखामा नुहाइ रहेका सूर्यका किरण र विद्यालय जाने फराकिलो बाटो यी सबैले मेरो किशोरावस्थाको प्रत्येक दिनलाई जीवन्त बनाइ दिएका थिए । म बिहानै डेराबाट निस्किन्थेँ र विद्यालयसम्म पुग्दा मनमा एउटा अनौठो जिज्ञासा र उत्साह हुन्थ्यो । आज के के नयाँ कुरा सिकिन्छ ? कुन शिक्षकको

प्रेरक भनाइ सुन्न पाइन्छ ? कुन साथीहरूसँग नयाँ सम्झना बन्नेछ ? आदि । जिरी स्कुलको मुख्य भवन उति ठुलो थिएन तर त्यसले बोकेको शैक्षिक शक्ति निकै विशाल थियो । स्कुलको प्राङ्गणमा पोखिएका बाल्य हाँसोका साथ हाजिरी गरी कक्षा कोठामा छिर्नु अघि शिक्षकहरूले दिएको बग्रेल्ती जिवनोपयोगी सुझाव यी सबैले बिस्तारै मेरो व्यक्तित्व गढाइदिन्छ भन्ने मैले त्यसवेला बुझेको थिइनँ । तर आज बुझ्दैछु त्यही वातावरणले नै मलाई जिवनभर टेवा पुर्‍याउने अनुशासन, आदर्श र स्वप्नहरू रोपी दिएको हुँदो हो ।

जिरी स्कुलका आदरणीय गुरुहरू मेरा लागि प्रेरणाका दीपहरू हुनुहुन्थ्यो । यस स्कुलका गुरुहरू मेरा लागि केवल पढाउने पात्र मात्र हुनुहुन्नथ्यो, वहाँहरू जीवनबोध, मूल्यबोध र सही मार्गदर्शन दिने अभिभावक हुनुहुन्थ्यो । ईन्द्रवहादुर खड्का सरको अनुशासित शैलीले समयको मूल्य बुझायो ।परशुराम खड्का सरको मिठो प्रस्तुतीकरण र भाषिक दक्षताले पढाइलाई मनोरञ्जनसँग जोडिदियो । सुमन कृष्ण जिरेल सरको विज्ञान शिक्षणले तथ्य तथ्याङ्क विश्लेषण गर्ने क्षमता विकास गरायो । साहित्यका अनुरागी टेकबहादुर जिरेल सरको सरल स्वभाव र गहिरो ज्ञानले आत्मविश्वास बढायो। प्रेमकुमार पाख्रिन, हरि बुढाथोकी लगायतका सरहरू सबैको शिक्षण पद्धति र जीवनदर्शनले सधैँ विनम्र, कर्तव्यनिष्ठ र मेहनती बन्न प्रेरित गर्यो । वहाँहरूले केवल पुस्तककै पाठ मात्र सिकाउनु भएन बरु जीवनमा आवश्यक अनुशासन, मानवीयता र जिम्मेवारीका मूल्यहरू रोपी दिनु भयो । आज म पछाडि फर्केर हेर्दा बुझ्दै छु जिरी स्कुलको शिक्षण शैलीले नै म भित्रको मार्गदर्शक चरित्र निर्माण गरेको रहेछ ।

सन्तोष जिरेल, बुद्धिमान पाख्रिन, गुमवहादुर के.सी, अमृत सापकोटा, दोर्जी शेर्पा, इन्द्र सुनुवार, दीपा खड्का, रीता खड्का, धनवहादुर खत्री, धनवहादुर जिरेल, सुरेन्द्र श्रेष्ठ, जयन्ती प्रधान, लामाकाजी शेर्पा, बृषा श्रेष्ठ, गणवहादुर जिरेल, वाङछु शेर्पा लगायत थुप्रै हामी सहपाठीहरू बीच शैक्षिक उपलब्धिका लागि सहकार्य र प्रतिस्पर्धा गर्दै खेलेको हमेसा स्मृतिमा आउँछ मलाई । यस क्रममा वि.सं. २०४४ को प्रवेशिका परीक्षा मेरो जीवनको पहिलो ठुलो परीक्षा थियो । पढाइ सामग्री सीमित, स्रोतहरू कम तर शिक्षकहरूको निरन्तर साथ, अपारमाया र उत्प्रेरणा, आफ्नै लगनशीलता सङ्घर्ष र मेहनतको फलस्वरूप मैले दोस्रो श्रेणी सहित प्रवेशिका परीक्षा उत्तीर्ण गरेँ । नतिजा आएको दिन मेरो विश्वास, साहस र क्षमतामा नयाँ उज्यालो थियो । तसर्थ जिरी स्कुलले दिएको मूल्यमान्यता मेरो लागि सबैभन्दा ठुलो र जीवन बुझ्ने दृष्टि साबित भयो । ज्ञान मात्रै होइन, चरित्र हो मुख्य । सिकाइका लागि गल्ती गर्न नडराउने, बुझेर बोल्ने, आदर गर्ने, अनुशासनमा रहने यी सबै गुण त्यही पहाडको काखमा बसेर प्राप्त गरेका अनुभूतिहरू हुन मेरा ।

समयसँगै जिरीबाट सुरु भएको शैक्षिक यात्रा महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिचन्द्र बहुमुखी क्याम्पस, रानीपोखरी र त्रिभुवन विश्व विद्यालय, कीर्तिपुरसम्म पुग्यो । स्नातकोत्तर शिक्षा पूरा गरेपछि

मनमा एउटा सपना उब्जियो जहाँबाट ज्ञानको पहिलो ज्योति भेटेको थिएँ, त्यही समाजलाई फर्काउनु पर्छ । त्यही प्रेरणाले म पुनः जिरी फर्किएँ र वि.सं. २०५८ सालको श्रावणदेखि २०७२ सालको भाद्र महिनासम्म उच्च माध्यमिक तहमा अध्यापन कार्यमा समर्पित भएँ । यस बीचमा ई.टि.सी तालिम केन्द्र धुलिखेलको आर्थिक सहयोगमा सञ्चालित प्राथमिक शिक्षा शिक्षक तालिम कार्यक्रममा प्रशिक्षकको जिम्मेवारी समेत प्राप्त भयो मलाई । केशवकुमार कार्की, हरिराम खड्का र मैले जिल्ला शिक्षा कार्यालय दोलखाको आर्थिक सहयोगमा सञ्चालन भएका दर्जनौ तालिम कार्यक्रमहरू समेत सफलतापूर्वक सम्पन्न गरेका थियौँ । विद्यालयमा शैक्षिक सुधारका लागि सामूहिक प्रयास गर्दै गर्दा विव्यसले निर्णय गरी विद्यालयको स्वर्णमहोत्सवको अवसरमा मात्र प्रदान गरिएको उपाधी विद्यालय शिक्षक (TEACHER OF a School ) बाट सम्मानित भएँ । त्यसैगरी कर्मथलोमा रहँदा प्रधानाध्यापकहरू परशुराम खड्का, टेकवहादुर जिरेल र केशवकुमार कार्कीबाट व्यवस्थापनका कौसलताहरू हासिल भए । कृष्णप्रसाद रिमाल, बज्रमोहनप्रसाद गुप्ता, कुमार जिरेल, असोक भट्टराई, असिम रेग्मी, तेजमणि पोख्रेल, कुमार खड्का, शम्भु खनाल, केदारमणि अर्याल, नेत्र श्रेष्ठ, प्रेमराज पन्त, केन्द्रज्योति खड्का, लगायतका हामी सहकर्मीहरू बीच भएका सहकार्य, आदरभाव, ख्यालठट्टा र छेडखानीले गर्दा अहिलेसम्म मुस्कुराउन बिर्सेको छैन मैले ।

विव्यसको सक्रियता, जिम्मेवार अभिभावक र लगनशील तथा अनुशासित विद्यार्थीहरू पनि मेरा लागि प्रेरणाका स्रोत बनेका हुँदा हुन् । स्कुलको विशाल मैदानमा भलिबल, फुटबल, खो-खो, कबड्डी जस्ता खेल खेलाउँदा होस् अर्थात् कक्षा कोठामा शिक्षण गर्दा नै किन नहोस् ती हजारौँ विद्यार्थीहरूको आँखामा उठ्ने उत्साहले मलाई पटक-पटक जिरीको बालक बनाइ दिने गरेको हुँदो हो । तसर्थ आज म जहाँ छु, जति आत्मबल छ, जति अनुशासन छ सबैको मूल जिरी स्कुल नै हो । अन्त्यमा, चीन सरकारको आर्थिक सहयोगमा आधुनिक तथा सुविधा सम्पन्न सपनाको विद्यालय भवन, पर्याप्त कक्षा कोठाहरू, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, शिक्षक आवास गृह, छात्रावास लगायतका भौतिक संरचनाहरू निर्माण गरी हस्तान्तरण समेत भई सकेको हुँदा चीन सरकारप्रति कृतज्ञ भै स्कुलको शैक्षिक , आर्थिक र सामाजिक विकासका खातिर समेत सरोकारवाला पक्षहरूसँग हातेमालो गरी यस क्षेत्रकै भरपर्दो शैक्षिक संस्थाको रूपमा विकास गर्न विव्यस अध्यक्ष केशवकुमार कार्की र प्रधानाध्यापक कुमार जिरेलको नेतृत्वदायी पहलकदमी रहन्छ भन्ने विश्वास छ मलाई । साथै विद्यालयको ६५औं वार्षिकोत्सव तथा अभिभावक दिवसको सफलताको कामना सहित विद्यालयको सुन्दर शैक्षिक भविष्यको कामना गर्दछु ।

# Music and Songs, the Breath of Life



**- DB Jirel Ravi**
Former Student & English teacher,
Jiri Sec. School

Music and songs have accompanied humanity since its origins, shaping culture, faith, and identity. They serve not only as entertainment but also as vehicles for expressing emotions, preserving history, and building community.

Early humans drew inspiration from natural sounds like birdsong, flowing water, and rhythmic drumming on wood or stone. Songs were tied to rituals, storytelling, and survival practices. In ancient Egypt, Greece, and Rome, music became more structured; the Greeks believed it shaped the soul and integrated it into education, religious ceremonies, theater, and public life. During the medieval era, church music dominated, especially Gregorian chants, which conveyed theology and worship through melody-a pattern echoed in Buddhist, Hin-du, and Islamic traditions. After the Renaissance and Baroque periods, songs grew more complex, blending po-etry and harmony to reflect both spiritual devotion and human creativity. Today, music is integral to life, flour-ishing across genres from folk and pop to country, reggae, rap, hip-hop, and gospel, evolving as tools for pro-test, identity, and global connection.

Songs express emotions like joy, grief, love, and hope, helping us process what words alone cannot. Folk songs preserve traditions, languages, and stories across generations. In worship, they unite communities in prayer and praise, bridging the human and the divine; collective singing in choirs, protests, or celebrations fosters solidarity and belonging. Songs act as living archives, recording history, struggles, and victories. Modern psychology and medicine use music to reduce stress, improve memory, and build resilience.

Songs are universal and timeless, transcending language and culture to affirm our shared humanity, whether in a Nepali village, a European cathedral, or an American stadium. Life invites us to view existence not as static but as a dynamic melody woven from harmony, dissonance, silence, and crescendo; it is performed, composed, and interpreted. Thus, life is the rhythm of a song, and vice versa.

Creation is often described in musical terms: the "Word" in biblical theology, "Om" in Hinduism and Bud-dhism. Each person carries a unique tune, with voices, choices, and stories forming melodies that interact, creat-ing harmony or tension in the tapestry of humanity. Humanity is a choir where individual notes blend into col-lective resonance. Rhythm—the pulse of life, heartbeat, circadian cycles, and breathing—sustains existence with order. Songs embody spiritual essence through worship, prayer, and meditation, mirroring divine and so-cial cadences in gatherings, festivals, work, rest, celebration, and mourning.

When life aligns with purpose, relationships flourish, and actions resonate with truth, harmony emerges as a sweet chord of peace. Dissonance, pain, conflict, uncertainty—is not failure but tension driving resolution, en-riching the eventual consonance, much like music reconciles self with others, humanity with creation, and hu-manity with God. Silence in music is space for reflection; in life, it allows us to hear God, conscience, and crea-tion. Crescendos of love, revelation, and sacrifice shape destiny. The Psalms urge, "Let everything that has breath praise the Lord" (Psalm 150:6), capturing rhythm as worship. Thinkers like Nietzsche called music the highest art, transcending logic to touch the soul. As he quotes,"Without music, life would be a mistake." To live well is to keep rhythm with justice, compassion, and truth.

Nepali music originated from folk traditions tied to agrarian life, religion, and nature, evolving through the Lichchhavi, Malla, and Shah eras, where temple music and classical forms like




Newar Dapha flourished. Early folk lyrics, such as Purbeli bhakas, featured soft melodies on love, nature, and somber reflections, passed orally among Gurungs, Sherpas, Tamangs, and Newars. Radio Nepal, from the mid-20th century, broadcast modern aadhunik geet in the 1970s by artists like Narayan Gopal and Kabita Ale, adapting ethnic tunes for national uni-ty. Gazals entered around 1890 via Motiram Bhatta, influenced by Sufi traditions; Seturam Shrestha pioneered recordings like the Newari ballad "Rajamati." Lyrics shifted from poetic depth in the 1980s-90s to simpler, catchy phrases with foreign influences in the 1990s band era. Genres like Tamang Selo now blend folk roots with remixes by artists such as Raju Lama. Today, Nepali music spans lok geet (folk), aadhunik geet, and shas-triya (classical), plus pop, rock, hip-hop, jazz, and reggae, reflecting cultural depth and evolution.

The song is not merely a metaphor for life, it is reality. Each person is both instrument and performer. To live deeply is to embrace rhythm, honor silence, resolve dissonance, and contribute to creation's harmony. The greatest song is one of praise, gratitude, and love, a melody transcending time into eternity. If life is a journey, then music is both the map and the melody, guiding us, reminding us, and giving beauty to the path. Life with-out music is like a lamp without oil; silent, dim, and unable to shine. But when songs fill it, the flame dances, and the darkness becomes light.

************

# A Childhood Shadow: My Story of Scolionophobia



**Shambhu Khanal**
English Teacher

When I look back at my early school days, I feel like I truly suffered from scolionophobia-a deep fear of going to school. This fear stayed with me until around grade four or five, but grades one and two were the hardest time for me.

Whenever my friends walked past our house and I heard their childish voices, my heart would start beating fast. Even when the morning sun rays slowly touched our doorway-our time indicator-I would feel scared. These things reminded me that school time was coming soon. And every time, I felt like running away-quietly, secret-ly, as if I wanted to disappear unseen.

Sometimes I hid inside the straw pile, as children do in villages. Sometimes I slipped into a bush or went to a neighbour's house, hoping they would let me hide for a while. If nothing worked, I would run upstairs to the dark corners, just to feel a little safe.

There were many mornings when I didn't know what to do except pretend that I was sick. I fooled my parents and even my elder brother several times, all because I didn't want to go to school. Those mornings felt heavy and scary. School didn't feel like a place for learning; it felt like something I needed to escape from.

Even today, I sometimes ask myself why I was so scared. And yes, I'll explain that too-but first, I want to give you the whole picture, so everything is clear.

Grade one was the time when everything was at its peak-the strongest, deepest fear I ever felt. When I look back on those days, I still remember how my teacher, Ms. Bina, pressed a pencil between my fingers as pun-ishment for not responding to her question properly. The pain was sharp and my fingers turned blue and swol-len.

As an effort to send me to the ghost's abode, I was 'lovingly' beaten by my

elder brother, and the headmaster once warned that he would drag me along the worn school path with a rope tied to my knees. All these things happened to me and sent me to school with no zeal; they only caused frustration. The scene resembled Shake-speare's "whining schoolboy, with his satchel and shining morning face, creeping like a snail."

Still, someone guided me toward school, and I now call it genuine guidance. It was my educated father-half a psychologist in his own simple way-who tempted me with chocolates, nuts, and biscuits, just like Thorndike's hungry cat learning through small rewards. Slowly, slowly, I began to walk toward school on my own.

As the sands of life slipped away, I became a teacher myself. Since then, for twenty years, I have carried those antique feelings inside me, and sometimes I see the same horror hidden in the corners of my students' minds-the fear of school along with the dislike of teachers, books, homework, and even the school bell-which is likely the reason behind their 'no' response toward school.

When you hear the word scolionophobia, you might think it is something very difficult or fancy. But really, it is simple-it is a strong fear of going to school. Imagine a child who suddenly holds their stomach or head the mo-ment you say "school." He or she can be scolionophobic. Some children cry as if their little hearts are breaking. Others pretend to be sick, making excuses faster than you can count. They may refuse to wear their uniform, hide in corners, or stare at the floor with trembling hands. Be sure they are not lazy-they are scared.

Children can fear school for many reasons. Sometimes it starts at home. Filial rows, shouting, money problems, or parents too busy to notice can make a child feel unsafe. Big changes, like moving to a new house or having a new sibling, can also make them more nervous. Other times, the fear grows at school. Bullying, strict teachers, too much homework, or subjects that seem too hard-like Maths or English-can make them anxious and worried. From my years of teaching, I have seen that these fears are real, even if adults think they are imaginary.

It is easy to notice a child with scolionophobia. Some refuse to go to school at all. Some lie about being sick

or make up excuses to stay home. Others hide in their room and avoid friends, teachers and parents and siblings too. Their fear may show as restlessness, sadness, or sleepless nights. Even a small fear can affect their learning, friendships, and happiness.

Parents and teachers can help children in simple ways. Give easy homework and praise every small success. Listen carefully to the child's fears. Make home and school safe and welcoming. Let the child go to school slowly, step by step. Encourage them to join games or fun activities and help them make friends. Keep simple routines for sleep, meals, and school. Never force the child. If the fear is very strong, ask a counsellor, teacher, or doctor for help. Reward effort, not only success. Patience and care are the most powerful tools.

From my experience of teaching for many years, I have seen something wonderful. Children who once feared school slowly become bold. Step by step, the scary school gate becomes normal. The child who once cried and grumbled every morning eventually walks to school with a happy smile. What once seemed frightening turns into a place of learning, friends, and joy. And then you realize that even the strongest fear can fade with love, care, reward, incentive, and understanding.



# नेपालमा बैदेशिक मुद्रा विनिमयदर



प्रेमराज पन्त
लेखा शिक्षक

नेपालले द्वैध विनिमय दर नीति अङ्गिकार गरेको छ । नेपालले भारत सँग स्थिर विनिमय दर निति लिएको छ भने अन्य परिवर्त्य मुद्रासँग परिवर्तनशील विनिमय दर प्रणाली अवलम्वन गरेको छ । नेपाली मुद्राको अन्य मुद्राहरु जस्तै :डलर, पाउण्ड स्टलिङ,जापनिज येन आदी सँगको विनिमय दर कति हुन्छ भन्ने कुरा भारतिय रुपैयाँको डलरसँगको दर र अन्य मुद्रासँगको दरमा निर्भर हुन्छ । जबकि भारतिय रुपैयाँको डलरसँगको विनिमय दर पुर्ण रुपमा बजार माग र पुर्तिमा आधारित हुन्छ । नेपाली मुद्राको डलरसँग र अन्य मुद्रासँगको दर भारतिय मुद्राको यि मुद्रासँगको दरमा आधारित हुन्छ ।

दुई फरक मुद्रालाई एक–अर्कासँग विनिमय गराउन निर्धारित दरलाई **विनिमय दर** भनिन्छ। अझ सरल भाषामा भन्दा, यो एक राष्ट्रको मुद्रालाई अर्को राष्ट्रको मुद्राको आधारमा गरिने मूल्याङ्कनलाई **विदेशी विनिमय दर** भनिन्छ।

नेपालले वर्तमान समयमा नेपाली रुपैयाँको भारतीय रुपैयाँसँग **स्थिर विनिमय दर** र परिवर्त्य विदेशी मुद्राहरूसँग **खुला बजार विनिमय दर प्रणाली** अवलम्बन गरेको छ। नेपालमा नेपाली रुपैयाँ र परिवर्त्य विदेशी मुद्राहरू बीचको विनिमय दर मुख्य रूपमा नेपाल राष्ट्र बैंकले निर्धारण गर्दछ।

नेपालको विदेशी विनिमय प्रणालीलाई निम्न दुई भागमा विभाजन गरिएको छः

**१. भारतीय मुद्रासँग स्थिर विनिमय दर (Pegged Exchange Rate with India)**

नेपालमा भारतीय रुपैयाँसँग स्थिर विनिमय दर निर्धारण गरिएको छ। हाल १ भारतीय रुपैयाँ बराबर १.६ नेपाली रुपैयाँ कायम गरिएको छ। नेरुको भारतीय रुपैयाँसँग स्थिर विनिमय दर वि.सं. २०१७ साल वैशाख १ गतेबाट लागू गरिएको हो। तर पछि गएर यो दरमा नौ पटक परिवर्तन गरिएको भए पनि वि.सं. २०४९ साल फागुन १ गतेदेखि हालसम्म भारतसँग स्थिर विनिमय दर कायम रहिआएको छ।

नेपालले भारतसँग स्थिर विनिमय दर कायम गर्नुका कारणहरू यस प्रकार छन्–

१. नेपालको भू–परिवेष्टित अवस्था

२. भारतसँग अधिक व्यापार निर्भरता

३. कमजोर निर्यात क्षमता

४. वैदेशिक लगानीकर्तालाई आकर्षित गर्न

**२. अन्य परिवर्त्य मुद्रासँग परिवर्तनशील विनिमय दर (Floating Exchange Rate to Other Convertible Currency)**

सन १९९३ मा भारतले बजार विनिमय दर प्रणाली लागू गरेपछि उत्पन्न परिस्थितिमा नेपालले वि.सं. २०४९ साल फागुन १ गतेदेखि परिवर्त्य विदेशी मुद्राहरूसँग खुला बजार प्रणाली अंगालेको छ। भारतीय मुद्रा बाहेक अन्य परिवर्त्य मुद्राहरू—जस्तैः अमेरिकी डलर, युरो, पाउण्ड, जापानी येन आदि—सँगको विनिमय दर बजारमा आधारित प्रणाली अनुसार निर्धारण गरिन्छ। नेपाल राष्ट्र बैंकले दैनिक रूपमा भारतीय मुद्राको अमेरिकी डलरसँगको विनिमय दरलाई हेरेर नेपाली मुद्राको विनिमय दर निर्धारण गर्दै आएको छ।

नेपालले भारतसँग स्थिर विनिमय दर नीति लिएको हुनाले भारतसँगको विनिमय दर सधैं स्थिर रहन्छ। नेपालको अन्तर्राष्ट्रिय व्यापारमा भारतसँगको हिस्सा ६३ प्रतिशत रहेको र नेपाल आयातमुखी कमजोर अर्थतन्त्र भएको कारण भारतसँग स्थिर विनिमय दर नीति लिएको हो।

नेपालले अन्य विदेशी मुद्रासँग कति विनिमय दर निर्धारण गर्छ भन्ने कुरा भारतीय रुपैयाँको अमेरिकी डलरसँगको विनिमय दरमा निर्भर गर्दछ। उदाहरणका लागि, यदि विनिमय बजारमा १ डलर बराबर रु.८० भारतीय रुपैयाँ कायम भयो भने नेपाली रुपैयाँको डलरसँगको विनिमय दर यसरी निर्धारण हुन्छः

USD/NPR = USD/INR × NPR/INR

= 80 × 1.6

= 128 NPR

खुला बजार प्रणाली अन्तर्गत वैदेशिक मुद्राको विनिमय दर निर्धारणका लागि अर्थशास्त्रका मुख्य तीन सिद्धान्तहरूको प्रयोग गरिन्छ, जुन यस प्रकार छन्—

**(क) Purchasing Power Parity (PPP) (खरिद शक्तिमा समानता)**

यस सिद्धान्तले दुई देशमा सामानको मूल्य समान हुनुपर्छ भन्छ। यदि भारतमा सामानको मूल्य बढी छ भने भारतीय मुद्रा कमजोर हुन्छ र सोही अनुसार नेपाली मुद्रा पनि कमजोर हुन्छ। उदाहरणका लागि, यदि भारतमा महँगी १०% ले बढ्यो तर अमेरिकामा ३% मात्र बढ्यो भने अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँको क्रय क्षमतामा ७% ले ह्रास आउँछ, जसले गर्दा अमेरिकी डलरको मूल्य ७% ले बढ्छ।

**(ख) Interest Rate Parity ब्याजदरमा हुने भिन्नता**

यदि भारतको ब्याजदर अमेरिकाको भन्दा बढी छ भने भारतमा विदेशी डलर बढी भित्रिन्छ, जसले गर्दा डलरको मूल्य घट्छ र भारतीय मुद्राको मूल्य बढ्छ।

**Forward Rate गणना सूत्र**

Forward Rate = Spot Rate × (1 + R(India)) ÷ (1 + R(US))

जहाँ,

- Forward Rate = आगामी वर्षमा हुने विनिमय दर
- Spot Rate = आजको विनिमय दर
- R(US) = अमेरिकाको ब्याजदर
- R(India) = भारतको ब्याजदर

उदाहरणका लागि, Spot Rate = १ डलर = रु.७०

अमेरिकामा ब्याजदर = २%

भारतमा ब्याजदर = ६%

अब,

$$\text{Forward Rate} = \text{Spot Rate} \times \frac{1+R\,R(US)}{1+(india)}$$

$$= 70 \times \frac{1+.02}{1+.06}$$

$$= 67.36$$

ब्याजदर बढी हुने राष्ट्र भारतको मुद्रा बलियो हुन्छ भने अमेरिकी डलरको मूल्य भविष्यमा घट्छ। अर्थात, आजको विनिमय दरबाट भविष्यमा विनिमय दर घट्नुको अर्थ डलरको मूल्य घट्नु हो, जसले डलर कमजोर भएको देखाउँछ।

### ३. वैदेशिक मुद्राको माग र पूर्तिमा आउने परिवर्तन

परिवर्तनशील विनिमय दर प्रणाली अनुसार विनिमय दरको निर्धारण वैदेशिक मुद्राको माग र पूर्तिको आधारमा गरिन्छ।

### वैदेशिक मुद्राको माग र विनिमय दर बीचको सम्बन्ध


वैदेशिक मुद्राको माग र विनिमय दर बीच विपरीत सम्बन्ध हुन्छ। विदेशी मुद्राको माग निम्न कारणले गरिन्छः

१) वस्तु तथा सेवा आयात गर्न

२) विदेशमा लगानी गर्न

३) अन्य राष्ट्रलाई ऋण प्रदान गर्न

वैदेशिक मुद्राको विनिमय दरमा वृद्धि हुँदा वैदेशिक मुद्राको मागमा कमी आउँछ भने विनिमय दरमा कमी आउँदा वैदेशिक मुद्राको मागमा वृद्धि हुन्छ। यसलाई निम्न रेखाचित्रबाट स्पष्ट गर्न सकिन्छ।





माथिको रेखाचित्रमा **X**अक्षमा वैदेशिक मुद्राको माग र **Y** अक्षमा वैदेशिक विनिमय दरलाइ मापन गरिएको छ। वैदेशिक मुद्राको मागको प्रतिनिधित्व गर्ने रेखा DD माथि बाँयाबाट तल दायाँतर्फ ओरालो लागेको छ, अर्थात् यसको झुकाव ऋणात्मक रहेको छ। यसले विनिमय दर र वैदेशिक मुद्राको मागबीच रहेको विपरीत सम्बन्धलाई देखाउँछ। रेखाचित्रमा विनिमय दर$OR_1$ हुँदा वैदेशिक मुद्राको माग $\mathbf{OQ_2}$ छ भने विनिमय दर $OR_2$ हुँदा वैदेशिक

मुद्राको माग घटेर $OQ_2$ भएको छ। यसले विनिमय दर र वैदेशिक मुद्राको मागबीच विपरीत सम्बन्ध हुन्छ भन्ने कुरालाई देखाउँछ।

### वैदेशिक मुद्राको पूर्ति र विनिमय दरबीचको सम्बन्ध


वैदेशिक मुद्राको आपूर्ति भनेको कुनै पनि देशमा वैदेशिक मुद्रा भित्रिनु हो। यसको आपूर्ति र विनिमय दरबीच धनात्मक सम्बन्ध हुन्छ। अर्थात, विनिमय दरमा वृद्धि हुँदा वैदेशिक मुद्राको पूर्ति बढ्छ भने विनिमय दरमा कमी आउँदा पूर्तिमा पनि कमी आउँछ। यसलाई निम्न रेखाचित्रबाट स्पष्ट पार्न सकिन्छ।




प्रस्तुत रेखाचित्रमा SS रेखाले वैदेशिक मुद्राको आपूर्तिलाई मापन गरेको छ । यसको धनात्मक झुकावले विनिमय दर र मुद्राको आपूर्तिको विचमा सुल्टो सम्वन्ध रहेको कुरालाई देखाउँदछ ।

### वैदेशिक विनिमय दरको निर्धारण

विदेशी विनिमय बजारमा वैदेशिक मुद्राको माग र पूर्तिबीचको अन्तरक्रियाबाट विनिमय दरको निर्धारण हुन्छ। अर्थात् बजार शक्ति—माग र पूर्ति, जसलाई अर्थशास्त्री एडम स्मिथले "अदृश्य हात" (Invisible Hand) भनेका छन्, त्यही शक्तिले विनिमय दर निर्धारण गर्छ।




प्रस्तुत रेखाचित्रमा विदेशी मुद्राको माग र आपूर्तिविच अन्तरक्रिया भइ विन्दु E मा माग र पूर्ति एक आपसमा बराबर भइ OP बराबर मूल्य निर्धारण भएको छ । अर्थात बजार शक्तिले नै विदेशी मुद्राको मूल्य निर्धारण गर्ने यस विधिलाई बजार दर प्रणाली भनिन्छ वा परिवर्तनशील दर प्रणाली पनि भनिन्छ ।

सैद्धान्तिक रूपमा विदेशी मुद्राको माग र पूर्तिको आधारमा विनिमय दर निर्धारण हुन्छ । तर यो किताबी कुरा नेपालमा लागू हुँदैन । नेपाली मुद्रा बलियो वा कमजोर हुने कुरा आर्थिक सिद्धान्तबाट निर्देशित छैन । नेपालको विदेशी मुद्राको विनिमय दर भारतीय रुपैयाँको स्थिति र उसको विदेशी मुद्रासँगको विनिमय दरमा आधारित हुन्छ किनभने नेपालले भारतसँग स्थिर विनिमय दरको प्रणाली अपनाएको छ ।

यसले गर्दा भारतीय रुपैयाँको डलरसँगको मूल्यमा हुने परिवर्तनको आधारमा नेपालमा डलरको मूल्य तलमाथि भइरहन्छ । अर्थविद्हरूका अनुसार, डलरसँग भारतीय रुपैयाँ कमजोर हुँदा नेपाली मुद्रा पनि डलरको तुलनामा कमजोर हुँदै गएको हो ।

नेपालको अन्य मुद्रासँगको विनिमय दर भारतीय रुपैयाँ र डलरबीचको तथा डलर र अन्य मुद्राबीचको मूल्यका आधारमा तय हुने भएकाले भारतीय अर्थतन्त्रसँग जोडिएका समस्याहरूले नेपालको अर्थतन्त्रमा पनि प्रभाव पार्छ ।

स्थिर विनिमय दरलाई हटाउनुपर्ने आवाज बेलाबेलामा मुखरित भए पनि उत्पादनमा वृद्धि गरी देश आत्मनिर्भर नहुँदासम्म अहिलेको अवस्थामा परिवर्तन गर्नु नेपालका लागि आत्मघाती सावित हुन सक्छ ।

# आँखीझ्यालबाट चिहाउँदा

**नवीन काफले**
**पूर्व विद्यार्थी**

झुले २, तामाकोसी गाउँपालिका दोलखा शिक्षाको उज्यालोबाट कुनै बालबालिकाले वञ्चित हुन नपरोस्, अन्धकार हटोस् । *तमसोमा ज्योतिर्गमय,* ज्योति मिलोस् । शिक्षा र स्वास्थ्य नागरिकको मौलिक अधिकार, राज्यको कर्तव्य, राष्ट्र उपलब्ध गराउने प्रथम दायित्व कर्म हो भनेर देशको मूल विधानमा पनि उल्लेख गरिएको भेटिन्छ ।

शिक्षाले जीवनलाई समुन्नत र चेतनशील जागरण प्रदान गर्दछ । शिक्षाको पहिलो खुट्किलो हामीलाई पालन–पोषण गर्ने आमाले दिलाएको हुन्छ । मुख्यतः आमाले नै जन्म दिने देखि मन चलाउने भाषा सिकाउने हुँदा बोलिने लबजलाई मातृभाषा भनेर चिनिन्छ । यसैको वरिपरि रहेर हामी विविध ज्ञानहरू सिक्दछौं । ती ज्ञान, कलाहरू, विद्याका कथाहरू, विज्ञान र अर्थव्यवस्थापनका गाथाहरू विद्यालय र विश्वविद्यालयमा धेरै वर्ष लगाएर सिक्दै जान्दछौं । यसैले शिक्षाको ठुलो भन्दा ठुलो महत्त्व छ ।

शिक्षा दिने, पढाउने शिक्षक–शिक्षिकाहरू हुनुहुन्छ, विद्यालयमा पठन–पाठन गराउनुहुन्छ । अरुले पढेको देखेर मैले पनि पढ्नुपर्छ भन्ने लाग्यो । "तँ तँ र म म" गर्ने स्कुल पढ्दा खासै मेहनत नगर्ने मेरो दाजु चिरञ्जीवी काफ्ले ढुङ्गे, लिङ्कन बजारको पूर्व छेउको चौरमा १५–२० बच्चाबच्चीहरू भेला गराएर पढाउन थालेपछि नजिकैको जिरी अस्पतालका डाक्टर सिंहले पनि दाजुलाई मानमर्यादा गर्न थालेका मैले देखें । ठुलो मानिसले पनि पढाउने फूच्चे केटो आफुभन्दा सानोलाई "तपाई" भनेर दिलदेखिनै आदर गरेपछि, शिक्षक बनेपछि तुरुन्तै मान खान पाइने रहेछ भनेर हिजोका दिनेहरूमा वेवास्ता गरेपनि ३ ब्याच सिनियर उनलाई मैले प्रतिस्पर्धी ठानेर पछि आफू पनि केही दिन भएपनि शिक्षक बन्न लागिपर्छु भन्ने मनमा गहिरो छाप लाग्यो ।

जिरी माध्यमिक विद्यालयबाट एस.एल.सी. दिएपछि प्यारा टाइफाइड भएर म टेकु अस्पताल काठमाडौंमा रहँदा यी.एम.डी. अध्ययनरत डाक्टर सिंह आएर भेट गरे, कुरुवालाई सल्लाह दिएर गए । पछि महाराजगञ्ज शिक्षण अस्पताल त्रि.वि. का डिन पनि बने ।


जीव विज्ञान अध्ययनसँगै मूल्य र मान्यतापरक शिक्षामा रुचि बढ्दै गएपछि हिन्दु विद्यापीठ, काठमाडौं; महेश गुरुकुल देवघाट, चितवन; विश्व निकेतन स्कुल, त्रिपुरेश्वर, काठमाडौं; एभिएम स्कुल, मानभवन; लिट्टिल एन्जेल्स स्कुल, हात्तीवन; ज्ञानोदय बालवाटिका, सानेपा; भानुभक्त मेमोरियल स्कुल, पानीपोखरी, काठमाडौं; डिपोट स्कुल, धरान—सर्वत्र

नैतिक शिक्षाको क्लास लिन जोडबलले लागेँ । शिक्षकमा दरिएँ, कनिकुथी उभिएँ, आखिर अनुशासित भएर केही गर्नुपर्छ भविष्यमा भनेर जीवन्त संस्कार विकास गर्ने सपना दिने जिरी माध्यमिक स्कुल हो ।

हाल वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरीमा मुख्य प्रशिक्षक भई विरामीहरू, डाक्टर, प्राध्यापक, नर्स र सर्वसाधारण जनहरूमा वार्ड, ओपीडीहरूमा योग, ध्यान, धारणा, प्रत्याहार, मुद्रा, प्राणायाम आदि मार्फत स्वस्थ रहन भूमिका निभाउने तथा मेडिकल विद्यार्थीहरूलाई योग सिकाउने योग शिक्षकको रूपमा कार्यरत छु । नैतिक शिक्षा (Value Based Education) मा योग सुनमा सुगन्ध जस्तै हो ।

जीवनको शुरुआती दिनहरूमा सुयोग्य शिक्षकहरू भएनन् भने बाटो अगाडि अल्मलिन्छ तर जिरी माध्यमिक विद्यालय यस्तो अब्बल शिक्षण संस्था रह्यो र वर्तमानमा पनि यो शैक्षिक केन्द्र नैतिक र गुणवान व्यक्तित्व निर्माण गर्न अहोरात्र कटिबद्ध छ । तपाईंहरू सबै जिरी माध्यमिक विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक र सम्पूर्ण शुभेच्छुक जनहरू र खटिने मुर्धन्य व्यक्तित्वहरू सबैमा मेरो सतत् नमन छ । मेरा गुरुवर्गहरूमा अपार श्रद्धा र हृदयप्रान्त प्रणाम अर्पण गर्न चाहन्छु ।

संगच्छत्वं संवदद्वं सम्वो मनांसि जानताम् .................. उत्तिष्ठत जाग्रत प्राप्य वरान्नि बोधत ।। Arise awake stop not till the goal is reached यत्तिनै ।



# जिरी भित्र लुकेको जिरेश्वरी महादेव मन्दिर



**पेमछिरी शेर्पा**
**नेपाली शिक्षक, जिरी मा.वि.**

नेपालको संघीय राजधानी काठमाडौंबाट १९० किलोमिटर पूर्वमा रहेको दोलखा जिल्लाको जिरी नगरपालिका समुद्री सतहबाट १६४९ मिटरदेखि ५३४१ मिटर सम्मको उचाइमा फैलिएको छ । जिरी नगरपालिकाले २११.२५ वर्ग कि.मी क्षेत्रफल ओगटेको छ । ९ वटा वडा रहेको जिरी नगरपालिका साविकको जिरी, माली, श्यामा र ठुलोपातल गा.वि.स समेटेर बनेको हो । राष्ट्रिय जनगणना २०७८ अनुसार जिरी नगरपालिकाको कुल जनसंख्या १६,१०१ रहेको छ । जसमध्ये ४८.५ प्रतिशत पुरुष र ५१.५ प्रतिशत महिला रहेका छन् भने कुल साक्षरता दर ७२.४ प्रतिशत रहेको छ ।

समुद्री सतहबाट १९५० मिटरको उचाइमा अवस्थित पर्यटकीय नगर जिरी अर्थात् सगरमाथाको प्रवेशद्वार लिङ्कन बजारदेखि सवारी साधनमार्फत १० मिनेट र पैदल यात्रा मार्फत ३० मिनेटमा पुग्न सकिने जिरी नगरको प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्य स्थल जिरेश्वरी मन्दिरको उत्पत्ति जिरीमा मानव बस्तीसँगै भएको भन्ने प्रमाण राष्ट्रिय अभिलेखालयको सन् १८६२ देखि १८८२ सम्मको अभिलेखमा पाइन्छ । प्राचीन कालमा मानिसहरूको धन सम्पत्ति भनेको पशु र जग्गा नै प्रमुख धनको रूपमा लिने चलन थियो । धेरै पहिला जिरी बस्तीका एक किसानको गाई चरणको क्रममा हरायो । गाई निकै दिनसम्म फेला नपरेपछि खोजीकार्य भयो । खोज्दै जाँदा उक्त गाई एउटा अनकन्टार पहाडमुनि कुण्ड जस्तो ठाउँमा दूध चुसीरहेको अलौकिक दृश्य देखियो । त्यस ठाउँमा केही सरसफाइ गर्दा कुण्ड र शिला फेला परे । त्यसपछि त्यस पुण्य भूमिमा पूजाआजा गर्दा सबैलाई फलिफाप भयो अनि जिरीको नामबाट जिरेश्वरी महादेव मन्दिर नामकरण गरियो । तत्पश्चात् जिरेश्वरी मन्दिर जिरी नगरको एक प्रमुख देवालयको रूपमा चिनिन थाल्यो ।

जिरी नगरपालिका वडा नं. ४ मा प्रसिद्ध जिरेश्वरी महादेवको मन्दिर अवस्थित छ भने, दोलखा



जिल्ला वैत्यश्वर गाउँपालिका वडा नं. ६ मा यस मन्दिरको गुठी समेत रहेको छ । वि.स. २०६२/६३ मा जिल्ला प्रशासन कार्यालय चरिकोट दोलखाको दर्ता नं. ५२७ मा दर्ता भएसँगै यस मन्दिरले वैधानिकता प्राप्त गरी कार्यसमिति गठन गरेको छ । कृषकको देवता भनेर चिनिने जिरेश्वरी महादेव मन्दिर जिरी नगरको सबैभन्दा नजिकको धार्मिक तथा पर्यटकीय स्थल हो । सानो खोलामाथि विशाल पहाडको ओडारमा रहेको यस मन्दिरमा नागको प्रतिमा स्थापना गरिएको छ । कञ्चन पानीको कलकल आवाजसहितको झरना र चराचुरुङ्गीको चिरबिराहटले मन लोभ्याउने यहाँको प्रमुख विशेषता हो ।

जिरेश्वरी महादेवको दर्शन गर्नाले मानवको मनोकामना पूरा हुने तथा अन्नपात एवं पशुपंक्षीको फलिफाप हुने धार्मिक विश्वास रहेको छ । नाग पञ्चमी र जनै पूर्णिमाको दिन यहाँ ठुलो मेला लाग्ने गर्छ । यसका साथै जिरेश्वरी मन्दिर जिरी घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको केन्द्रबिन्दु रहेको भए पनि यस पावन मन्दिर स्थानीय सरकार र सम्बन्धित व्यवसायीहरूले आवश्यक प्रचारप्रसार नगरेको कारण ओझेलमा परेको छ । यदि सम्बन्धित निकायले प्रचारप्रसार गरेमा थप पर्यटन प्रवर्द्धन हुने आशा गरिएको छ ।

# शैलुङ : प्राकृतिक, धार्मिक र सांस्कृतिक महत्त्वको अनुपम गन्तव्य



अनिशा कार्की
कक्षाः १२

नेपालको दोलखा जिल्लामा अवस्थित अत्यन्त आकर्षक पहाडी क्षेत्र शैलुङ प्राकृतिक सुन्दरता, धार्मिक महत्त्व र सांस्कृतिक विविधताका कारण धेरै लोकप्रिय बनेको छ। समुद्र सतहबाट करिब ३,१४५ मिटर उचाइमा रहेको शैलुङ विशेषगरी आफ्ना १०८ साना–ठुला थुम्काहरूका कारण चिनिन्छ। यी सबै थुम्काहरू एकसाथ हेर्दा अझै मनोहर देखिन्छ।

शैलुङबाट सूर्योदय र सूर्यास्त हेर्नु यहाँको मुख्य आकर्षण हो। बिहानको सूर्यकिरणले थुम्काहरूलाई सुनौलो बनाउँदा दृश्य अत्यन्त रमणीय देखिन्छ। हिउँदमा बादलले समुद्रजस्तो दृश्य प्रस्तुत गर्दा यसको पहिचान अझै रोचक हुन्छ। यहाँबाट गणेश, लाङटाङ, गौरीशङ्कर र सगरमाथा हिमालका दृश्य स्वच्छ र कञ्चन रूपमा अवलोकन गर्न सकिन्छ।

धार्मिक दृष्टिले पनि शैलुङ महत्त्वपूर्ण छ। यहाँको शैलुङेश्वर महादेवलाई विभिन्न स्थानीय संस्कार, पूजापाठ र चाडपर्वमा विशेष मेलाको रूपमा मनाइन्छ। धामी–झाँक्रीको कला प्रदर्शन यहाँको सांस्कृतिक विशेषता हो। त्यसैले शैलुङ प्राकृतिक मात्र नभई धार्मिक र सांस्कृतिक विविधताको धनी क्षेत्र हो। पर्यटकका लागि यो एक उत्कृष्ट हाइकिङ गन्तव्य हो। यातायातका साधन वा पैदल यात्राबाट सजिलै पुग्न सकिने स्वच्छ हावा, हरियाली र शान्त वातावरण यहाँको विशेषता हो।

शैलुङ उच्च पहाडी भूभागमा पर्ने भएकाले यहाँ टेरेस खेतीयोग्य जमिन छ। अग्ला रुख, जङ्गल र हिमालका दृश्यले पर्यटकलाई मोहित पार्छ। वसन्त र ग्रिष्म ऋतुमा हरियाली वन अत्यन्त रमणीय देखिन्छ, जसले शैलुङलाई अझ मनमोहक बनाउँछ। यहाँका खोला, खोल्सी र जलाशयले भूभागको सौन्दर्य बढाउँछन्। वनस्पति र जीवजन्तुले पनि यसको महत्त्व बढाएका छन्। वातावरण स्वच्छ र शान्त छ, तर यसको संरक्षण आवश्यक छ।

हालै निर्माण गरिएको **मिनिवाल**ले शैलुङलाई नयाँ आकर्षक थलो बनाएको छ। यहाँ ट्रेकिङ,




फोटोग्राफी, प्राकृतिक दृश्य अवलोकन र पर्वतीय अनुभवका लागि पर्यटक आउने गर्छन्। बिहानको घाममा चम्किएका थुम्का, बर्फानी टुप्पा र हरियालीले पर्यटकलाई मोहनी लगाउँछन्। यसले स्थानीय होटल व्यवसायलाई पनि प्रवर्द्धन गरेको छ।

शैलुङको प्राकृतिक सौन्दर्य, जैविक विविधता, सांस्कृतिक जीवनशैली, आर्थिक महत्त्व र पर्यटन मूल्यले यसलाई नेपालको अमूल्य सम्पदा बनाएको छ। हरियाली पर्वतीय जीवनशैली र सांस्कृतिक विविधताले हरेक आगन्तुकलाई प्राकृतिक तथा सांस्कृतिक अनुभूति गराउँछ।

नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण देश हो। हिमाल, तराई र उपत्यकाका विविध स्वरूपमध्ये शैलुङ क्षेत्र विशेष महत्त्व राख्छ। हरिया डाँडाकाँडा र चारैतिर देखिने दृश्यले प्रकृतिको अनुपम उपहारको अनुभूति गराउँछ। यहाँका बासिन्दा र संस्कृतिले अझ विशेष पहिचान बोकेको छ। शैलुङ प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक धार्मिक दृष्टिले नेपालको अमूल्य निधि हो। यसको हावापानी, वनजङ्गल र सांस्कृतिक जीवनले हरेक आगन्तुकलाई स्वर्गीय अनुभूति गराउँछ।

तसर्थ, शैलुङ महाभारत श्रेणीको अग्लो पहाडको रूपमा चिनिने नेपालको अमूल्य सम्पदा हो।

# किन जिरी माध्यमिक विद्यालय नै ?



तेन्जिङ्ग शेर्पा
कक्षाः ११

जिरीलाई "नेपालको स्विजरल्याण्ड" भनेर चिनिन्छ । नेपालकै अनुपम गन्तव्य जिरी आफैंमा प्राकृतिक, धार्मिक र सांस्कृतिक विविधताले भरिपूर्ण क्षेत्र हो । यहाँको प्रमुख विशेषताहरूमा हरियाली वन, खुला उपत्यका, हनुमन्ते, चेर्दुङ, ठूलीनागी जस्ता पहाड र हिमालका दृश्यले जिरीलाई स्विजरल्याण्ड जस्तै आकर्षक बनाउँछ । यहाँबाट च्छोरोल्पा श्रृङ्खला, गौरीशंकर हिमाल, नुम्बुर हिमाल लगायतका हिमश्रृङ्खलाहरू नजिकैबाट देखिन्छन् । मनमोहक मौसम, वर्षभर मध्यम चिसो र हिउँदमा हिउँ पर्ने भएकाले स्विजरल्याण्डको अनुभूति दिलाउँछ । कृषि र पशुपालनमा दुध, दही, चिज, छुर्पी, आलु, किबी, जडीबुटी उत्पादनमा जिरी अग्रणी छ । जिरीबाट एभरेष्ट बेस क्याम्प जाने पदमार्ग सुरु हुन्छ । जिरेल, शेर्पा, तामाङ, सुनुवार, ब्राह्मण, क्षेत्री लगायत जातिहरूको बसोबासले सांस्कृतिक रंगीनता थपेको छ । व्यवस्थित र सफा बस्ती, अनुशासित घरपरिवार र सफा वातावरणले जिरीलाई विशेष बनाएको छ । पर्यटक आकर्षणको केन्द्र जिरी उपत्यका, मोनास्ट्री, पाँचपोखरी, गुराँस पार्क, लौती झर्ना, ऐतिहासिक मन्दिर र गुम्बाहरूले जिरीलाई पर्यटनको केन्द्र बनाएका छन् । यहाँको हरियाली, स्वच्छता र प्राकृतिक सुन्दरता सिकाइका लागि उत्कृष्ट वातावरण प्रदान गर्छ ।

"Clean Jiri, Green Jiri, Organic Jiri" भन्ने नगरपालिकाको नाराले यहाँको सुरक्षित र स्वच्छ परिवेशलाई स्पष्ट देखाउँछ ।

मेरो घर दोलखाको गौरीशंकर गाउँपालिका–७, मार्बु हो । त्यहीँबाट मैले SEE पास गरेँ । SEE सकिएपछि उच्च गुणस्तरको शिक्षा, राम्रो वातावरण र भविष्य निर्माणका लागि उपयुक्त स्थान खोजिरहेको थिएँ । त्यही क्रममा मैले जिरी माध्यमिक विद्यालयबारे धेरै सकारात्मक कुरा सुनेँ—स्वच्छ वातावरण, गुणस्तरीय शिक्षा, सहयोगी शिक्षक तथा विद्यार्थीमैत्री वातावरण, र


आलोचनाबाट बच्ने उपाय हो, केही नगर्नु, कही नभन्नु र केही नबन्नु । एरिसटोटल



विज्ञान पढ्ने विद्यार्थीका लागि विशेष सुविधा । यही कारणले मैले कक्षा ११मा Science पढ्न जिरी माध्यमिक विद्यालय रोज्ने निर्णय गरेँ। जिरी माध्यमिक विद्यालयका विशेषता गुणस्तरीय शिक्षा, अनुभवी, दक्ष र विद्यार्थीमैत्री शिक्षकहरू छन् । हरेक वर्ष उत्कृष्ट शैक्षिक नतिजा निकाल्नु यसको प्रमाण हो ।विद्यार्थीका लागि निःशुल्क होस्टेल सुविधा दुर्गम गाउँबाट आउने विद्यार्थीलाई ठुलो राहत हो । आधुनिक भौतिक संरचना र प्रयोगशाला हालसालै निर्माण सम्पन्न गरिएको फराकिलो र सुरक्षित विद्यालय परिसर, विज्ञान, गणित, कम्प्युटर र सामाजिक विषयका प्रयोगशाला, पुस्तकालय तथा प्राविधिक कक्षाकोठाले शिक्षालाई प्रविधिमैत्री बनाएको छ। खेलकुदमा उत्कृष्टता विद्यालयमा फराकिलो खेल मैदान र आवश्यक पूर्वाधार छन् । फुटबल, भलिबल, एथलेटिक्स, ब्याडमिन्टन, बास्केटबल जस्ता खेलमा विद्यालयले जिल्ला र प्रदेशस्तरमा धेरै पुरस्कार जितेको छ। सांस्कृतिक र सामाजिक चेतना विद्यालयले विद्यार्थीलाई प्रकृति, संस्कार र समाजप्रतिको जिम्मेवारीबोध गराउने वातावरण सिर्जना गरेको छ।

निष्कर्ष जिरी माध्यमिक विद्यालय गुणस्तरीय शिक्षा, सकारात्मक वातावरण, अनुभवी शिक्षक, खेलकुदका अवसर र आधुनिक सुविधाले सम्पन्न एक उत्कृष्ट शैक्षिक केन्द्र हो। जिरीको प्राकृतिक र सांस्कृतिक पृष्ठभूमिले यस विद्यालयलाई अझ आकर्षक बनाएको छ। त्यसैले यो विद्यालय धेरै विद्यार्थी र अभिभावकको पहिलो रोजाइ बनेको छ ।

# Natural beauty of Jiri Nepal



**Muna Bhandari**
**Class 11**

Jiri, often called the "Switzerland of Nepal" is a place of immense natural beauty character-ized by its verdant, rolling hills, lush green terraced fields, and panoramic mountain vistas. Its charm is a captivating blond of Switzerland-like landscapes and rich Nepali culture with the added appeal of traditional villages, diverse agricultural lands, and a unique, Friendly environment that draws nature lovers and trekkers alike. This essay will explore the natural beauty of Jiri through its unique geography, its stunning views of the Himalayas, and its ecological diversity, while also touching upon the Cultural elements that enhance its appeal.

The defining feature of Jiri's natural landscape is its topography, which has earned it the nickname "Switzerland of Nepal. The region is a tapestry of green, with hills that are both gentle and grand, treating a visually pleasing Scene that changes with the seasons. During the monsoon, the terraced fields are vibrant green, but they take on different hues in other seasons, offering a constantly shifting and beautiful panorama. This Scenery is accentuated by clear rivers flowing through the valley and the imposing presence of the surrounding mountains, which provide a dramatic and awe-inspiring backdrop to the serene environ-ment.

Beyond the immediate valley, Jiri offers breathtaking views of the greater Himalayas from its points, trekkers can see major peaks like Mount Everest, Cho oyu, and Makalu, Show-casing the grandeur of the world's highest mountain range. These views are not just isolated vistas; they are part of an extensive and spectacular landscape that is a significant part of Ji-ri's appeal. The natural topography of the area, combined with the views of the distant peaks, offers trekkers and visitors a chance to connect with the raw beauty of the Himalayas.

The ecological diversity of the Jiri area adds another layer to its natural beauty. The region is home to variety of plant and

animal species, with bush rhododendron forests being a nota-ble feature. This rich biodiversity creates a vibrant and dynamic environment that is a pleas-ure to explore, whether through gentle nature walks or more challenging treks. Jiri is also home to a variety of birds and other wildlife, which adds to the rich tapestry of its ecosys-tems.

The surrounding countryside is a mix of forests, agricultural lands, and traditional villages that are integrated into the natural environment. The traditional wooden houses and pagoda style temples, characteristic of Nepali architecture, are nestled among the green hills and are a testament to the area's cultural heritage and the harmonious relationship between the warm local people and their environment. The visual appeal is further enhanced by the traditional farms, whose terraced fields follow the contours of the hills. The gentle, rolling hills and se-rene ambiance of the area of make it a perfect location for hiking and nature walks, allowing visitors to experience the full scope of Jiri's natural beauty up close.

While natural beauty is the main draw, it is enhanced by the cultural and social aspects of Jiri. The town is home to a diverse population of ethnic communities, and their traditional way of life and hospitality play a significant role in the experience of visiting Jiri. The warmth and friendliness of the local people make the town an inviting destination and add to the overall charm of the region. Visitors can explore local markets and find handmade crafts, traditional textiles, and local produce, which further connect them to the local culture and heritage.

In conclusion, Jiri's natural beauty is a multifaceted attraction, stemming from its beautiful and varied topography of rolling hills and terraced fields, its breathtaking views of the Him-alayas, and its rich and diverse ecosystems. The nickname "Switzerland of Nepal" is a fitting comparison, but Jiri also has its own unique charm a combination of stunning natural land-scapes and a rich Cultural heritage that make it a truly special destination. From the vibrant green of its valleys to the majestic peaks that frame its horizons, Jiri offers a captivating ex-perience for anyone seeking natural beauty and cultural richness. The integration of its physical landscape with the traditional way life of its people creates a harmonious and beau-tiful environment that continues to draw visitors from around the world.

# आमा



रामदेवी कार्की
कक्षाः ११ विज्ञान

सुन्नलाई दुई शब्दको सरल नेपाली शब्द हो 'आमा' तर वास्तविकतामा प्रत्येक कर्म, चरित्र अनि जीवनको आधार एक स्वार्थ विहीन नारीका रूपमा परिचित व्यक्ति हुन् आमा। आमाले व्यक्तिको जीवनमा आइपरेका प्रत्येक दुःख–सुख, कठिनाइ र हरेक कदममा साथ र मार्गदर्शन दिनुहुन्छ। जुन पुस्तक हामीले विद्यालयमा पढेर आफू महान् र बुद्धिमान् भएको महसुस गर्छौं, ती किताबका चहकिला पाना बिना पनि हामीलाई जीवन सिकाउने, हाम्रो जीवनको सुमार्गको प्रतिनिधित्व गर्ने व्यक्ति हुन् आमा।

जसले जे भने पनि, जे गरे पनि, आफैँले दुःख पाए पनि सरल, शान्त र अनुहारमा हल्का मधुर मुस्कान लिएकी, आफ्नो जीवनलाई मारेर भए पनि आफ्नो सन्तानलाई बचाउन आमा तल्लीन हुनुहुन्छ। घर–परिवारका प्रत्येक व्यक्तिलाई सन्तान मानेर तिनिहरूको ख्याल राख्ने, खानपान, सरसफाइ, कार्यालयीय कामकाज आदिमा सहयोग गर्नुहुन्छ। आफू काममा व्यस्त भए पनि आफ्नो सन्तानलाई प्रत्येक पल खुशी राख्नुलाई आफ्नो कर्तव्य ठान्नुहुन्छ। व्यस्ततामा पनि थकित नरहने, आफ्नो सम्पूर्ण अमूल्य समयलाई आफ्नो सन्तान र परिवारको व्यवस्थापनमा जुटिरहनु उहाँको प्रमुख कार्य हो।

जीवनका प्रत्येक कठिनाइको समयमा अविचलित रहन र समस्याको समाधान गर्न उहाँले सिकाउनुहुन्छ। हामीले जुन कुरा विद्यालय गएर सिक्दैनौं, त्यो कुरा आमाले घरमै सिकाउनुहुन्छ– समयको सदुपयोग गर्न, आर्थिक कार्यभार व्यवस्थित रूपमा सम्हाल्न, ज्ञान अरूलाई बाँड्न, सबैसँग मिलेर बस्न, शत्रुताभन्दा मित्रतालाई बढी प्राथमिकता दिन, आवश्यक परेको बेलामा सहयोग गर्न आमाले सिकाउनुहुन्छ। उहाँको साथ, सहयोग र आशिर्वादले सन्तानको मनोबल बढ्छ।

'आमा' शब्द सरल छ, तर यस शब्दको अर्थ महान् दार्शनिकले पनि ठिकसँग व्याख्या गर्न सकेका


एसएमएस जस्तो स्वाट्ट आउने र फ्याट्ट जाने कुरा नगर। कुरा गर त, चिठीजस्तो। ढिला आउने, पढिरहूँ लाग्ने।

छैनन्। आफूलाई सिध्याएर सन्तानको जीवन पूरा गर्न हरदम लागिरहने, आफ्नो अमूल्य समय र जीवन अवधि सन्तानका लागि समर्पित गर्ने व्यक्ति हुन् आमा। आमाले सामाजिक मूल्य–मान्यता, परम्परा, संस्कार, संस्कृति आफ्ना सन्तानलाई हस्तान्तरण गर्नुहुन्छ। आमा वास्तवमै धरती समान हुनुहुन्छ—परिवारलाई उज्यालो देखाउन आफैं जल्न, परिवारलाई जोड्नका लागि आफू पग्लिन



सक्नुहुन्छ आमा। त्यसैले उहाँ परिवारको सुख, समृद्धि र खुशियालीको प्रतिबिम्ब हुनुहुन्छ।

प्राचीन कालदेखि नै आमालाई घर जिम्मा लगाएर परिवारका अन्य सदस्यहरू कमाउनका लागि बाहिरिने प्रचलन हाम्रो समाजमा रहेको छ, जुन आज पनि जस्ताको त्यस्तै छ। आमाले सम्पूर्ण परिवारलाई जस्तोसुकै परिस्थितिमा पनि सुख र सफलता तर्फ अगाडि बढाउन प्रयत्न गरिरहनु हुन्छ। आमाले समाजको दृष्टिकोण बदलेर आफ्नो सन्तानलाई खुशी प्रदान गर्ने प्रयास गर्नुहुन्छ। उहाँ हरदम सन्तानको लागि र परिवारको खुशीको लागि लडिरहनु हुन्छ।

सबै परिवारमा आमा महान हुनुहुन्छ। आमा नभए परिवार विखण्डन तर्फ जान्छ। आमा भएको ठाउँमा प्रेम, आस्था र विश्वास हुने भएकाले परिवारमा सुमधुर सम्बन्ध निर्माण हुन्छ। आमाबिनाको जिन्दगी र आमा बिनाको संस्कार कहिल्यै पनि उच्च स्थानमा पुग्दैन। आमा एक धरती हुन्—जसरी धरती ढल्दा सम्पूर्ण जीवन विनाश हुन्छ, त्यसैगरी आमा विना सन्तानको जीवन अर्थहीन हुन्छ। त्यसैले 'आमा' भन्ने शब्दलाई सबैले गर्वका साथ भनौं, सदैव आमाको सम्मान गरौं। जय देश, जय नेपाल, जय आमा।

# छात्रवृत्तिले प्रदान गर्ने हौसला



सजना कार्की
कक्षाः १२

वि.सं.२०७३ सालमा जिरी मा.वि.मा भर्ना भएर कक्षा ४ मा अध्ययन गर्न आएको थिएँ। मेरो पढाइ पहिलेदेखिनै ठिकै थियो। त्यसैले मैले कक्षा ५ मा प्रथम स्थान हासिल गरेँ। सो अनुरूप जिरी मा.वि.ले पढाइको स्तर राम्रो भएका तथा आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई बढी जोड दिएर विभिन्न प्रकारका छात्रवृत्ति प्रदान गर्ने गरेको रहेछ तर मलाई थाहा थिएन। मैले कक्षा ५ मा प्रथम स्थान हासिल गरेको हुँदा करुणा स्मृति छात्रवृत्ति प्राप्त गर्न सफल भएँ। यो मेरो लागि अत्यन्तै खुशी र गर्वको क्षण थियो, जुन सदैव स्मरणीय रहनेछ। त्यसपछि यस पुरस्कारले मलाई आगामी दिनमा अझ राम्रो नतिजा प्राप्त गर्न हौसला जाग्यो।

जब म कक्षा ७ मा पढ्दै थिएँ, ऋषिकेश शिक्षामनभक संस्थाद्वारा छात्रवृत्ति वितरण हुने कुरा थाहा पाएँ। मेरो कक्षामा पढ्ने साथी सलिना कार्की थिइन्। उसको आर्थिक अवस्था मेरो भन्दा पनि कमजोर भएकाले मैले पाउने छात्रवृत्ति उसलाई प्रदान गर्न अनुरोध गर्दै कृष्ण प्रसाद रिमाल सरलाई भनेँ। उहाँले मलाई "अब हेरौँ, म भन्छु" भनेर आश्वासन दिनुभयो। त्यसपछि मलाई ऋषिकेश शिक्षामनभक संस्थाद्वारा प्रदान गरिने छात्रवृत्ति नै दिइयो भने मेरी साथी सलिनालाई अर्कै संस्थाद्वारा छात्रवृत्ति प्रदान गरियो।

मैले पाएको छात्रवृत्तिले मेरो जीवनमा ठूलो परिवर्तन भएको महसुस गरेँ। यसबाट ममा उत्साहको सञ्चार भयो। मलाई थाहा छ कि शिक्षा नै एउटा यस्तो सम्पत्ति हो जसको मूल्य नै हुँदैन, जुन अनमोल हुन्छ। यदि हामीले राम्रोसँग शिक्षा हासिल गरेछौँ भने मात्र जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छौँ।

मेरो शैक्षिक प्रगतिको श्रेय मेरा गुरुहरूलाई पनि जान्छ। उहाँहरूको निरन्तर मार्गदर्शन र कुशल शिक्षण कार्यले मलाई सदैव प्रगतितर्फ अगाडि बढ्न प्रेरणा दियो। गुरुहरूले हामीलाई केवल किताबी ज्ञान मात्र नभई जीवन उपयोगी ज्ञानहरू

पनि प्रदान गर्नुभयो। मैले गुरुबाट सिकेको मुख्य शिक्षा सधैँ राम्रो बाटोमा लाग्ने, सत्य र सदाचारको साथ हिंड्ने, पढेको कुरा जीवनमा उतार्ने र आफ्नो काम आफैँ गर्ने हो। गुरुको यही अमूल्य शिक्षा नै मेरो जीवनको आधार बनाउँदै आज म कक्षा १२ मा पुग्दा पनि छात्रवृत्ति पाउन सफल भएको छु, जुन मेरो लागि ठूलो गर्वको कुरा हो। म कक्षा ११ मा पनि प्रथम स्थान हासिल गर्न सफल भएँ, जुन मेरो निरन्तर परिश्रमको परिणाम हो।

कक्षा ११ मा उत्कृष्ट विद्यार्थीको रूपमा कार्तिक १७ गते श्री बहादुर न्यौपाने स्मृति पुरस्कारबाट म पुरस्कृत भएँ। पुरस्कार पाएपछि ममा अझ उत्साहको सञ्चार भयो। यस पुरस्कारले सम्मानित हुनु मेरो लागि अत्यन्तै गर्वको विषय थियो, जसले मलाई शैक्षिक मार्गमा अझ उन्नतिका पाइला कोर्न हौसला प्रदान गर्यो। त्यसैले म जिरी मा.वि.ले प्रदान गरेको छात्रवृत्ति, जुन मेरो लागि आर्थिक रकम मात्र नभई ऊर्जा स्रोत थियो, जसले मलाई सही बाटोमा हिंड्न प्रेरित गर्यो, त्यसका लागि जिरी मा.वि.प्रति आभारी छु र भविष्यमा मेहनत गरी अगाडि बढ्ने प्रतिज्ञा गर्दछु।

# गरिबी

**श्रेयांशा जिरेल**
**कक्षा: ७**

मान्छे ठान्दैनन् हामी गरिबलाई
बाच्नु पर्छ अरुको वचन खाई,
धिक्कार रहेछ गरिब हुनु
आकाश छुने सपना देखे पनि पर्दो रहेछ भुइँ छुनु।
मानिसको सबैभन्दा ठुलो शत्रु गरिबी
पैसा भए सबैजना हुँदा रहेछन् करिबी
छैनन् पराई भन्छन् तर
जहिल्यै धनीलाई मात्र गन्छन्।
गरिब हुनु पाप हो र ?
गरिबी भगवानले दिएको श्राप हो र ?
भन्छन् यहाँ धन भन्दा मन ठुलो,
धनीले ठान्छन् गरिबलाई खुट्टाको धुलो।
गरिबलाई पेट अघाउने खाना छैन,
धनी दिन्छन् कुकुरलाई
आफू मान्छे हो कि होइन भनि
सङ्का गर्नुपर्छ गरिबलाई
सबैभन्दा ठुलो मान्छेको मन
मन हुनलाई चाँहिदोरैछ पर्याप्त धन।

# सङ्घर्ष र सफलता



मिन्टु शेर्पा
कक्षा–९

जीवनमा सफलता प्राप्त गर्नको लागि निकै जाँगर र मिहिनेत चाहिन्छ। प्रत्येक मानवले आफ्नो लक्ष्य राख्दछ तर सबैले त्यस लक्ष्य प्राप्त गर्न सक्दैनन्। किनभने सफलता पाउनको लागि सङ्घर्ष चाहिन्छ। हामी कोही पनि एकैपटक सफल हुन सक्दैनौँ तर प्रयास भने सधैँ गरिराख्नुपर्छ। यदि बीचमै हार र हरेस नखाई अघि आफ्नो लक्ष्यमा सफलता पाउनको लागि निरन्तरता दिनुपर्छ अनि सधैँ सकारात्मक सोच र विचार राख्नुपर्छ।

व्यक्ति सफल हुनको लागि उसमा असल, इमान्दारिता, जिम्मेवारी, कर्तव्यबोध जस्ता गुण हुनुपर्छ साथै आफ्नो व्यवहार र बोलीबचन पनि राम्रो हुनुपर्छ। अनि आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गर्न सक्ने हुनुपर्छ। कुनै पनि विषयवस्तुमा उत्साह वा जिज्ञासा राख्नुपर्छ।

कुनै पनि फल फलाउनको लागि बिरुवा चाहिन्छ, त्यस बिरुवा हुर्कनको लागि आवश्यक मल, जल र अनुकूल वातावरण हुनुपर्छ। त्यसरी नै हामीले पनि सफलता प्राप्त गर्न जोस, जाँगर, सीप आदि चाहिन्छ र यसको जब जरुरत पर्छ हामीले त्यसलाई सही सदुपयोग गर्न सक्नुपर्छ। अर्को कुरा हामी अनुशासनमा रहन सक्नुपर्छ। सफलता प्राप्तिको लागि अनुशासन एकदमै महत्वपूर्ण नियम हो। तसर्थ हामी जुनकुनै ठाउँमा भएतापनि अनुशासित भएर बस्नुपर्छ। अन्य व्यक्तिको भन्दा फरक सोच राख्नुपर्छ, गलत सोच कहिल्यै पनि राख्नु हुँदैन। अरू व्यक्ति जस्तै बन्न खोज्ने होइन, अरु व्यक्तिभन्दा फरक बन्ने सोच र भावना राख्नुपर्छ।

"हुने बिरुवाको चिल्लो पात" भन्ने उखानबाट नै बुझिन्छ कि जो व्यक्ति बच्चादेखि नै मिहिनेत र परिश्रम गर्छ, त्यो व्यक्तिले नै भविष्यमा सफलता प्राप्त गर्छ। यही सफलताबाट हामीले मान, सम्मान, इज्जत सबै कुरा प्राप्त गर्छौँ।आफूचाहिँ केही नगरी बस्ने, अरुको प्रगतिप्रति डाहा र रिस गर्ने व्यक्तिहरूले गर्दा नै हाम्रो समाज पछाडि परेको हो।

हाम्रा जीवनमा धेरै दुःख, पीडा जस्ता उतारचढावहरू आइलाग्छन्। तैपनि हामी यी सबै कुराको सामना गरी अघि बढ्नुपर्छ। अर्को कुरा, विगतमा भएको

गल्तीहरूबाट पाठ सिकेर वर्तमानमा प्रगति गर्न सक्नु नै त्यो मानवको महानता हो। विगतका गल्तीहरूलाई स्वीकार गर्दै आफ्नो भविष्य उज्ज्वल बनाउन सक्नुपर्छ। तसर्थ हामीले जे गर्नु छ, वर्तमान समयमा नै गर्नुपर्छ। समयको सूचकलाई अत्यन्तै अनुसरण गर्नुपर्छ। वास्तवमा समय र खोला उस्तै हो—समय बितेपछि कहिल्यै ल्याउन सकिँदैन र बगेको खोला पनि कहिल्यै फर्कदैन भन्ने धारणा बोकेर हामीले आफ्नो लक्ष्यतर्फ सधैँ तल्लीन हुनुपर्छ।

कुनै पनि कुरा आफूले चाहेको जस्तो एकैपटक प्राप्त गर्न सकिँदैन, त्यसका लागि धेरै सङ्घर्ष गर्नुपर्छ अनि मात्र त्यसको महत्व थाहा पाउन सकिन्छ। एउटा भनाइ छ—"मिहिनेतको फल मिठो हुन्छ।" अनि सित्तैमा आएको फल सित्तैमा जान्छ। यसको अर्थ जुन व्यक्तिले सङ्घर्ष गर्छ, त्यो व्यक्ति सफल हुन्छ र जो व्यक्ति केही गर्दैन वा मिहिनेत गर्दैन, त्यो व्यक्ति जीवनमा जहिले पनि असफल हुन्छ।

जुन समाजले तिरस्कार गरेको छ, त्यो समाजको अगाडि प्रगति गरेर परिवर्तनको संवाहक बन्नुपर्छ। कतिपय अवस्थामा स्वयम् आफ्नै आँखाले देखेको कुराहरू पनि सत्य हुँदैनन्, त्यसैले त्यस्ता बकम्फुसे कुराहरूको पछाडि लागेर हामीले आफ्नो समय बर्बाद् बनाउनु हुँदैन। वास्तवमा जसरी केही चिज प्राप्त गर्नको लागि केही न केही कुराहरू गुमाउनु पर्छ, त्यसरी नै हामीले आफ्नो सपना र लक्ष्य हासिल गर्नको लागि निरन्तर प्रयासरत रहनुपर्छ। अर्थात् आफ्नो गन्तव्यमा पाइला टेकाउनको लागि आफ्नो पाउहरूलाई निरन्तर अगाडि बढाइराख्नुपर्छ। एक दिन अवश्य सफलताको शिखर चुम्न सकिन्छ।



# जिरी माध्यमिक विद्यालय, जिरी दोलखा

## छात्रवृत्ति वितरण २०८२ मंसिर २५ र २०८३ जेठ १६

| क्र.स. | छात्रवृत्तिको किसिम | कक्षा | विद्यार्थीको नामथर | मासिक रकम रु |
|---|---|---|---|---|
| १ | श्री हरिराम खडकाबाट (करुण स्मृति ट्रस्ट) प्रायोजित करुणा स्मृति छात्रवृत्ति | ५ | मनिका खाती | ५०० |
| २ | श्री अर्जुन कुमार बस्नेत, श्री रङ्ग बहादुर बस्नेत, श्री माधव कुमार बस्नेत, श्री सन्तोष बस्तेत लगायत परिवार बाट प्रायोजित खड्ग जगत गरिब तथा जेहेन्दार छात्रवृत्ति | ९ | प्रवेश जिरेल | ५०० |
| ३ | | ११ | अनिशा जिरेल | ५०० |
| ४ | | ७ | आयुष तामाङ | ५०० |
| ५ | | ३ | लकी शेर्पा | ५०० |
| ६ | | ७ | श्रीयांश जिरेल | ५०० |
| ७ | सुश्री शारदा खडकाबाट प्रायोजित नमस बहादुर चन्द्रकला स्मृति छात्रवृत्ति | ८ | सोनी शेर्पा | ५०० |
| ८ | | १२ | खेमराज बि क | ५०० |
| ९ | श्री खेमराज उपाध्यायबाट प्रायोजित युवराज स्मृति छात्रवृत्ति | ६ | एलिन पुन मगर | ५०० |
| १० | | ८ | निमाडोमा शेर्पा | ५०० |
| ११ | | ११ | करिस्मा कार्की | ५०० |
| १२ | | ७ | सुदीक्षा जिरेल | ५०० |
| १३ | संस्थापक श्री लिलाबहादुर कार्कीबाट प्रायोजित पदमकुमारी स्मृति छात्रा छात्रावृत्ति | ८ | रसिका राई | ५०० |
| १४ | | ११ | दाफुटी शेर्पा | ६०० |
| १५ | | ६ E | प्रतीक्षा खडका | ६०० |
| १६ | | ८ | रीता जिरेल | ६०० |
| १७ | | ९ | सेरेम सुनुवार | ६०० |
| १८ | | ६ | अनुस्का खत्री | ६०० |
| १९ | | ११ | भगवती जिरेल | ६०० |
| २० | | ११ | अनिसा बिक | ६०० |
| २१ | | ११ | रुमिता नेपाली | ६०० |
| २२ | | ११ | रीतामाया खत्री | ६०० |
| २३ | | ७ | रोजिना जिरेल | ६०० |
| २४ | | ९ | मिन्टु शेर्पा | ६०० |
| २५ | | ११ | रितमाया खत्री | ६०० |
| २६ | | १२ | याममाया जिरेल | ६०० |
| २७ | | १० | मेनुका जिरेल | ६०० |
| २८ | | ७ | सदीक्षा जिरेल | ६०० |

| | | | | |
|---|---|---|---|---|
| २९ | श्री चिरञ्जीवी पौडेल (महालक्ष्मी नपा) द्वारा प्रायोजित ईश्वरी भगवती पौडेल छात्रवृत्ति | ९ | संगम बस्नेत | ६०० |
| ३० | श्री बद्री प्रसाद गौतम, श्री ज्योति उपाध्यायबाट प्रायोजित युवराज दिलाश्वरी स्मृति छात्रवृत्ति | ७ | अप्सरा सुनुवार | ५०० |
| ३१ | | ६ | साहाना शेर्पा | ५०० |
| ३२ | श्री मरिज बहादुर खडकाबाट प्रायोजित नर्सिङ बहादुर नै नकला स्मृति छात्रवृत्ति | ८ | करिस्मा जिरेल | ५०० |
| ३३ | | ६ | इश्वरी खत्री | ५०० |
| ३४ | | ९ | देबबहादुर दर्लामी | ५०० |
| ३५ | | २ | स्वस्तीका नेपाली | ५०० |
| ३६ | श्री परशुराम खडका, श्रीमती बिन्दा खडका, श्री जगदीश खडका, श्रीमती मीना बिष्ट खडकाबाट प्रायोजित हरि तुलासा स्मृति छात्रवृत्ति | ५ | कृति बस्नेत | ५०० |
| ३७ | | २ | दिपिना जिरेल | ५०० |
| ३८ | | ७ | प्रतीक शेर्पा | ५०० |
| ३९ | | | हिमाल खाती | ५०० |
| ४० | श्री रिन्जीफुर्वा शेर्पाबाट प्रायोजित रिन्जीफुर्वा शेर्पा छात्रवृत्ति | ५ | कविराज राउत | ५०० |
| ४१ | सुश्री सावित्री खडकाबाट प्रायोजित सावित्री खडका वर्ष उत्कृष्ट छात्रवृत्ति | १० | रुपा जिरल | वार्षिक १०००० |
| ४२ | श्री इश्वरी न्यौपाने, श्रीमती कविता थापा न्यौपाने, श्रीमती सुशिला न्यौपाने र श्री प्रदीप बुढाथोकीबाट प्रायोजित श्रीप्रसाद न्यौपाने स्मृति छात्रावृत्ति | ११ | सजना कार्की | वार्षिक १०००० |
| ४३ | छात्रवृत्ति | ११ | मेनुका जिरेल | ५०० |
| ४४ | जोन आइची छात्रवृत्ति | ८ | नानुमाया जिरेल | |
| ४५ | | ९ | अमिस जिरेल | |
| ४६ | | ७ | आसिका जिरेल | |
| ४७ | कल्स ओवर रिजेज नेपालबाट प्रदान गरिने छात्रवृत्ति | १२ | सजना कार्की | २५०० |
| ४८ | | १२ | सजिना जिरेल | २५०० |
| ४९ | | ११ | सुजिता जिरेल | २५०० |
| ५० | | ११ | मनिसा जिरेल | २५०० |
| ५१ | | ११ | सरिता खडका | २५०० |
| ५२ | | ११ | आसिस सुनुवार | २५०० |
| ५३ | | ११ | दल बहादुर खत्री | २५०० |
| ५४ | | १० | गंङगा जिरेल | १५०० |
| ५५ | | ९ | ज्ञानमाया सुनुवार | १५०० |

# अभिभावकहरुको लागि

१, बेलुका ८:००बजे-सम्ममा टिभी बन्द गर्नुहोस् ! टिभिमा ८ बजे भन्दा पछाडि आफ्नो बच्चा भन्दा महत्त्वपूर्ण केही आउँदैन !

२. आफ्नो बच्चाको स्कुलको कापी किताब हेर्नको लागि ३०/४५ मिनेट समय निकाल्नुहोस् ! उसको गृहकार्य पूरा गराउनुहोस् !

३. दैनिकी सबै बिषयको कापी हेर्नुहोस उस बिषयको खास ध्यान दिनुहोस् जसमा उ राम्रो गरिरहेको छैन !

४. बच्चाको आधारभूत शिक्षा भबिष्यको लागि अति महत्त्वपूर्ण हुन्छ !

५. बच्चालाई रातको १० बजे सुत्न र बिहान ६ बजे उठ्नको लागि बानी बसाल्नुहोस !

६. यदि तपाईं कुनै पार्टी/सामाजिक कार्यमा बच्चाको साथमा जानुहुन्छ भने धैरै रातसम्म घर फर्कनुहुदैन भने भोलिपल्ट बच्चाहरूलाई आराम गर्न दिनुहोस् ( स्कुल नपठाउनुहोस् ) यदि तपाईं भोलि बच्चा स्कुल पठाउन चाहनुहुन्छ भने रातको १० बजेभित्र घर फर्कनुहोस् !

७. आफ्नो बच्चालाई बिरुवा लगाउन र उसलाई हेरचाह गर्नको लागि बानी बसाल्नुहोस् !

८. सुत्ने समय आफ्नो बच्चालाई पृथ्वीनारायण, भिमसेन,अम्बर सिंह थापा, बलभद्र कुँवर जस्ताको जीवनी गाथा सुनाउनुहोस् !

९. हरेक बर्ष गर्मी वा जाडोको छुट्टिमा (आफ्नो गक्ष अनुसार) कही घुमाउन लानुहोस यसले उनीहरुको भिन्दै मान्छेको साथ नंया ठाउँमा बस्न सिक्छन !

१०. आफ्नो बच्चाको प्रतिभाको पत्ता लगाउनुहोस ! र उसलाई तिखार्न सहायता गर्नुहोस् ! (बच्चा कुनै बिषय संगित, खेल, अभिनय, चित्रकला, नृत्य, आदिमा रुचि राख्न सक्छन् यसले उनीहरुको जीवन रमाइलो बनाउछ !

११. बच्चालाई प्लास्टिक प्रयोग नगर्नको लागि सिकाउनुहोस् ! तातो खाना र पानी प्लास्टिकमा प्रयोग नगर्नको लागि भन्नुहोस् !

१२. भान्साकोठामा खाना बनाउने समय जो यस्तो होस् बच्चाले मन पराउन ! उनीहरुलाई खाना बनाउनको लागि आफूलाई सहयोग गर्नको लागि भन्नुहोस् बच्चाहरुलाई राम्रो लाग्ने छ !

१३. प्रत्येक बच्चा जन्मँदा नै बैज्ञानिक हुन्छन् ! उनीहरु सँग धैरै प्रश्न हुन्छन् , यो सबै प्रश्नको जवाफ हामी दिन सक्छौं ! हामी सचेत हुनुपर्छ बच्चाको प्रश्नमा रिसाउनु हुँदैन ! उसको प्रश्नको जवाफ तुरुन्त दिनुहोस् जवाफ् थाहा छैनभने सोधपुछ गरेर दिनुहोस् !

१४. बच्चालाई अनुशासन र बाँच्नको लागि राम्रो तरिकाले भन्नुहोस् ( सही र गलत व्याख्या गर्नुहोस् )

१५. बच्चालाई भर्नाको लागि कुनै सर्बश्रेष्ठ स्कुल खोज्नुभन्दा सबैभन्दा राम्रो स्कुल त्यो हो जहाँ तपाईंको बजेटको लागि उपयुक्त छ ! भबिष्य हामीले छोराछोरीको पढाइको लागि अधिक पैसा खर्च गर्नुपर्ने हुन्छ ! त्यसैले पैसा बचाउनुहोस् यस्ता अरु खर्चिला स्कुलहरु पनि छन् त्यसैले घाँटी हेरी हाड निल्नुहोस् !

१६, बच्चालाई आफै पढ्न र सिक्ने बानी बसाल्नुहोस् !

१७, बच्चालाई मोबाइल फ़ोन प्रयोग गर्न नदिनुहोस्, आबश्यक हुँदा आफ्नो निग्रानिमा मोबाइल प्रयोग गर्न दिनुहोस् !

१८, बच्चालाई आफ्नो काममा सहायता गर्नको अघि भन्नुहोस् ! जस्तै खाना बनाउन, सरसफाइ गर्न, सामान ब्यबस्थित गरी राख्न सिकाउनुहोस् !

१९ र सबैभन्दा महत्त्वपूर्ण चिज हामीले आफ्नो बच्चालाई शिक्षा को साथमा राम्रो संस्कार पनि दिनुपर्छ ! ता कि उनीहरु जीवनमा सफ़ल र सही मानिस बन्न सकून !

हामीले आफ्नो अनुभवको आधारमा आफ्नो सन्तानको जीवनलाई सुन्दर र स्वास्थ्य राख्नलाई बच्चाको मद्दत गर्नुपर्छ ! यदि यो लेख अर्थपूर्ण छ भने।